ISSN 2091 2013

# हाम्रो पुरुषार्थ



किरण पुस्तकालय
तम्घास, गुल्मी

# हाम्रो पुरुषार्थ

(त्रैमासिक)

वर्ष : ४६ अङ्क : २ सम्पूर्णाङ्क : ८१ माघ-चैत, २०७५

**सम्पादक**

शशि पन्थी

**सह–सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भेषबहादुर कुँवर

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

## किरण पुस्तकालय

तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)

मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९

E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य : रु.५०/–

*कम्प्युटर सेटिङ् : ईश्वर वि.क. र विशाल श्रेष्ठ*

*मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी ०७९-५२०४५०*

*E-mail : spgulmi 33@yahoo.com*

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

## *काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**कृष्णप्रसाद भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## *रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## *पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०९०८

## *चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## *दाङ प्रतिनिधि*

**अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## *पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## *विदेश प्रतिनिधि*

**डा. मणिलाल शर्मोपाध्याय**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९११९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**हरिनारायण सापकोटा**
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

**सम्पादकीय**

# सावधान ! पृथ्वी तात्दै छ ।

- हिजो विकास थिएन, विनाश पनि थिएन । आज विकाससँगै विनाश पनि आएको छ । विकासको अर्थ हो - प्रसन्नता, प्रफुल्लता । मान्छे प्रसन्न हुनसक्ने वातावरण बनेमा विकास भएको हुन्छ । आज हामीसँग माता धरणी क्रुद्ध छन् । आज हामीसँग वायुदेवता र जलदेवता क्रुद्ध छन् । देवता रिसाएपछि आज हामी खिन्न छौं, त्रस्त छौं । आज पृथ्वी, वायु, जल, आकाश प्रदूषित बनेका छन् । तिनको आधारमा जीवन धारण गर्ने सबै पीडा र सन्त्रासमा छन् ।

- विज्ञान हामीलाई वरदान हो प्रकृतिको । हामी भस्मासुर बन्दैछौं, हामी धुन्धुकारी बन्दैछौं । हामीले सुख खोज्दै पृथ्वी उधारिरहेछौं । हामीले इन्धनहरू बालेर प्रतिदिन धुवाँ उडाइरहेछौं । हामीले वृक्षहरू फाँडिरहेछौं। हामीले वायु, जल र आकाशलाई दूषित पारिरहेछौं । विज्ञानका वरदानहरू हाम्रा लागि अभिशाप बन्दैछन् । हाम्री सुन्दर प्रकृति, हाम्री आधार धरा बिरूप र विकृत बन्दैछन् । जीवन दुरूह बन्दैछ धरतीमा ।

- यसै गरी इन्धनहरूको खपत विश्वमा भइरहेमा हाम्रो वायुमण्डल कार्बनले ढाकिनेछ । कार्बन हलाहल विष बनेर फैलिनेछ वायुमा । त्यस हलाहललाई पिएर शान्त पार्ने भगवान् नीलकण्ठ छैनन् अहिले । औद्योगिक राष्ट्रहरूले उत्पन्न गरेको हलाहलले हामीजस्तालाई डढाल्ने छ । वातावरण बिग्रँदै गएमा विश्वमै प्रभाव पर्नेछ । जलवायु परिवर्तनले मानवजाति नै संकटमा पर्नेछ ।

- विश्वमा यसरी नै कार्बन उत्सर्जन भइरह्यो भने यस शताब्दीको अन्तसम्म विश्वको तापक्रम ६.५ डिग्रीले बढ्नेछ । त्यसरी तापक्रम बढ्दा हिमालको दुई तिहाई हिउँ पग्लनेछ । हिमनदीहरू सुक्नेछन् । मौसमी चक्र र मनसुनलाई कुप्रभाव पर्नेछ । मरुभूमि बन्नेछन् - हराभरा फाँटहरू । भयावह हुनेछ स्थिति । दुरूह हुनेछ जीवन ।

- वैज्ञानिकहरूले भविष्यवाणी गरेका छन् । यस कुराले संसारलाई झस्काएको छ, सृष्टिलाई नै जिस्काएको छ । विकासको नाममा भस्मासुर नबनौं । आफूले बनाएको हलाहलबाट आफ्नै विनाश नडाकौं । कार्बन उत्सर्जनमा कटौती गरौं । यस सुन्दर धरतीको काखमा युगयुगसम्म मानवसन्तान रमाउन पाऊन् ।

-०००-

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | विचारविनाको साहित्य पंगु हुन्छ । | गिरिराज शर्मा | १ |
| २. | घर | डा.तुलसी भट्टराई | ५ |
| ३. | प्रदेश पाँच नम्बर | प्रा.डा. हिरण्यलाल ज्ञवाली | १५ |
| ५. | सङ्घीयतामा संस्कृत शिक्षा | नवराज पाण्डेय 'चातक' | १७ |
| ६. | घर, घाट र मान्छे | डा. कपिल लामिछाने | २२ |
| ७. | आस्तिक र नास्तिक : छलफल | उत्तरकुमार पराजुली | २३ |
| ८. | आनन्द रामायण र वाल्मीकि रामायण... | प्रा.डा. ऋषिराम पोखरेल | २७ |
| ९. | यो समयमा "त्यो समयको" चर्चा | धनराज गिरी | २९ |
| १०. | ज्योतिषशास्त्रको वैज्ञानिक आधार तथा... | प्रा. कपिल अज्ञात | ३२ |
| ११. | पुस्तकालयविज्ञानको सिद्धान्त | पुस्कर अथक रेग्मी | ४० |
| १२. | 'पछबरिया टोल' कथामा सीमान्तीयता | शिवशरण ज्ञवाली | ४३ |
| १३. | मनकामनामा भीभीआईपी सास्ती | विनोद नेपाल | ५२ |
| १४. | पद्य र गद्य कविता लेखन... | नेत्रनारायण शर्मा | ५७ |
| १५. | लालटिनको उज्यालोमा कृतिभित्रका ... | टंकप्रसाद पन्थ | ६२ |
| १६. | मुक्तक | ध्रुव सुमन | ६८ |
| १७. | श्री गोविन्दराज विनोदी र कैकेयी ... | पूर्णप्रसाद अधिकारी | ६९ |
| १८. | हाडहाडे/विष्णुपुर/न्युन्यर्क | डा. टेकराज पन्थी | ७८ |


**स्थायी स्तम्भहरू :**


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | पद्मप्रसाद शर्मा | १ |
| ३. | पुस्तकालय परिचय | भारद्वाज | ८१ |
| ४. | किरण पुस्तकालयको पातो | सचिव | ८३ |
| ५. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | ८४ |
| ६. | यताउताबाट | पुस्तकालय आवाज | ८८ |
| ७. | पाठक-प्रतिक्रिया | विशाल श्रेष्ठ | ९१ |


–ooo–

# विचारविनाको साहित्य पंगु हुन्छ ।



✍ **वरिष्ठ साहित्यकार गिरिराज शर्मा**

*(असी वसन्त पार गर्नुभएका वरिष्ठ साहित्यकार गिरिराज शर्मा विक्रमसम्वत् २०१२ सालदेखि साहित्यसाधनामा संलग्न हुनुहुन्छ । आठवटा कृतिका धनी गिरिराज शर्मा लामो समय शिक्षण पेशामा रहनुभयो भने अहिले पनि विभिन्न संघ-संस्थामा रहेर उत्तिकै सक्रिय जीवन बिताइरहनुभएको छ । शिक्षण पेशा, साहित्य-साधना र समाजसेवालाई एकसाथ अघि बढाइरहनुभएका अनुकरणीय व्यक्तित्व वरिष्ठ साहित्यकार गिरिराज शर्मासँग* ***'हाम्रो पुरुषार्थ'****का लागि दाङ निवासी साहित्यकार पद्मप्रसाद शर्माले गर्नुभएको कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ । -****सम्पादक****)*

**१. गिरिराज शर्माज्यू ! यहाँको जन्म कहाँ र कहिले भएको हो ?**

❑ धन्यवाद पद्मप्रसाद शर्माजी, सर्वप्रथम तपाईंलगायत गुल्मेली साहित्यकारहरूलाई नमन गर्न चाहन्छु । मेरो जन्म घोराही उपमहानगरपालिका-१८, मसिनामा विक्रम सम्वत् १९९७ साल जेठ १५ गतेका दिन पिता तिलकराम उपाध्याय पौडेल र माता चित्रकुमारी उपाध्यायको कोखबाट भएको हो । हालसम्म पनि मेरो बसोबास यहीं मसिनामा नै रहेको छ ।

**२. यहाँले कहाँ कहाँ अध्ययन गर्नुभयो ?**

❑ तत्कालीन समयमा घोकन्ते र पिटन्ते प्रणालीको शिक्षा भएको हुँदा तत्कालीन जनता विद्यालय जनता विद्यापीठ बिजौरीमा संस्कृत शिक्षाको माध्ययमबाट मेरो अध्ययन कार्य सुरू भएको थियो । त्यहाँ मैले पूर्वमध्यमासम्म अध्ययन गरें । तत्पश्चात् पद्मोदय पब्लिक नमूना माध्यमिक विद्यालय भरतपुर दाङमा सुरू गरें । विदेशी शिक्षकहरूको दब्दबा सहन नसकी बनारसमा गई अध्ययन पूरा गरेको हुँ र शिक्षण पेशालाई पनि निरन्तरता दिदै आएँ ।

**३. साहित्य-साधनामा कहिलेदेखि संलग्न हुनुभयो र प्रेरक व्यक्तित्व कसलाई ठान्नुहुन्छ ?**

❑ विक्रम सम्वत् २०१२ सालदेखि म साहित्यतर्फ सम्लग्न भएको हुँ । सर्वप्रथम धर्मराज थापाका झ्याउरे छन्दमा लेखिएका कविताबाट प्रभावित भई मेरो लेखनी त्यतैतिर दौडियो । पछि नारायणप्रसाद शर्मा (नारायण गुरु),मोदनाथ प्रश्रित र नेत्रलाल पौडेल अभागी जस्ता दिग्गज साहित्यकारहरूसँगको सत्संगले साहित्यमा परिमार्जन आयो । अनि गद्य, छन्द, निबन्ध, समीक्षा र नाटक जस्ता विधामा पनि कलम चलाउन लागें ।

**४. यहाँको पहिलो विधा कुन हो र कुन विधामा कलम चलाउने गर्नुहुन्छ ?**

❑ मेरो पहिलो विधा कविता नै हो र मेरो रुचिको विधा पनि त्यही हो । खासगरी बढी मात्रामा कविता नै लेख्ने गर्छु । त्यसपछि मात्र अरू विधातिर कलम चलाउने गरेको छु ।

**५. हालसम्म प्रकाशित कृतिहरू ?**

❑ हालसम्म आठवटा कृतिहरू प्रकाशित भइसकेका छन् । (१) दाउरेनी, खण्डकाव्य २०४९ (२) आचार-विचार, बाल लघुकथा २०५८ (३) बूढा जोर सिमलका रूखहरू, कविता-संग्रह २०६३ (४) केही कृति समीक्षा र विविध,समीक्षात्मक लेख-संग्रह २०६७ (५) बूढा भएछन् कलमहरू, कविता संग्रह २०६९ (६) मेरो गाउँ र मेरा भोगाइहरू, खण्डकाब्य २०७१ (७) सम्झनामा मेरो अतीत, संस्मरण-संग्रह २०७३ (८) छोरीहरू, कवितासंग्रह २०७५ आदि रहेका छन् ।

**६. राष्ट्रियस्तरका मन पर्ने साहित्यकारहरू भन्नुपर्दा ?**

❑ मोदनाथ प्रश्रित, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र ।

**७. यी साहित्यकारहरू मन पर्नुका कारणहरू ?**

❑ खासगरी यहाँहरूका सिर्जनामा राष्ट्र, राष्ट्रियताका स्वरहररू गुञ्जायमान भएका हुन्छन् र जनताको पक्षमा उभिएका हुन्छन् । यिनै कारणले गर्दा मलाई मन पर्ने गर्दछन् ।

**८. शर्माजीको विचारमा साहित्य के हो ?**

❑ खासगरी भन्ने हो भने साहित्य मनको उद्‌गार हो । यसलाई समाजको दर्पण पनि भनिन्छ । असल साहित्यले समाज परिवर्तनमा ठूलो टेवा पुऱ्याएको हुन्छ । तर विचारविनाको साहित्य पंगु हुन्छ ।

**९. अरू साहित्य र प्रगतिशील साहित्यमा के फरक छ ?**

❑ प्रगतिशील साहित्य र अरू साहित्यमा जमिन आकाशको फरक छ । हाम्रो यहाँ भाट साहित्यले पनि प्रश्रय पाएको इतिहास छ । त्यो अझै पनि कतै अवशेषको रूपमा कायम रहेको आभाष हुन्छ । तर प्रगतिशील साहित्य भाट साहित्यको विरुद्धमा उभिएको र समाजरूपान्तरणको पक्षमा प्रयत्नशील रहन्छ । प्रगतिशील साहित्य र अरू साहित्यमा यही फरक हुन्छ ।

**१०. वर्तमानमा साहित्यको अवस्था कस्तो पाउनुहुन्छ ?**

❑ वर्तमान अवस्थामा साहित्यको विकास निरन्तर अगाडि बढिरहेको छ । भविष्यमा पनि उज्वल देखिन्छ । दुःखको कुरा साहित्य कलाप्रति राज्य उदासीन छ । अझ मोफसलका साहित्यिक संघसंस्था र साहित्यकारहरूलाई हेर्ने दृष्टिकोण नै फरक छ तर पनि यात्राहरू निरन्तर अगाडि नै जानुपर्दछ । हामी आशावादी हुनुपर्छ । समग्रमा भन्दा वर्तमानमा साहित्य निराशाजनक छैन भन्दा हुन्छ ।

**११. साहित्य लेखन र प्रकाशनका माध्ययमबाट जीवन धान्न सकिन्छ कि सकिदैन ?**

❑ अहिलेको अवस्थामा लेखेर वा कृति प्रकाशन गरेर जीवन धान्ने अवस्था छैन । विद्युतीय प्रभावले गर्दा पठन संस्कृति हराउँदै जानलागेको कुरा भने सत्य हो । कुनै दिन राज्य र आम नागरिकले साहित्यको महत्त्व राम्ररी बुझ्छन् भने भविष्यमा जीवन धान्ने खालको हुन पनि सक्छ ।

**१२. राज्यस्तरबाट साहित्यकारहरूलाई के गरिनुपर्दछ ?**

❑ राज्यस्तरबाट साहित्यकारहरूको निम्ति केही भएको छैन भन्न त सकिदैन । बहुदलीय ब्यवस्थाको पुनःस्थापना र लोकतन्त्रको आगमनपछि राज्यको नजर फेरिए तापनि हामीले चाहे जस्तो र चाहे जति हुन सकेको छैन । तर पनि राज्यस्तरबाट साहित्यकारहरूलाई निरन्तर प्रोत्साहित गरिनुपर्दछ । भनिन्छ साहित्य, संस्कृति र कला राष्ट्रबाट हराए भने राष्ट्रको अस्तित्व नै रहँदैन । आशा गरौं अहिले तीन तहको सरकार छ । भोलि साहित्य, कलाको स्तरोन्नतिको निम्ति राज्यस्तरबाट केही न केही हुनेछ ।

**१३. नवोदित साहित्यकारहरूलाई के भन्न चाहनुहुन्छ ?**

❑ नवोदित साहित्यकारहरूको लेखन शैली विकासोन्मुख छ । अवश्य नै राष्ट्र र जनतालाई सम्झेर लेख्दै जानुभयो र आफू पनि अध्ययनशील बनिरहनुभयो भने नवोदित साहित्यकारहरूको भविष्य उज्ज्वल देखिन्छ ।

अध्यन,मनन र लेखनमा तपाईंहरूको चित्त सदा लागिरहोस् यही भन्न चाहन्छु ।

**१४. साहित्य समाजको लागि हो त भन्नुभयो समाज रूपान्तरणका लागि साहित्यकारको भूमिका के हो ?**

❑ सदैव राष्ट्र र जनताका समस्यालाई अगाडि राखेर अनि समाधानसमेत खोजेर साहित्यकारहरूले कलम चलाए भने तमाम खाले विकृतिहरूलाई कलमका माध्यमबाट प्रहार गर्दै गएमा समाज रूपान्तरण अवश्य पनि हुँदै जानेछ । यो एक दिनको प्रयासले हुँदैन । निरन्तर रूपमा लागिरहनुपर्दछ । साहित्यकारहरू अथक यात्री भएको हुनाले यो यात्रामा विना थकान र विना स्वार्थ लागिरहनु पर्दछ । यो आजको समयको माग पनि हो ।

**१५. असी वसन्त टेकिसक्नुभो । तपाईंको दिनचर्या कसरी बित्ने गर्छ ?**

❑ मेरो दिनचर्या सामान्य रूपबाट चलिरहेको छ । लेख्नु, पढ्नु, संघसंस्थाका कार्यक्रममा सहभागी हुनु । कतिबेला घरको कामकाजमा पनि सरिक हुने गर्छु । आफूले नबुझेका कुरा साथीहरूसंग छलफल गर्छु । यस्तै यस्तैमा मेरो दिनचर्या बित्ने गरेको छ । निस्क्रिय जीवन बाँच्नु हुँदैन भन्ने मेरो मान्यता हो । हेरौं आगामी दिनमा कहाँसम्म पुगिन्छ ।

**१६. भावी योजनाहरू केही छन् कि ?**

❑ स्वास्थ्यले साथ दिदै गएको खण्डमा केही कृति लेखन र प्रकाशन गर्ने विचार छ । मानिसको जीवन रहेसम्म र स्वास्थ्यले साथ दिएसम्म योजना बनाउन छोडनु हुँदैन । उत्तरार्धको जीवन खै के हुन्छ ?

**१७. अन्तमा केही भन्नु छ कि ?**

❑ धेरै कुराहरू आइसके । गुल्मीबाट प्रकाशन हुने यस लोकप्रिय साहित्यिक पत्रिका **'हाम्रो पुरुषार्थ'**मा आफ्ना विचारहरू राख्न पाउँदा निकै खुशी छु । साथै आज मलाई यसरी सम्झना गरेर मेरा टुटेफुटेका कुराहरू राखिदिनु हुने तपाईं वार्ताकार पद्मप्रसाद शर्मा र हाम्रो पुरुषार्थ त्रैमासिक साहित्यिक पत्रिका परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु । जय साहित्य ।

ooo

**किरण पुस्तकालयबाट प्रकाशित तथा डा. लक्ष्मीकान्त पन्थीद्वारा लिखित काव्यमालिका एकपटक अवश्य पढ्नुहोस् ।**

# घर

✍ **डा.तुलसी भट्टराई**
**काठमाडौं**

यसपटक मलाई घरको धेरै सम्झना भयो । विगतका दिनहरू सम्झिएर झोक्राइरहेँ । घर सम्झिने पनि एउटा छुट्टै बेला हुँदो रहेछ । हामी नेपालीले घर सम्झिने मुख्य बेला दसैं हो । उहिलेदेखि नै दसैंले घरलाई विशेष ऊर्जाशील बनाउँदै आएको हो । नेपाली जनजीवनमा घर र दसैं, दसैं र घर परस्पर आश्रित छन् परिपूरक छन्, भन्दा हुन्छ ।

यसै कारण होला दसैं लागेपछि घरको सम्झना तीव्र रूपमा आएको हो । सप्तमीका दिनदेखि यो सम्झना झन् धेरै जागेको हो । विजया दशमी–टीकाको दिनभरि यही घर सम्झनाको चापमा बसेँ । किन होला यसरी घरको सम्झनाले मलाई पिरोलेको, आफैँले प्रश्न पनि गरिरहेँ ।

के हो यो घर भन्ने कुरा ? घर भनेर सम्झिइने कुरा के के हुन् ? के हुँदा घर घर हुन्छ, केले घरलाई पूर्ण गर्छ ? के नपुगेर घर सम्झिएको ? आखिर घर नामकै परिधिमा बसिएको छ, अनि फेरि कस्तो घरको सम्झना भएको हो त ?

घर, गृह, आवास, झुपडी, छाप्रो, कटेरो, डिही, दरबार, महल, गोठ जेजस्ता नाम, काम व्यवहारको विषय भए पनि मुख्य रूपमा मानिस बस्ने ठाउँ हुन् यी चीजहरू । घरको आकारप्रकार हेरेर मानिसको स्तर सानो ठूलो, धनी, गरीब छुट्याइन्छ । घर गारो, पर्खाल, ढुंगामाटाको, इँटाको काठे, भाटे चित्रे बराबर, संगमरमरे जुनसुकै तरिकाले घेरेर बनाइएको, मानिसका निम्ति बस्न बनाइएको वासस्थान– निवास, आवास हो ।

घरका बारेमा, घरको स्वरूपका बारेमा यी कुरा भनिएको हो । तर यतिले मात्र घर नहुने रहेछ । घर घर हुन धेरै कुरा चाहिन्छ । यस्तो घरमा मानिस बस्तैमा त्यो ठाउँ घर बन्दैन । जसरी मानिस भनेर चिनिने यो भौतिक रूप बाहिर देखिने स्वरूप मात्र मानिस होइन । मानिस हुन अदृश्य तत्त्व मन, बुद्धि, हृदय आत्माको समष्टिले भरिपूर्ण हुनुपर्छ । त्यसरी नै घर पनि बाह्य रूप मात्र होइन । घरको पनि अदृश्य अथवा दृश्य भए पनि छुटै फरक तत्त्व हुन्छ । जसले घर बनाएको हुन्छ । घरको रूप निर्मित गरेको हुन्छ ।

मानिसलाई घरको त्यही तत्त्वले आकर्षित गर्छ, तान्छ । तर जब त्यो आकर्षण तत्त्व घरबाट लुप्त हुन्छ, त्यस तत्त्वको अभाव हुन्छ । त्यतिबेला घर घर रहँदैन । अनि मानिसमा त्यस पुरानो घर रूपको सम्झना आउँछ । कुनै बेला

घर थियो, अनि घर पुग्ने हतार थियो, घर पुग्ने उत्कट इच्छा र जाँगर थियो । अनि त्यस घरको स्वरूप बदलिएपछि केवल सम्झना मात्र बाँकी रहन्छ । ओहो घरका ती दिन, ती क्षण ती चहलपहल, ती रमाइला र आनन्दपूर्ण भेटघाट.... ।

"आइपुग्यौ, कुशल क्षेमपूर्वक आयौ... । ॐ ॐ ॐ ।... ल साहिँला पनि आइपुगे । सबै जना भेला भइसक्यौं । यी ससाना नानीहरू च्यापेर कसरी आइपुग्यौ ? यति लामो यात्रा... ।"

धन्य हो महामायाको कृपा, लीला । कहिलेकाहीँ यसरी जुट्ने अवसर मिलिरहेको छ । दूरदेशबाट पनि आइपुग्ने गर्छौं । भरसक दसैंको अवसरमा चाहिँ जो जहाँ भए पनि यसै गरी जुटेर एकै ठाउँ बस्ने गरौं । राम रमाइलो खुसियाली मनाऔं... ।

दसैं भनेर कुनै एउटा दिन मात्र होइन । परिवारजन सबै भेला हुनु पनि दसैं हो । "लौ भेला भयौं । खोरमा माल छ, बनाऔं, खाऔं रमाइलो गरौं । यही हो चाडपर्व, उत्सव ।" पिताजीका यी वाणीहरू नै त्यतिबेला घरको लक्षण र घरको पहिचान हुने गर्थे ।

गोठको उता छेउमा खड्कुलोमा पानी तात्तै छ । खोरबाट एउटा खसी तानेर त्यही छेउमा पुऱ्याइएको छ । अन्तरे नारायण ठूलो खुकुरी हातमा लिएर उभिएको छ । साहिँलो, माहिलो, जन्तरे, कान्छोहरू विभिन्न भाँडा र अन्य साधनहरू लिएर यताउता गर्दैछन् । प्रमोद, जया, मनीषा, लुना, सेवा, ऋचा, विनाहरू यताउता नाच्तै उफ्रँदै छन् ।

पच्चीस छब्बीस किलोको खसी माल तयार भएर घरभित्र पुग्छ । काटकुट मिलाउने काम हुँदैन । पिताजी आफैँ लागेर दसबाह्र किलो सामान पाक्ने ठूलो फलामे कराही दाउराको चुलो आगोमाथि बसाल्नुहुन्छ । ठूलो बाटामा बेसार नुनतेलमा मोलेर राखेको आठ नौ किलो माल तेल तातेको कराहीमा राखिन्छ । क्रमशः त्यो माल पाक्तै भुटिँदै गर्छ । यसरी करीब दुई घण्टासम्म सानो आगोमा माल चलाउँदै भुटिँदै गएपछि पटट पटट गर्दै चानाहरू उफ्रिन थालेपछि मात्र भुटिएको मानिन्छ । भुटिएर रातो रंगमा परिणत भएपछि मात्र पानी हालिन्छ । फेरि एक घण्टासम्म पाक्छ ।

यसरी दाउरा आगोको रापमा तीन घण्टासम्म पाकेपछि मात्र त्यो माँसमाल तयार भएको हुन्छ । पिताजी आफै भान्सामा बसेर सबैलाई लहरै बस्न लाउनुहुन्छ । भोजनसँगै आधा सेरे कचौरामा त्यो पदार्थ सबैका सामु आइपुग्छ । पहिलो चरणमा कसैले पनि धेरै भयो भन्न पाउँदैन । दसबाह्र जना एकैचोटि बसेर भोजन परिकार खाइरहेका हुन्छौं ।

डेढ पाउ जाने डाडू जरूमा माल उघाएर पिताजी भन्नुहुन्छ– ल ठुलो... माइलो, साहिलो... जनु, दुलही... भो.. पुग्यो । कस्ता चरिआहरे भयौ तिमीहरू, अलि खानुपर्छ । यति थप अरू । पिताजी सबैका थाल कचौरा हेर्दै भन्दै गर्नुहुन्छ... । सबैले भो पुग्यो, पूर्ण भइयो भनेपछि मात्र आफू खान बस्नुहुन्छ । यो थियो पिताजीको व्यवहार । हामी यसैबाट रमाएर खुसी हुन रमाउन होला घर पुग्ने गरेका थियौं ।

साहिँला अलिकति सर्पी.... दुग्धसँग केही खाऊम् तक्रं... । तेमन आदेनम् केही थप... ।

आज तस्मैको परिकार भोजन गर्ने दिन । आज संस्कुली खाने दिन । कदली चिबिटान्नको दिन हो आज । यथेष्ठ पर्याप्त खाऊ । खाने कुरामा कन्जुस्याइँ हुनुहुँदैन । देहीले मागेको कुरा पूर्ण गर्नुपर्छ । भोजन भन्ने कुरा जुनसुकै परिकार पनि उत्तम हुन्छ । राम्रो नराम्रो, मिठो नमिठो त मन मात्र हो । उदरले कहिल्यै पनि छुट्याउँदैन । उदरले सबै खाद्य पदार्थमा समान भाव राख्छ । आज सिरिमग्नसँगको विशिष्ट भोजन छ । लवण थप... । यो पुरानो तण्डुल हो– जल अलि बढी चाहिन्छ ।

"ओहो, आइपुग्यौ... । ए... राम... ए... कुमार, माथि कपोत शावकहरू भएजस्तो लाग्छ... । नानीहरू थाकेर आएका छन् । यसो तातो रस भात खान्छन् । जाउ... उज्यालैमा बन्दोबस्त गरिहाल... ।"

... आज जल घिरौंला पो तयार भयो । "यस वस्तुको असली नाम जात के हो सोधखोज गर्नु पर्दैनथियो । हाम्रो परिवारभित्र 'जलघिरौंला' प्रचलित थियो ।

"ए... जनु, माहुते भाइले ठुलो साग तयार पारेका रहेछन्, जाऊ, लिएर .... आऊ । दाजुहरू आइपुगेका छन् । परदेशबाट घर आइपुगेका– निस्ताएर आइपुगेका छन् ।"

दुई दशकभन्दा अघिका यी वणीहरू सपनामा देखे सुनेझैं गरेर मनमा खेलाइरहेको छु । घरको स्मृतिसँगै यी कुराहरू पनि उत्पन्न भएका हुन् ।

२०१४ फागुनदेखि म परदेश लागेको हुँ । ताप्लेजुङ सदरस्थित भाषा पाठशालादेखि मेदीबुङ संस्कृत माध्यमिक विद्यालयको पढाइका निम्ति २०२२ सम्म ताप्लेजुङको बसाइ भयो । त्यतिबेला घर भनेर भेला हुने ठाउँ पाँचथरको च्याङथापु नाम्रेकमा थियो । विद्यालयको बर्खे बिदा अथवा दसैं र अन्य कुनै अवसरमा दुई दिने पदयात्रा गरेर ताप्लेजुङ – फुङलिङदेखि पाँचथरको च्याङ्थापूको घर पुग्ने गरिन्थ्यो ।

सधैं घरले तानिरहन्थ्यो । बुबा आमा, भाइ बहिनी र वरपरका केही आफन्त... । सबभन्दा बढी दसैंको बेला चाहिँ घरको आकर्षण सबभन्दा बलियो हुन्थ्यो ।

२०२२ पछि म धेरै टाढा पुगेँ । अर्थात् भारतको बनारसमा पढ्न भनेर गएँ । यसपछिका १५-१६ वर्ष बनारसमा नै बितेका हुन् । यस बीचमा माहिलो कमल र साहिँलो गोविन्द भाइले पनि बनारस बसेर उच्च माध्यमिक तह पूरा गरेका हुन् । २०२३ देखि झापाको दमकमा हाम्रो घर सरेको हो । जुन घरले आजका दिनसम्म मान्यता पाइरहेको छ ।

२०३३ पछिका केही वर्ष पत्नी सुधा र छोराछोरीसहित बनारसमा बिताएको हुँ । त्यति टाढा बसेका बेला पनि गर्मी बिदा अथवा दसैं तिहार पर्वका बेला ससाना भल्ट्याङ भुल्टुङ तीन जना छोराछोरी लिएर रेल र बसका विकट यात्रा गर्दै दमक घर पुग्ने गरिन्थ्यो ।

प्रायः दसैंको घटस्थापनाका बेला अथवा एक दुई दिनअघि घर पुगिन्थ्यो । ससाना केटाकेटी लिएर यति लामो बाटो कसरी पार गरेर घर आइन्थ्यो अचम्म लाग्छ ।

२०४१ पछिका दसैं चाडपर्वहरूमा म काठमाडौंबाट लालाबालासहित परदेशको बसाइ छोडेर रात्रिबस सेवाबाट दमक पुग्थैं । गोविन्द धनकुटाबाट पुग्थे । देवेन्द्र, खगेन्द्र यस दमकको नारायण सबै परदेशिएका थिए । तर पनि यी सबै दसैंमा अनिवार्य रूपमा त्यो घर पुग्ने गर्थे ।

दसैंको भेला पिताजीको देहावसान पूर्व २०५५ को दसैंसम्म निरन्तर रहिरह्यो । २०५६ असार पन्ध्रको दुर्दान्त घटना अर्थात् पिताजीको देहावसानपछि दसैं भेलाको क्रम केही भंग भयो । त्यसपछि सबैजना भेला हुने स्थिति पनि घट्तै गयो । अन्तरे, अमेरिका, जन्तरे अस्ट्रेलिया, अनि काठमाडौं बस्नेहरूका पनि आफ्ना आवास घर बनेपछि घरले रोक्न थाल्यो ।

तैपनि आमाले दमक घरको चमक बनाइरहेका कारण प्रायः घर पुग्ने गरियो । आमा र घर परिपूरक बनिरहेकै थिए । आमा घर, घर आमा । दसैं र अरू अवसर पारेर पनि प्रायः घर पुग्ने क्रम टुटेको थिएन ।

२०७५ वैशाख २५ गते बिहान आठ बजे दमक घरबाट आफ्नो झोला बोकेर आमाका छेउमा पुगेँ । आमालाई ढोगेर बिदा माग्दै बाटा लागेर आँगनको छेउमा पुगिसकेको थिएँ ।

"सामान यही एउटा झोला मात्रै हो ? जहाजमा अरू केही सामान लान पाइँदैन ? के अरू सामान लैजाँदा लाज हुन्छ कि ?"

"दस के.जी.सम्म सामान लान पाइन्छ । किन र आमा ?"

"हरिया मकै छ, आजको आजै ताजै पुग्छ, केटाकेटी ताजा हरिया मकै खान पाउँछन् । आँप ठिक्क अचार खाने बेला भएको छ । लैजाओ न । घरबाट जाने... । जुनसुकै बेला पाइने कुरा होइनन् यी । ए साइली, दाजुलाई पन्ध्रसोह्र घोगा मकै हालिदे... । ए खगेन्द्र... त्यो घरअगाडिको आँप टिपेर एक झोला हालिदे । यहाँ दुईवटा मेवाका दाना छन्... । यसो पु¥याइदिने हो भने खान्छन् नि केटाकेटीले... ।"

आमाको एकालाप सुन्दै... मैले मकै, आँप, मेवासमेतको एउटा छुट्टै झोला तयार पारेर फेरि बिदा मागेँ ।

"गाडी दुर्घटनाका खबर यो रेडियोले भट्याइरहन्छ । सकेसम्म जहाजको बाटो मात्रै आउने गरे है बाबु हो । फोन गर्दै गर्नू । पुग्ने बित्तिकै खबर दिनू है... ।" आमाको स्वर सुन्दै गर्दा खगेन्द्रको मोटरसाइकल घ्यार्र ग¥यो । अर्थात् भाइ खगेन्द्रसँग बाटा लागियो ।

२७ गते बेलुका हरिया मकै र आँपको अचार खाएर आमालाई सम्झिँदै सुतेको थिएँ । राति १ बजे खगेन्द्रले फोन गरे– "दाजु अब आमा रहनुभएन ।" खगेन्द्रले अरू बोल्न सकेनन् । कानमा सुइरो रोपिएको जस्तो ज्यादै कठोर शब्द "दाजु अब आमा रहनुभएन ।" धेरैबेर निस्तब्ध बनेँ ।

फेरि केही समयपछि अरू फोन आए... देवेन्द्रको फोन, माहिलाको फोन... । भवितव्य अकल्पनीय थियो । अवश्यम्भावी थियो । उज्यालो भएपछि हामी साहिलो, कान्छो, सुधा, अन्जना, लुना बिनासमेत सबै एयरपोर्टमा भेला भएर दमक घर पुगियो । तर यो हाम्रो घर पुगाइमा कुनै आकर्षण थिएन । घर हो कि घनघोर जंगल, अन्तर थिएन । सयौं व्यक्तिको निशब्द भेलाका बीच, घरको दलानमा आमाको निश्चेष्ट मूढो शरीर सुताइएको थियो ।

अठार वर्षअघि एकदिन यसरी नै त्यही ठाउँमा पिताजीको निश्चेष्ट पार्थिव शरीर सुताइएको र आमासमेत हामी वरिपरि घेरा लागेर निःशब्द बसेको दृश्य झलझली आयो । यस घरको दलानमा दुई दिव्य शरीर यसरी निश्चेष्ट केही बेर सुताएर सदाका लागि बिदा गरिसकेपछि अब यो घर घर रह्यो । घर त अब अन्धकारपूर्ण ओडार मात्रै रहँदै छ । यस्ता घर अब कहाँनेर छ त । आमाको पार्थिव शरीर छेउमा बसेका बेला यस्ता कुरा मनमा तरंगित भएका थिए ।

२०५६ जेठ ३० गते बिहान सात बजेतिर बिरामी अवस्थामा सुतिरहनुभएको पिताजीलाई ढोगेर म आफू आइपुगेको जानकारी गराउँदा उहाँले भन्नुभएथ्यो– "तिमी आइपुग्यौ ! धेरै ढिला भयो... आएछौ भइगो, ॐ ॐ ॐ" मधुरो स्वरमा

पिताजीले यति मात्रै भन्नुभएथ्यो । पिताजीको उठ्न बस्न नसक्ने अवस्था भइसकेको रहेछ । एक महिनाअघि पिताजीलाई भेटेर काठमाडौं फर्किएको थिएँ । त्यतिबेला पिताजीको अवस्था राम्रै थियो ।

यसपछि भने हामी प्रायः सबै छोराछोरी पिताजीकै छेउछाउ रह्यौं । दिनदिनै पिताजीको स्थिति गंभीर हुँदै गएर अन्त्यमा असार १५ गते बिहान ९ बजे पिताजी देवत्वमा लीन हुनुभएथ्यो ।

पिताजीले यो पछिल्लो घर यतिबेलाको २०५२ मा मात्र बनाउनुभएको थियो । २०२४ यता यस ठाउँमा नै तीनवटा घर बन्दै भत्किँदै गरेर पछिल्लोपल्ट चाहिँ यस ठाउँमा नै घर बनाइएको थियो । पिताजी यसपछि भने निकै सन्तुष्ट हुनुभएको थियो । दुई तलामा गरेर दस एघार कोठा भएको घर निर्माण भएको हो । पहिलेको घर सानो भएको भनेर पिताजीमा चिन्ता थियो । सबैजना भेला हुँदा राम्ररी अटाइएन भन्नुहुन्थ्यो । यो घर बनेपछि पिताजीले घरका कोठाहरू देखाउँदै भन्ने गर्नुहुन्थ्यो– यो जेठाको, माहिला, साहिँलाको अरू छोराछोरीको... । सबै जनालाई पुग्ने घर बन्यो । पिताजीको घर विषयको यस सन्तुष्टिबाट हामी आनन्दित बनेका थियौं ।

यस पछिल्लो घरमा पिताजीसँग तीनवटा दसैं उत्सव मात्र मनाउन पाइएथ्यो । तर ती दसैंहरू अविष्मरणीय रहिरहेका छन् । यिनै विगतका रमणीय भेला, उत्सवलाई मनमा साँचेर राख्नुपर्ने र बेलामौकामा त्यहीँबाट स्मृतिपटमा उतारेर हेर्नु, सोच्नु, सम्झिनु नै अबको नियति बनेको छ ।

आज यतिखेर अर्थात् २०७५ को दसैं टीकाको दिन म भावविह्वल भएर विगततिर फर्किरहेको छु ।

पिताजीले आफ्नै निरीक्षणमा आफ्नै इन्जिनियरिङमा बनाउन लगाएको यो ठुलो घर पिताजी आफूले तीन वर्ष मात्र भोग्न पाउनुभयो । पिताजीका इच्छा आकांक्षा यति छोटै अवधिमा विलीन हुन पुगे । त्यसपछि लाग्यो– घर मात्र छ– घरको शोभा समाप्त भयो । हामी घर पुग्दा र घरबाट फर्किंदा "ॐ ॐ ॐ, राम्रोसँग जाओ, सुसमाचार पठाउँदै गर, जहाँ भए पनि आफ्नो मान प्रतिष्ठा बनाएर बस । सधैं उच्च स्थान र सुनाम चलाउन सफल बन । सुयश फैलाएर देश र समाजमा आफ्नो स्थान बनाउन सफल होऊ ।"

"मंगलम् भगवान्... विष्णु... । तदेव लग्नं सुदिनं तदेव.. ।" हामी घरबाट हिँड्दा यस्ता आशीर्वचन सुन्दै परसम्म पुग्ने गर्थ्यौं । पिताजीको परमपदपछि यस्ता महावाक्यहरूको श्रवण गर्न पाइएन । सदाका लागि हामी यी कुराबाट ठगिएका थियौं । पिताजीसँगै सबै कुराको अन्त्य भएको थियो । तर पनि पिताजीको प्रथम

वार्षिकीपछि क्रमशः आमाको छत्रछायाँमा हामीले जीवन आधार प्राप्त गर्दैरह्यौं । घर आमाका कारण घर थियो । यसरी मोह रहिरहेकाले घर पुग्ने इच्छा जागिरहन्थ्यो । घर पुगिरहिन्थ्यो ।

आमाको तेह्र दिने कार्य सकेर केही दिनपछि फर्किने क्रममा आमा नभएको शून्य आमा बस्ने खाटलाई केही बेर हेरें । "पुग्ने बित्तिकै फोन गर है । जहिले तहिले गाडीमा यो लामो बाटो नहिँड्नू । म ठिकै छु.. । बेलाबेला फोन गरे हुन्छ ।" यी कुरा सुन्ने बानी परेका कान केही बेर पर्खिए । तर कतैबाट पनि यो आवाज आएन । फनक्क टाउको फर्काएर बाटो लागियो । शून्य– शून्य शून्य चरम शून्य भाव बोकेर गतिहीन, चेतनाहीन भए झैं शरीरलाई सिटी रिक्सामा चढाएँ । हामी सुधा र म केही नबोली एकैचोटि दमक चोक आइपुगेछौं ।

पिताजीको अनुपस्थितिमा पनि करीब दुई दशकसम्म माताजीले घरलाई भरपर्दो ओतजस्तै संचालन गरिरहनुभएको हो । सबैले छहारी ओत पाइरह्यौं– आमाबाट । त्यसैकारण त घर जाने, घर पुग्ने इच्छा जागिरहन्थ्यो । जो जहाँ भए पनि देश, परदेश जता बसेको भए पनि समय समयमा घर पुगिरहन्थे । मनमा घर बोकेर परदेसिएकाहरू फेरि सम्झिएर घर फर्किन्थ्यौं । न्यास्रो मेट्न घर पुग्थ्यौं । केही दिन घर बसेर मनमा घर भरेर आफ्नो गन्तव्य समात्थ्यौं ।

आज दसैंको टीका । म घर सम्झिएर भावविह्वल बनेको छु । दसैंका पुराना संस्मरणहरू वर्तमानमा ल्याएर भुल्ने प्रयत्न गर्दैछु ।

स्मृति भनेको मस्तिष्कको भण्डार हो भन्ने कथन छ । साँच्चै नै म स्मृति भण्डारबाट केही सम्झना निकाल्न खोज्दैछु । "मिठो स्मृति भनेको सुमधुर संगीत जस्तै हो । जसले जीवनका दुःखद क्षणमा केही बेर आनन्द दिन्छ । अथवा दुःख भुल्न सहयोग गर्छ ।" कुनै दार्शनिकको भनाइ हो ।

"जुन घरमा आमा छैनन्, दाजुभाइ दिदीबहिनीका बीच स्नेह, प्रेम र सौहार्द छैन, त्यस्तो घरमा बस्नु हुँदैन ।" चाणक्यको भनाइ मनन गर्दा हाम्रो घरमा आमा हुनहुन्न तर पनि दाजुभाइ दिदीबहिनीका बीच स्नेह र सौहार्द भाव चाहिँ छ । त्यसकारण घर घरका रूपमा रहला कि भन्ने आशाको सानो त्यान्द्रो बाँकी छ । म पनि घर भन्दैछु । घर जाने कुरा गर्दैछु । घर बिर्सिएको छैन । घरले सम्झिने आत्मतत्त्व नभए पनि मचाहिँ घर सम्झिरहेकै छु ।

साढे दुई हजार वर्षअघि यहुदीहरू घरविहीन हुनुपरेको कथा आज पनि चर्चित छ । करीव तीन दशकअघि घर र देश छुटेका भूटानी नेपालीको कथाव्यथा ताजै छ । घर नहुनुको पीडा कति दर्दनाक र भयावह हुन्छ, त्यो कुरा भोग्नेहरूलाई नै थाहा हुन्छ ।

त्यसो त मेरो घर छ, देश पनि छ । घर घरजस्तो लाग्नु, हुनु र घर मात्र हुनुमा फरक छ । कहिलेकाहीँ देश पनि देशजस्तो नभइदिँदाको नागरिक पीडा छुट्टै प्रकारको हुन्छ ।

म यहाँ घर सम्झिँदै घरको कुरा गर्दैछु । घर थातथलो अर्थात् जरो किलोसँगको सम्बन्ध प्राकृतिक हुन्छ । आफ्नो बाल्य, किशोर, युवा वय मातापितासँग जुन थलोमा बिताइन्छ । पछिसम्म पनि त्यही नै घर बनिरहन्छ । आफ्नो पौरखले देश विदेशमा जतिसुकै ठुला महल बनाए पनि त्यसभित्र घर तत्त्व हुँदैन । घरको आनन्द त्यस्ता महलहरूमा प्राप्त हुँदैन ।

यसपटकको दसैँमा आमा पनि हुनुहुन्न । आमा गुमाएको वर्षको दसैँ टिका प्रसाद, आशीर्वाद नभएको दसैँ । त्यसकारण घर जाने भन्ने हेक्का पनि रहेन । घर कहाँ छ ? केको घर ? कसलाई भेट्न जाने, कसलाई ढोग्ने, कोसँग आशीष लिने ? घर छैन अब । त्यो घर त अब ओडारजस्तै भएको छ । मनमा यस्ता तरंग खेलाइरहेँ । सोचिरहेँ । के अब घर टुंगिएको हो त !

"सच्चरित्र भएकी नारीद्वारा घरको रक्षा हुन्छ । अनि घर भनेको पति-पत्नी, पुत्र पौत्रादिको समूह हो ।" ऋग्वेदको यो उक्ति सम्झिँदै केही बेर घोरिएँ ।

हो पनि, ऋग्वेदको यो उक्ति हाम्रो घरका निम्ति अथवा यस घरमा सार्थक थियो । पिता माताका हामी एकदर्जन पुत्रपुत्री, एकदर्जन बुहारी र ज्वाइँहरू, करीब तीन दर्जन पौत्र पौत्रीहरूका साथै प्रपौत्र प्रपौत्रीहरूको विशाल परिवारले यो घर गुन्जायमान थियो कुनैबेला ।

हाम्रो घर– परिवार र कुटुम्बभित्र कुनै प्रकारको विग्रह, आग्रह र दुराग्रह नभएका कारण प्रेम, सद्भाव एवं आत्मीयता भरिपूर्ण रहिरहेकै हो । सम्पत्तिका कारणहरू आपसमा उत्पन्न हुने कुनै कलह र द्वेष पनि भोग्नुपरेको छैन । तसर्थ घरको केही भाग त अझ पनि छ । होला जस्तो पनि लागेको छ ।

"गृहपति कर्तव्यको बन्धनबाट बाँधिएको हुन्छ ।" ऋग्वेदले भनेजस्तै पिताजीले गृहस्थ जीवनमा पनि एकप्रकार 'सन्यासी' वानप्रस्थी जस्तो जीवन बिताउनुभएको हो । पिताजी सधैँ कर्तव्यमा मात्र लाग्नुभयो । बाह्र जना छोराछोरी हुर्काउनु पढाउनु र समर्थ बनाउनका निम्ति पितामाताले कर्तव्य मात्र पूरा गर्नुभयो । उहाँहरूले सधैँ दिनु मात्र भयो । त्याग मात्र गर्नुभयो । गृहस्थ जीवन पवित्र हो । "सहनशीलता र संयमभावले गर्दा गृहस्थी सफल हुन्छ" भन्ने पद्मपुराणको उक्ति हाम्रो पिता मातामा सार्थक थियो । पिताजी भन्ने गर्नुहुन्थ्यो "इमान्दार भएर सदाचार जीवन बिताउनु भनेको धर्मपथमा लाग्नु हो ।"

"गृहस्थाश्रम सधैँ परिपूर्ण रहने, कहिल्यै नाश नहुने ऐश्वर्य हो । तसर्थ हे गृहपत्नी ! तिमी आफ्नो गृहस्थीमा बसेर प्रिय पतिका जीवन संघर्षको सागरलाई

पार लगाउन साथ देऊ ।" अथर्ववेदको यो उक्ति सुनेर, बुझेर हो अथवा आत्मज्ञानले हो– हाम्री माताले पिताजीको संघर्षपूर्ण जीवनयात्रारूपी सागरलाई पार लगाइदिनुभएको हो ।

घर भनेको आफ्नो मातापितासँग बसेको, हुर्के, बढेको अनि पछि बाहिर अन्यत्र जहाँ बसे पनि मातापिता सम्झिएर जाने आउने बस्ने– गरेको ठाउँ हो । अथवा यस्तो ठाउँ रहेछ भन्ने कुराको बोध काठमाडौंमा बस्न थालेपछि अनुभूत भएको हो । हुन त काठमाडौंमा दुई दशकअघि नै एउटा घर नाउको वासस्थान बनाइएको छ । यसैमा बस्तै पनि छु ।

तर मैले यसलाई घर भन्न सकेको छैन । भन्ने पनि कसरी ? काठमाडौंकाले सोधिरहन्छन्– तपाईंको घर चाहिँ कहाँ हो ? कहिलेदेखि काठमाडौं हुनुहुन्छ ? यहाँ कतातिर बस्नुहुन्छ ? बासस्थान कहाँ बनाइयो ? अर्थात् मेरो काठमाडौंको घर घर होइन । घर काठमाडौंबाहिर कतै छ । करीब चार दशकदेखि काठमाडौंमा छु तर म काठमाडौंको बासिन्दा हुन सकेको छैन । काठमाडौंका निम्ति म बाहिरिया हुँ ।

काठमाडौंवाला प्रश्नकर्ताको आशय बुझेर, अथवा कसैले प्रश्न गर्नुअघि भनिहाल्छु– "मेरो घर झापा दमक हो । यदि मैले आफ्नो घरको ठेगाना भन्न देखाउन नसक्ने हो भने कि चाहिँ आफूलाई सुकुम्बासी भन्नुपर्‍यो ।

यसपटकदेखि चाहिँ घरलाई घरजस्तो कसरी बनाउने भन्ने चिन्ता थपिएको छ । घर घरजस्तो बनाउनुपर्ने भएको छ । आमा नभएपछि अर्थात् आमासँगै घर पनि गएको छ । घरको लक्षण भत्केको छ । केही दिनअघि साहिँली बहिनीले फोनमा सुनाइन्– दाजु बाह्रै महिना फल्ने पाक्ने मीठो मेवाका दुईवटै बोट मर्‍यो । लटरम्म फलेको कागतीको बोट सुक्यो । अमला पनि फलेन । रूद्राक्षको बोट पहेलो भएर मर्दैछ । आमाका छेउमा आएर चर्ने, चारो टिप्ने ढुकुरहरू पनि देखिन छोडेका छन् ।

यस्तै यस्ता केही कुलक्षण सुनाइन् बहिनीले । कतिपय गृहिणीसँगै गृहका कतिपय लक्षणहरू पनि जान्छन्, हराउँछन्, भन्ने कुरा लेखिएको सुनिएको छ । साँच्चै नै आमाको दैहिक चोला उठेसँगै यी केही कुराहरू पनि नासिएका हुन् कि ! बहिनीको कुरा सुनेर यस्तै के के सोच्चैछु ।

यस पटक काठमाडौं राजधानीबाट आफ्ना घर जिल्लातिर सोरश्राद्धदेखि दसै टीकाको दिनसम्म नै मानिसहरू फर्किने क्रम रह्यो । करीव २४ लाख व्यक्तिले यसरी दसैंमा काठमाडौं छोडेर आफ्नो घर टेके । विश्वका विकसित मुलुकदेखि खाडी मुलुक, भारतलगायतका लाखौं नेपाली पुत्रपुत्रीहरू नेपालको घर सम्झिएर

टीकामा फर्किए । आमाबुबा र आफ्ना जनहरूलाई भेट्ने सुअवसर दसैं पर्व नै हो भन्ने बुझेका छन्– नेपालीहरूले । युगौंदेखिको ठूलो सांस्कृतिक पर्व हो– दसैं पर्व ।

उहिले उहिले लाहुरे, भारतीय सेनामा काम गर्ने वा भारतीय कम्पनीहरूमा भएकाहरूले पनि दसैंमा बिदा पाउँथे । एक वर्षमा फर्किनेले १५-२० दिन र तीन तीन वर्षमा फर्किनेले २-३ महिनासम्मको बिदा लिएर आफ्ना घर फर्किन्थे ।

ताप्लेजुङमा छँदा दसैंमा घर फर्किने यस्ता लाहुरेहरूको फूर्तिफार्ती मैले राम्रैसँग थाहा पाएको हुँ । धरान अथवा विजनबारीतिरबाट घरतिर आउने यी लाहुरेहरूका साथमा एकजना भरिया पनि हुन्थ्यो । घर परिवारका निम्ति ल्याइएका सामानहरू ढाकरभित्र भरेर माथिपट्टि एउटा टिनको बाकस ट्याङका डोरीले कसेर राखिएको हुन्थ्यो । घर परिवारसँग भेट गर्न आतुर यी लाहुरेहरूमध्ये कतिपयले एउटा फिलिप्स नाम गरेको रेडियो काँधमा झुण्डयाएर बजाउँदै आउँथे । हामी केटाकेटीहरू अचम्म मानेर केही बेर तिनीहरूका पछि रेडियो बजेको सुन्दै लाग्ने गर्थ्यौं ।

कतिपय लाहुरेको त्यसरी आफूले घर भनेको ठाउँ डाँडाको टुप्पामा अथवा भीरपाखा, खोचतिर हुन्थ्यो । वर्षभरि काम गरेर पनि छ महिना खान नपुग्ने अवस्था र साधारण छाप्रो हुन्थे । तर पनि घर भनेर यसरी परदेशबाट फर्किनेहरू रमाउँदै आउँथे ।

यता घरमा भएका वृद्ध बाबु आमा अथवा आमा, पत्नी छोराछोरी परदेशी कहिले आउला भनेर दिन गनेर बसेका हुन्थे । परदेशी छोरो, पति, बाबु, आइपुग्दा त्यस घरको रौनक अर्कै हुन्थ्यो । घर उल्लासपूर्ण बन्दथ्यो ।

कुनै पनि घर घर हुन त्यहाँ उत्सुकतासँग पर्खिने व्यक्ति हुनुपर्छ । अनि घर सम्झिएर फर्किने व्यक्तिका निम्ति घर पुग्दा स्नेह, प्रेम र सद्भावले स्वागत गरेको हुनुपर्छ । घर पुग्दाको मिठो आनन्द यिनै कुरामा अडिएको हुन्छ । घरमा पर्खिएर बस्नेहरू र परदेशबाट न्यास्रिएर घर पुग्ने दुबै पक्षबीच एकात्मक तादात्म्य भाव मिल्न सक्यो भने मात्र घर रहन्छ ।

यतिबेला म पनि यस्तै स्नेह, सद्भाव, प्रेम, माया र ममताले भरिएको घरको परिकल्पनामा उभिएको छु । के फेरि दमकको यो हाम्रो घरले त्यस्तो सुदिन फर्काउन सक्ला ? अथवा हामीले त्यस्तो बनाउन सकौंला ? एउटा ज्यादै जटिल प्रश्न बोकेर म 'घर' सम्झिरहेको छु ।

ooo

# प्रदेश पाँच नम्बर

✍ **प्रा.डा. हिरण्यलाल ज्ञवाली**
**बुटवल बहुमुखी क्याम्पस, रूपन्देही**

रोल्पा रूकुम सल्यान दाङ् बाँके बर्दिया अनि
गुल्मी पाल्पा रूपन्देही अर्घा कपिल छन् यहीं
पाल्हीको पश्चिमी खण्ड पर्छ पाँच प्रदेशमा
गर्व लागिरहेको छ मलाई बुद्धभूमिमा ।

भित्री मधेशका साथै तराई पनि उर्वर
अग्ला पहाड हाँसे झैं देख्छु मैले यतातिर
अति सुन्दर यो क्षेत्र प्रदेश पाँच नम्बर
भाषा साहित्यको धारा बग्छ नित्य निरन्तर ।

वैयाकरणका सूत्र लेख्ने पाणिनिको स्थल
प्रसाद कौमुदी लेख्ने सेन शाासकको स्थल
उजीरसिंह थापाको वीरताको यही स्थल
धरणीतलमा यस्तो छँदैछैन कुनै स्थल ।

शालग्रामशिलासाथै छन् कालीगण्डकी जहाँ
राजा भरथरीलाई सिद्धि प्राप्त भयो जहाँ
देवदत्त र प्रम्लोचा रुरुको पुण्य धाममा
सांसारिक कुरा बिर्सी बस्छन् महर्षि ध्यानमा ।

प्रज्ञापारमिता ग्रन्थ लिपिबद्ध भयो जहाँ
विचार रोपिएका छन् महात्मा बुद्धका जहाँ
साङ्ख्य दर्शनका साथै बौद्ध दर्शनका पनि
विद्वद्वर-विदूषी छन् प्रवर्तकहरू यहीं ।

सुरक्षित रहेका छन् जहाँ रामापिथेकस
सभ्यताको बिहानीका तिनै हुन् आदिमानव
यो धराभरि पाइन्छ मृतसञ्जीवनी बुटी
छन् महामुनिका बास झोपडी र गुफा कुटी ।

गुन्जिएको यहींबाट धारा निर्गुणभक्तिको
बजेको एकतारेमा गाथा श्रीरामभक्तिको
भानुका गुरुको प्यारो थलो हो छविलालको
पाँच नम्बर भूभाग आकर्षक विशाल हो ।

गर्व लाग्छ मलाई त नेपाली भन्न पाउँदा
प्रदेश पाँच हो भन्दा हुन्छु गर्वित झन् सदा
बुद्धको जन्मभू प्यारो यो धराधाम लुम्बिनी
ज्ञानको ज्योतिले हुन्छ उज्यालो जहिले पनि ।

ooo


**नगरवासीहरूमा हार्दिक अनुरोध**

- जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद एवं बसाइसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर ढल विसर्जन स्थलको रूपमा प्रयोग नगरौं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- नगरपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- रूख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं, स्वच्छ वातावरण बनाऔं ।
- खुल्ला स्थानमा दिशापिसाव नगरौं, सभ्य नागरिकको परिचय दिऊँ ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरुत्साहित गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- फोहोर अव्यवस्थित रूपमा खाली जग्गा, सार्वजनिक स्थल, सडक, नदी, नहरका छेउमा फाल्दा नगर नै दुर्गन्धित हुने भएकोले यसरी अव्यवस्थित रूपमा फोहोर फाल्ने कार्य तत्काल बन्द गरी फोहोर उत्पादन तहमै, स्थानीय टोल समुदाय तहमै व्यवस्थित गर्न, फोहोर संकलन गर्ने सवारी साधन (टेक्टर, टिप्पर आदि) मा राखी पठाई नगर सफा राख्ने अभियानमा सहयोग गर्नुहुन अनुरोध छ ।
- फोहोर सकेसम्म कम उत्पादन गर्न र जैविक अजैविक उत्पादित फोहोरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहोरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऊँ । फोहोर व्यवस्थापनको लागि तोकिएको शुल्क समयमा नै तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- फोहोर जथाभावी सडक, नाली, कुला, खोलानाला, चौर कतै पनि फाल्ने व्यक्तिलाई, फोहोर व्यवस्थापनमा अवरोध गर्नेलाई नगरपालिकाको फोहोर व्यवस्थापन ऐन, २०७५ बमोजिम जरिवाना तथा कैद सजाय हुने कानुनी प्रावधान रहेको ब्यहोरासमेत जानकारी गराउँदछौं ।
- सवारी साधन जथाभावी रूपमा पार्किङ्ग नगरौं ।
- पूर्व पश्चिम लोकमार्ग तथा सहायक मार्गहरू मिची सडकमा भौतिक संरचना निर्माण सामग्री नराखौं ।
- आफ्नो टोललाई हप्ताको एक दिन नियमित रूपमा सफा गर्ने गरौं ।

**रेसुङ्गा नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय, तम्घास, गुल्मी**

# सङ्घीयतामा संस्कृत शिक्षा

✍ **नवराज पाण्डेय 'चातक'**
**-सह-प्राध्यापक - ने.सं.वि.**
**परमानन्द संस्कृत गुरुकुल-विद्यापीठम्**
**देवघाटधाम, तनहूँ**

## १. पृष्ठभूमि

सबै राष्ट्रको आ-आफ्नो भाषा, संस्कृति र पहिचान छुट्टाछुट्टै हुन्छ । जसमा राष्ट्रिय स्वाभिमान मौलाएको हुन्छ । राष्ट्रियता घनीभूत हुन्छ र राष्ट्रभक्तिको भावना जुर्मुराएको हुन्छ ।

नेपालको राष्ट्रभाषा नेपाली हो, जसले हाम्रो गौरवगाथालाई बोकेको छ । त्यही नै हाम्रो प्राण हो, आत्माको अभिप्राय व्यक्त गर्ने माध्यम हो । परापूर्व कालदेखि चलिआएको वैदिक परम्परामा आधारित परिपाटीमा केही थप विशेषताले सुशोभित संस्कृति नै नेपालको संस्कृति हो । नेपालीपन हाम्रो पहिचान हो । संसारको उच्च वीरता बोकेको इतिहास र विश्वको सर्वोच्च शिखर सगरमाथा हाम्रो सान हो ।

जनक, बुद्ध र भृकुटी हाम्रा आदर्श हुन् भने कालीगण्डकी, पशुपतिनाथ र लुम्बिनीले हाम्रो गौरव विश्वमा माथि उठाएका छन् । नेपाली भाषा हाम्रो अस्तित्वको प्रतीक हो । यसलाई सबल बनाउनु नेपालीमात्रको कर्तव्य हो ।

अनेक टुक्रामा बिला लागेको नेपाललाई पृथ्वीनारायण शाहले भौगोलिक र राजनैतिक रूपमा एकीकरण गरेर नेपालको अस्तित्व समाप्त हुनबाट बचाए भने आदिकवि भानुभक्त आचार्यलगायतका नेपाल जननीका सुपुत्रहरूले भाषिक एकीकरण गरेर नेपाली भाषालाई राष्ट्रभाषाको रूपमा स्थापित गर्न मद्दत गरे ।

हाम्रो संस्कृतिको उद्गम स्रोत पहिलो र श्रेष्ठ ग्रन्थ वेद हो भने नेपाली भाषाको उद्गम स्रोत संस्कृत हो, त्यसैले संस्कृत भाषा नेपाली भाषाको जननी हो ।

## २. विषयप्रवेश

आर्य संस्कृतिको उद्गमस्थल नेपाल आज अनेकौं युगान्तकारी परिवर्तनका फड्का मार्दै राजनैतिक रूपमा नयाँ व्यवस्थाअन्तर्गत सङ्घीयताको ढाँचामा प्रवेश गरेको छ । यस्तो अवस्थामा विभिन्न विकृति र विसंगतिले कमजोर खाले मनलाई ढलफल्याउने प्रयास गर्दछ । त्यसैले यस्तो समवेदनशील अवस्थामा

आफ्नो संस्कृति, सभ्यता र पहिचानरूपी अपार निधि जोगाइराख्नु हामी सबैको कर्तव्य हो ।

नेपाल सङ्घीय व्यवस्थामा गइसकेपछि पनि हाम्रो भाषा-संस्कृति र सभ्यताले मेचीदेखि महाकालीसम्म र हिमालदेखि तराईसम्मका सबै नेपालीलाई एक सूत्रमा बाँधेको हुनुपर्दछ । यसो नभए राष्ट्र कमजोर हुन्छ, राष्ट्र नरहे राज्य र जनताको अस्तित्व कल्पना गर्नु निरर्थक हुन जान्छ ।

कसैलाई संसारबाट नामेट गर्नु छ भने पहिले उसको धर्म र संस्कृतिलाई समाप्त गर अनि उसको भाषालाई, त्यसपछि ऊ स्वतः समाप्त हुन्छ भन्ने तथ्यात्मक भनाइलाई हृदयङ्गम गरेर राष्ट्रका विधिनिर्माताले आफ्नो अस्तित्व बचाउन एकजुट हुनुपर्ने हो तर दुर्भाग्यवस आज त्यसो हुन सकिरहेको छैन ।

## ३. राष्ट्रलाई आवश्यक शिक्षा

आज राष्ट्रलाई नैतिकवान्, चरित्रवान्, इमान्दार र सक्षम व्यक्तिको खाँचो छ । नैतिकवान्, चरित्रवान् र इमान्दार बन्नको लागि नैतिक शिक्षाको अध्ययन आवश्यक पर्दछ । हाम्रो देश आज शिक्षा क्षेत्रबाट अगाडि बढ्ने प्रयास गर्दैछ, तर कतिपय शैक्षिक कमजोरीका कारण हाम्रो धर्म, संस्कृतिका प्रतिकूल कुराले समाजमा विकृति र विसंगति निम्त्याउनुका साथै नैतिकताहीन, आचरणभ्रष्ट, अकर्मण्य जमात उत्पादन गर्ने थलो बनेका छन् शिक्षालयहरू । भविष्यका कर्णाधार हाम्रा बालबालिकाहरूमा आफ्नो मौलिक संस्कृति, सभ्यता र नैतिकताको ज्ञान हुने शिक्षा नीति देशमा लागू गर्नु जरूरी छ ।

जुन शिक्षाले सुसंस्कार दिन सक्दैन त्यस्ता शिक्षाबाट समाजमा उच्छृङ्खलता, उद्दण्डता, अनुशासनहीनता र आत्मविश्वासको अभाव मौलाउँछ । सन्ततिले आफ्ना बाबुआमाप्रति कस्तो व्यवहार गर्छ, समाजमा कुन रूपले प्रस्तुत हुन्छ भन्ने कुरा उसको शिक्षामा भर पर्दछ । शिक्षाको जग नै सुसंस्कार हो, जसबाट अनुशासित, सुसंस्कृत, भव्य, सभ्य समाजको सिर्जना हुन्छ । संसारलाई आज त्यस्तै अनुशासित, सक्षम र कर्तव्यनिष्ठ व्यक्तिहरूको खाँचो छ ।

आज घरयसी संस्कार बिग्रिनुका साथै सामाजिक अनुशासन र नैतिकताविहीन शिक्षाले गर्दा विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरूबाट उत्पादन भइरहेको शिक्षितवर्ग संस्कारहीन, नैतिकताहीन, आत्मविश्वासविहीन र असक्षम भएकै कारण बेरोजगारीको सिकार भई जीविका निर्वाहको लागि विदेश पलायन हुन बाध्य भएको छ । त्यसैले देशमा आज संस्कारमूलक, ज्ञानमुखी र व्यावसायिक शिक्षाको आवश्यकता बढेको छ ।

समाजका प्रबुद्धवर्ग, समस्त अभिभावक, राष्ट्रका नीति निर्माता र जिम्मेवारी तहमा आसीन व्यक्तिहरूले समयमै शिक्षा पद्धतिको बारेमा विचार नगर्ने हो भने हाम्रा बालबालिकाहरूले सुसंस्कारयुक्त आत्मबल बढाउने जीवनोपयोगी शिक्षा पाउन सक्दैनन् । फलतः नेपाल विदेशको लागि मजदूर उत्पादन गर्ने देशको रूपमा परिणत हुन सक्नेछ । त्यसैले आफ्ना वरिपरिका हावा, पानी, माटो, समाज र वातावरणको बारेमा ज्ञान हुनुको साथै आहार-विहार, स्वास्थ्य, कृषि, वनस्पति, भूगर्भ, खगोल, भूगोल आदि मानवजीवनसँग सम्बन्ध राख्ने विषयवस्तुको वैज्ञानिक आधारमा अध्ययन हुनुपर्दछ । आध्यात्मिक दर्शनका सिद्धान्त र भौतिक विकासका प्रविधिहरूलाई सँगै आत्मसात् गरी ज्ञान र विज्ञानको समन्वय भएको शिक्षा पद्धति देशमा लागू भए शैक्षिक बेरोजगारीको समस्यासमेत उत्पन्न हुने थिएन ।

## ४. सङ्घीयतामा शिक्षा

नेपाल राजनैतिक रूपले सङ्घीयतामा अगाडि बढ्दैछ । यस परिप्रेक्ष्यमा राष्ट्रिय र प्रादेशिक शिक्षानीति एउटै हुनुपर्दछ । शिक्षालाई राजनीतिको घेराभन्दा माथि राख्नुपर्दछ । शिक्षामा राजनीतिको प्रभाव पर्‍यो भने त्यसले शिक्षा क्षेत्र नै धमिलिन्छ र त्यस्तो शिक्षाको स्तरीयताप्रति प्रश्न चिह्न खडा हुन्छ । परिणाममा त्यस्तो शिक्षा विश्वमान्यताको कसीबाट पर्गेलिन सक्छ ।

## ५. सङ्घीयतामा संस्कृत शिक्षा

विश्व मानचित्रमा भौगोलिक रूपमा अत्यन्त सानो रहेको नेपाल संस्कृत शिक्षा र पूर्वीय संस्कृतिको कारण अरूभन्दा श्रेष्ठ, आदरणीय र महान् मानिन्छ । नेपालजननीको काखमा जन्मिएका बुद्धले धर्म, संस्कृतिको माध्यमबाट विश्वमा बुद्धधर्मको रूपमा नयाँ धर्म स्थापित गरेर विश्वविख्यात भए । आज धेरै राष्ट्र बुद्धधर्मका अनुयायी छन् र नेपाललाई बुद्धकै कारणले तीर्थ मान्दछन् ।

विश्वका समस्त हिन्दूको आस्था र विश्वासका केन्द्र वेद, पुराण, रामायण, महाभारत आदि ग्रन्थका विस्तार एवं निर्माणकर्ता वेदव्यासको जन्मभूमि नेपाल, विश्वको अतिश्रेष्ठतम संस्कृत व्याकरणका निर्माता पाणिनिको तपस्थल र कर्मस्थल नेपाल, पशुपतिनाथको देश नेपाल, सगरमाथाको देश नेपाल, भृकुटी, जनक र सीताको देश नेपाल संस्कृत शिक्षाबाटै अगाडि बढेको हो । संस्कृत शिक्षाविना यहाँको अस्तित्व रहन सक्दैन ।

नेपाल सङ्घीयतामा परिणत भइसकेपछि पनि राष्ट्रिय शिक्षा पद्धतिअनुरूप संस्कृत शिक्षालाई अझ प्रोत्साहन दिनुपर्दछ ।

"संस्कृतं नाम दैवीबागन्वाख्याता महर्षिभिः ।" (काव्यादर्श, दण्डी) अर्थात् संस्कृत देवभाषा हो । त्यसको कारण हामी पनि देवताको कोटिमा पुग्न सक्छौं । यदि

दानव नै बन्नु छ र अधःपतनको बाटोमा लाग्नुछ भने त जे मन लाग्छ त्यही गरे भयो । जीवन र जगत्लाई सुन्दर पार्नुछ भने संस्कृत शिक्षालाई अवलम्बन गर्नुपर्दछ । राष्ट्रलाई सभ्य, भव्य र सक्षम बनाउनका लागि संस्कृत शिक्षा अपरिहार्य छ ।

## ६. वर्तमान शिक्षा पद्धतिबाट उत्पन्न समस्या

हाम्रो शिक्षा पद्धतिमा रहेको केही कमजोरीले गर्दा राष्ट्र त पछि पर्‍यो नै, जनता पनि सक्षम, जागरूक र स्वावलम्बी बन्न सकेनन् । आज आफैमा विश्वास छैन, आफ्नो देशमा भरोसा छैन, राष्ट्रपति जिम्मेवारी र इमान्दारी छैन । राष्ट्रको सचिव, प्राध्यापक जस्तो उच्च ओहदामा रहेको व्यक्ति अमेरिकाको डिभी परेर मक्ख छ । त्यहाँ गएर कैदीझैं निरीह बनेर बस्नु पर्दा उसलाई लाज लाग्दैन । नेपालमा रहेको आफ्नो सर्वस्व छाडेर विदेशमा बस्न मन पराउँछ । आफ्नो सम्पत्ति विदेशमा राख्न पाउँदा ढुक्क र सुरक्षित भएको महसुस गर्दछ । यसमा वर्तमान नेपालको शिक्षा पद्धति धेरै अंशमा कारक बनेको छ ।

वर्तमान शिक्षा पद्धतिबाट उत्पन्न समस्याहरू बुँदागत रूपमा यसप्रकार छन् :-

१. नैतिकताहीन, आचारभ्रष्ट जमातको निर्माण हुनु,
२. राष्ट्र, राष्ट्रियता र देशभक्तिको भावना जागृत नभएको समूह निर्माण हुनु,
३. आत्मविश्वास र कर्तव्य परायणतारहित समाजको निर्माण हुनु,
४. सीप र जाँगररहित असक्षम समूहको निर्माण हुनु,
५. आफ्नो संस्कृति, परम्परा र इतिहासप्रति अनभिज्ञ समूह निर्माण हुनु,
६. शिक्षित बेरोजगार संख्याको वृद्धि हुनु,
७. परावलम्बी हुनुपर्ने बाध्यताको शिकार हुनु, आदि ।

## ७. आवश्यक शिक्षाको स्वरूप

व्यावहारिक, सीपमूलक र ज्ञानवर्धक शिक्षाबाट नै व्यक्तित्व, समाज र देशको उन्नति हुन सक्दछ । पुस्तकीय ज्ञानमात्र शिक्षा नभएर जीवनोपयोगी एवं समाजोपयोगी शिक्षाको नै आज आवश्यकता छ । आत्मिक सुखको लागि नैतिक शिक्षा र भौतिक सुखको लागि प्राविधिक शिक्षा सर्वसुलभ हुनुपर्दछ । जसबाट व्यक्तित्वको विकास, समाजको उत्थान र राष्ट्र सबल हुन सक्दछ ।

## ८. वर्तमान शैक्षिक समस्या समाधानका उपायहरू

१. कक्षा तीनदेखि स्नातक तहसम्म नैतिक शिक्षाको अनिवार्य पठनपाठन हुनुपर्दछ ।

२. नेपाली भाषा नेपालको राष्ट्रभाषा एवं अधिकांश नेपालीको मातृभाषा भएको हुँदा कक्षा १ देखि स्नातकसम्म अनिवार्य हुनुपर्दछ ।

३. नेपाली भाषा एवं संसारका अधिकांश भाषाको जननी संस्कृत भाषा भएको र विश्वको सर्वश्रेष्ठ वाङ्मयले समृद्ध तथा परिपूर्ण भएको संस्कृत भाषा कक्षा तीनदेखि स्नातक तहसम्म एक विषय पठनपाठन हुनु अनिवार्य छ ।

४. शैक्षिक संस्थालाई राजनीतिको अखडा नबनाई विशुद्ध शैक्षिक वातावरणमा सीपमूलक, आयमूलक, रोजगारीमूलक, प्राविधिक विषय अध्ययन गर्न सबैलाई सहज हुनुपर्दछ ।

५. हाम्रो संस्कृति, सभ्यता र परम्परा वैदिक वाङ्मयबाट उत्पन्न भएको हुँदा त्यसको संरक्षण र आत्मपहिचानको लागि पनि संस्कृत वाङ्मयको अध्ययन गर्न पाउनु सबै नेपालीको अधिकार र कर्तव्य भएकोले तदनुकूलको शिक्षा पद्धति लागू हुनुपर्दछ ।

६. नेपालको संस्कृति, सभ्यता र परम्पराको जग भत्काउने कुचक्र चारैतिरबाट चलिरहेको हुँदा समयमै सचेत भई गुरुकुल शिक्षा र सं.मा.वि.लाई विशेष प्रोत्साहन दिन सरकारले आवश्यक कदम चाल्नुपर्दछ ।

७. नेपाल संस्कृत विश्वविद्यालय, संस्कृत गुरुकुल र सं.मा.वि.हरूको बीचमा पारस्परिक शैक्षिक सम्बन्ध स्थापना गरी पठनपाठन र परीक्षा प्रणाली चुस्तदुरूस्त हुनुपर्दछ ।

यी सात बुँदे सुझावमा सम्बन्धित उच्च निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।

ooo


# किरण पुस्तकालय

**तम्घास, गुल्मीबाट**

***एक दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित भएका छन् । गुल्मीबारे जानकारी प्राप्त गर्न यी पुस्तकहरू खोजी खोजी पढ्नुहोस् ।***

# घर, घाट र मान्छे

✍ **डा. कपिल लामिछाने**
**सिद्धार्थनगर, भैरहवा, रूपन्देही**

छिमेकीको देहान्त भएको थियो । उनीहरू सक्रिय भई दाहसंस्कार सकेर घरतर्फ फर्किंदै थिए । जलेका ठुटा मुढाहरूको दृश्य र मसाने गन्धबाट उनीहरू उकुसमुकुस भइसकेका थिए । त्यहाँबाट अब भने टाढिँदै थिए । एउटा असल सामाजिक कार्यकर्तालाई अन्तिम बिदाइ गर्नुपर्दा मन भारी भइरहेको थियो । उनको प्रशंसा गर्दै उनीहरू बाटो काट्न थाले ।

"उनी सारै असल थिए । कहिल्यै कसैसँग उनको झगडा भएको थाहा छैन ।"

"उनले कहिल्यै कसैको कुभलो चिताउनसम्म पनि चिताएनन् ल ।"

"उनले दिल खोलेर सबैलाई सहयोग गरेथे । त्यस्तो पो मान्छे !"

"त्यही भएर त म भन्छु, के लिएर आएका थियौँ अनि के लिएर जान्छौँ । कमाएको सबै यहीँ रहन्छ । एकछिनको तँ तँ र म म मात्र । … बित्थामा !"

"कुरा ठीक हो । असल कर्ममात्र साथ जान्छन् । दुनियाँले बुझे पो ।"

"उनले देखाएको बाटामा हिँड्नु नै उनीप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ ।"

"ठीक हो । दुनियाँले बुझे पो ।"

उनीहरू छिमेकीका सत्कर्मको चर्चा गर्दै बाटो काट्दै थिए ।

अकस्मात् बाटोका छेउमै एउटा झोला देखापर्‍यो । झोलामा एक्कासि दुबैका आँखा गिद्ध झैँ झम्टिए । दुबै मिलेर त्यहीँ छेउमा टुक्रुक्क बसेर एकैछिनमा झोलाको फटाफट शल्यक्रिया गरे । झोलामा मोबाइल, केही नगद, औँठी, सित्री रहेछन् । उनीहरूका आँखामा अकस्मात् खुसी छचल्कियो । उनीहरूले सबै पाईपाई हिसाब गरेर बाँडे । थोरै चित्त नबुझ्दा भनाभन पनि भयो, तर त्यो परालको आगो झैँ तुरून्तै निभिहाल्यो । छुट्टिने बेलामा उनीहरूले मनमनै भने, "वास्तवमै उनी सारै असल मानिस रहेछन् ।"

मृतक छिमेकीको असलपनको उँचाइ एक्कासि झन् बढ्यो । ठूलो उपलब्धि भएको महसुस गर्दै उनीहरू प्रसन्नचित्त बेलैमा घर पुगे ।

०००

# आस्तिक र नास्तिक : छलफल

✍ **उत्तरकुमार पराजुली**
**अर्घाखाँची, हाल : काठमाडौं**

संस्कृत भाषामा अस्तिको अर्थ 'छ', 'हो' हुन्छ । सोझो अर्थमा 'छ' भन्नेहरू आस्तिक हुन् । तर के कुरा 'छ' भनिएको हो भन्ने कुराले बहस लम्बाचौडा बन्छ । शब्दकोशले आस्तिकको अर्थ यसरी गरेको छ– परलोकको अस्तित्व मान्ने, परलोकमा श्रद्धा वा आस्था राख्ने, वेद, ईश्वर, पूर्वजन्म, परजन्म आदिमा विश्वास राख्ने ईश्वरवादीलाई आस्तिक भनिन्छ ।

अस्तिका अगाडिपट्टि न जोडिएर नास्ति शब्द बन्छ । त्यसैले नास्तिक शब्दको अर्थ ईश्वर, देवता, परलोक, पुनर्जन्म आदि नमान्ने, परलोक छैन भन्ने, वैदिक धर्ममा विश्वास नराख्ने, वेदलाई नमान्ने वा वेदको निन्दा गर्ने, परमात्मा वा विश्वविधातालाई नमान्ने भनिएको छ ।

यो परिभाषा कसले गर्‍यो ? कुन कित्तामा (आस्तिक वा नास्तिक) बसेर गर्‍यो ? भन्ने कुरा छलफलको विषय हुन सक्छ । माथिको परिभाषा भनौँ वा कित्ताकाट भनौं कति तर्कसङ्गत छ भन्ने कुरा पनि चर्चायोग्य विषयवस्तु बन्न सक्छ । यहाँ अध्यात्मवादी वा आस्तिक र भौतिकवादी वा नास्तिकको छोटो बहसको तारतम्य मिलाइएको छ ।

**अध्यात्मवादी** – 'ब्रह्म सत्यं जगन्मिथ्या' ब्रह्म सत्य हो र जगत् वा संसार झूठो हो । यो हाम्रो आदर्श हो । सत्य सधै सत्य नै हुनुपर्छ । सत्य सधै उही हुनुपर्छ । संसार परिवर्तनशील छ र सांसारिक कुनै पनि वस्तु सत्य हुन सक्तैन । संसार माया हो । 'मा' भनेको 'होइन' भनेको हो र 'या' भनेको 'यो' हो । अर्थात् मायावी वस्तु सत्य हुन सक्तैन भन्ने कुरा आफैले अर्थ्याइरहेको छ । हिजो नभएको कुरा आज हुने र आज भएको कुरा भोलि नहुनेलाई कसरी सत्य भन्ने ? त्यसैले निरञ्जन (रङ्ग नभएको) र निराकार (आकार नभएको) परब्रह्म परमात्मा नै एक सत्य हो । रङ्ग नभएकोले कहिल्यै फिका, गाढा हुने कुरा भएन । आकार नभएकोले सानो, ठूलो, चारकुने, पाँचकुने, अग्लो, होँचो आदिको समस्या पनि रहेन । अर्थात् परिवर्तनको समस्या नै भएन । त्यसैले सत्य परब्रह्म मात्रै छ ।

**भौतिकवादी** – पहिलो कुरा त यो आस्तिक र नास्तिकको परिभाषा ठीक छैन । परिभाषा गर्ने व्यक्ति तटस्थ हुनुपर्छ । तर माथिको परिभाषा स्वघोषित आस्तिकको रङ्ग नसानसामा तरङ्गिएका व्यक्तिले बनाएको हो भन्ने कुरा घाम जस्तै छर्लङ्ग

छ । हामीले जे छ त्यही सत्य हो भन्छौँ । हाम्रा ज्ञानेन्द्रियले जे अनुभव गर्छौँ त्यसैलाई सत्य भन्छौँ । ज्ञानेन्द्रिय पहुँचपारिको कुरा कसरी सत्य हुन सक्छ ? कसरी स्विकार्न सकिन्छ र ? हुँदै नभएको ईश्वरलाई छ भन्ने र देखे, जानेको, भोगेको कुरालाई हैन, छैन, झूठो हो भन्ने यी अध्यात्मवादीका कुरालाई वास्तवमै एक बौलठ्ठीपनको प्रमाण हो भन्न सकिन्छ ।

**अध्यात्मवादी** – भौतिकवादीले भनिने सत्य नाचघरको रङ्गमञ्चमा फ्याकिएको रङ्गिन प्रकाशले देखिने दृश्य जस्तै हो । कुशलतापूर्वक फ्याकिएको प्रकाशले रङ्गमञ्चमा जसरी त्यहाँको वास्तविक, दृश्यलाई देख्न दिइरहेको हुँदैन त्यसैगरी वास्तविक आत्मालाई पहिचान नगरी भौतिकतामा सत्य स्थापित गर्न खोज्छन् यी भौतिकवादीहरूले । क्षणिक जादूगरीलाई सत्य मान्दा त्यसलाई प्रमाणित गर्न गाह्रो हुन्छ । पानीको फोको ति : ति : भन्दाभन्दै फुट्छ । हेर्न वा देख्न खोज्नेले खोइ खोइ भन्दाभन्दै फुट्छ र देखाउन सकिदैँन । यस्तो क्षणभङ्गुर पनि सत्य हुन्छ र ? सत्य त अटल, अजर, अमर हुनुपर्छ ।

**भौतिकवादी** – त्यो देख्न, सुँघ्न, छाम्न, चाख्न, सुन्न नसकिने सत्यभन्दा क्षणिक सत्य धेरै गुना ठूलो हुन्छ, महत्त्वपूर्ण हुन्छ । परिवर्तनशील संसारमा अपरिवर्तनशील सत्य खोज्नु एक अनावश्यक झमेला मात्र हो । गुडिरहेको, उडिरहेको यातायातका साधनमा बसेर स्थिर छु भन्ने भ्रम मात्रै हो । पानीको फोका देखिएको क्षणिक सत्य हो र एकैछिनपछि सो फोका नभएको वा अस्तित्वहीन भएको उत्तिकै सत्य हो । त्यसो होइन भन्ने हो भने व्यक्ति असत्य, वक्ता असत्य, श्रोता असत्य अनि सबै शुद्ध असत्यै असत्यको जमघटमा ज्ञानातीत सत्यको बहस गर्नु स्यालको सिङको सन्दर्भमा बहस गर्नु जस्तै हो ।

**अध्यात्मवादी** – यी भौतिकवादीहरू ज्ञानचक्षु(ज्ञानका आँखा), प्रज्ञाचक्षुमा विश्वास नगरी केवल चर्मचक्षुका दृश्यको मात्रै कुरा गर्छन् । यो नै उनीहरूको अल्पज्ञता हो । जबसम्म ज्ञानचक्षु खुल्दैन तबसम्म व्यक्ति खसेको पातजस्तै हावाको लहलहैमा कताकता बरालिन्छ । उसमा स्वत्व भनौँ वा आफ्नोपन हुँदैन । ज्ञानेन्द्रियमा अनेक भ्रम हुन्छन् । कमलपित्तको रोगीले संसार पहेँलो देख्दैमा संसार सबैले पहेँलो देख्दैनन् । ज्वरोको बिरामीलाई खाना मीठो लागेन भन्दैमा खाना वास्तवमै नमीठो हुँदैन, पिनासका बिरामीले गन्ध थाहा नपाउँदैमा सबैको सुँघ्ने शक्ति हराएको हुँदैन, कानमा कानेकुजी भरिएकाले मधुर आवाज सुनेन भन्दैमा सबैको त्यो समस्या हुँदैन, पक्षघातले स्पर्श शक्ति गुमेको अङ्गले तातो चिसो थाहा पाएन भन्दैमा कुनै वस्तुको तातो चिसोपन हराउँदैन । यस्ता समस्या यी आधारभूत तहको भौतिकवादीमा देखिने समस्या हुन् । तर उच्चस्तरका भौतिकवादीहरूले अनुभूतिजन्य ज्ञानचक्षु (ज्ञानका आँखा) खोलेर कैयौँ सिद्धान्त प्रतिपादन गरेका छन् । पदार्थको सबैभन्दा सानो टुक्रा परमाणुलाई

चर्मचक्षु (नाङ्गो आँखा) ले कसले देख्न सक्छ र ? अझ त्यसभित्रका इलेक्ट्रोन, प्रोटोन, न्यूट्रोन त देख्न सकिने कुरै भएन । ती इलेक्ट्रोन पनि विभिन्न कक्षमा घुम्छन् भन्ने कुरा आँखैले देखेर पत्याएको कहाँ हो र ? आँखाले देखिने प्रकाश *(visible light)* र आँखाले नदेखिने प्रकाश *(Invisible light)* भनेर उनीहरूले नै व्याख्या गरेका छन् । देख्न, छुन, छाम्न, सुँघ्न, सुन्न, चाख्न नसकिने कुराको पनि त अस्तित्व स्वीकारेका छन् । यी कुराले भौतिकवादीहरूको यो अवस्था आध्यात्मवादतिर सङ्क्रमण गर्ने एक प्रारम्भिक पाइला हो भन्न सकिन्छ ।

**भौतिकवादी** – (कुरो त साँच्चै तरिकाले पक्डे त यी अध्यात्मवादीहरूले) वास्तवमा हामी आस्तिक हौँ । आस्तिक शब्द संस्कृतको अस्ति शब्दवाट बनेको हो । अस्तिको अर्थ हुन्छ 'छ' वा 'हो' । नास्तिको अर्थ हुन्छ 'होइन' वा 'छैन' । कुनै कुरा हुनु भनिनुले उसको अस्तित्व स्वीकारेको हुन्छ । हामी भएको कुरालाई छ भन्छौँ । हामी अस्तित्ववादी हौँ र त आस्तिक हौँ । आशावादी हौँ । अध्यात्मवादीहरू देखिने, छामिने कुरालाई झूठ असत्य भन्छन् । होइन, छैन भन्छन् । त्यसैले अध्यात्मवादीहरू वास्तवमा नास्तिक हुन् । ती निराशावादी हुन् ।

**अध्यात्मवादी** – (वास्तवमा कुरो ल्याए त यी भौतिकवादीहरूले) भौतिकवादीहरू ईश्वर छैन भन्छन् । यो नै उनीहरूले ईश्वरप्रतिको आस्था वा विश्वास हो । अस्तित्वमा नआईकन कुनै कुराको अभाव हुँदैन । हाम्रो जानकारीमा नआएका थुप्रै कुरा छन् । तर ती कुराको सन्दर्भ लिएर छैन भन्दैनौँ । छैन, होइन भन्नुको अर्थ अस्तित्व स्वीकार गर्नु हो । त्यसैले भौतिकवादीहरूले ईश्वर छैन भन्नु र ईश्वर परमात्मालाई मान्दिन भन्नुले नै अस्तित्व स्वीकारेको ठहर्छ । जस्तै कठोर भौतिकवादीले पनि आफ्नो जन्मदाता बाआमालाई स्वीकार्छ । हजुरबा हजुरआमालाई स्वीकार्छ । यो उसले पूर्वजुनी स्वीकारेको हो । त्यसैगरी छोरा छोरी नातिनातिनालाई स्वीकार्छ । यो उसले पुनर्जन्म स्वीकारेको हो । नस्वीकार्नेले उचित तर्क दिन सक्नुपर्‍यो । राम्रो काम गरे अघिल्लो जन्म सुध्रन्छ, अर्को जुनी सुध्रन्छ भनेको बाआमा, हजुरबा, हजुरआमा, छोरा, छोरी, नाति, नातिना सुध्रन्छन्, उनीहरूको इज्जत बढ्छ भनेको हो । यसमा नमान्नु पर्ने नपत्याउनु पर्ने के कुरा छ ?

**भौतिकवादी** – (कुरो त ल्याए है) अध्यात्मवादीले वेदलाई ज्ञानको मूल आधार मान्छन् र वेदको आलोचना वा खण्डन गर्नेलाई नास्तिक भन्छन् । 'नास्तिको वेद निन्दक' भन्ने मन्त्र बनाएका छन् अध्यात्मवादीले । वेद मान्छौँ भन्छन् । वेदले अग्नि, जल, सूर्य, चन्द्रमा, वायुलाई देवता मानेको छ । (अग्नि देवता वातो देवता सूर्यो देवता चन्द्रमा देवता वृहस्पति देवता ....) यी सबै भौतिक कुरा हुन् ।

वैदिक मन्त्र शान्ति पाठमा ....नमो ब्रह्मणे नमस्ते वायो, त्वमेव प्रत्यक्षं ब्रह्मासि त्वमेव प्रत्यक्षं ब्रह्म वादिसं (ब्रह्मरूप वायुलाई नमस्कार छ । तिमी प्रत्यक्ष ब्रह्म हौ । तिमीलाई हामी प्रत्यक्ष ब्रह्म भन्छौँ ...) भनेर भौतिक वस्तुलाई ब्रह्म मानेको छ । .... ऋतं वादिसं सत्यं वादिसं (रीति थितिअनुसारको सत्य बोलूँ, प्राकृत सत्य बोलूँ भनेर बहुसत्यको कुरा तिनै शान्ति पाठमा पढ्छन् । तर त्यसको अर्थ मर्म बुझ्दैनन् । यी सुगा रटुवाहरू । अहं ब्रह्मास्मि (म नै ब्रह्म हुँ) भन्ने कुरालाई निकै महत्त्वका साथ बकबकाउँछन् । त्यो 'अहं' भनिने म पनि त भौतिक शरीरमा आधारित 'म' हो । शरीरविनाको 'म' देखाउन सक्छन् र ?

अदालतमा पहिले उजुर गर्ने वादी हुन्छ तर त्यो पीडित नै हो भन्न कहाँ सकिन्छ र ? त्यसो भए त फैसलाको लागि पक्षविपक्षको थुप्रै सुनुवाइ किन गरिरहनुपर्थ्यो र ? यी अध्यात्मवादीले ईश्वर मान्ने नमान्नेको मुद्दा पहिल्यै हालेर हामीलाई नास्तिकको बिल्ला भिराएका मात्र हुन् । हामीले प्रतिवादी जवाफ नदिएर उनीहरूको एकतर्फी फैसला भएको हो । अब उनीहरूका तर्क सकिएका छन् ।

**अध्यात्मवादी** – हो त हामी तिमीलाई (भौतिकवादीलाई) जीवनभर अल्लारे बुद्धिमा रमाउने कुतर्कवादी भन्ने गर्थ्यौं । त्यो त होइन रहेछ । यत्तिको गहिरा गहिरा तर्क गर्नेलाई, वेद, शास्त्रको जरो, जिलो केलाउनेलाई कसरी अल्लारे भन्ने र ?

**भौतिकवादी** – हो त, हामी पनि तिमीहरू (अध्यात्मवादीहरू) लाई अन्धपरम्परावादी, अन्धभक्त भन्थ्यौं । त्यो त होइन रहेछ । यत्तिको विज्ञानसम्मत तर्क गर्नेलाई कसरी अन्धभक्त भन्ने र ?

**अध्यात्मवादी र भौतिकवादी** – लौ अब हामी दुबै आस्तिक । अब हामी बीच कुनै विवाद, फाटो रहेन । 'वादे वादे जायते तत्त्वबोध' भनेको यही हो । संसारका कस्तै विवाद, युद्ध पनि आपसी वार्ताबाटै टुङ्गो लाग्छ । अब हाम्रो विवादको पनि टुङ्गो लाग्यो ।

०००

**किरण पुस्तकालयद्वारा प्रकाशित राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ'का ८१ अङ्क निस्के । तपाईंले कति अङ्क पढ्नुभयो ? सबै अङ्कहरू किरण पुस्तकालयमा पढ्न सकिन्छ ।**

# आनन्द रामायण र वाल्मीकि रामायण : संक्षिप्त अनुशीलन

✍ - प्रा.डा. ऋषिराम पोखरेल
सुन्दरीजल न.पा., काठमाडौं

आनन्द रामायणकार को हुन्
भनेर खुट्याउन मुस्किलै छ ।
वाल्मीकिले यो रचना गरेको,
भनिन्छ, कोटी-युत पद्य यस्को ॥१॥

तथापि धेरै घटनाहरूले,
वाल्मीकि रामायण लेखे कैले ?
लेखे हुनन् भिन्न कुरा दुबैमा,
शङ्का हुने देख्दछु पाठकैमा ॥२॥

विद्वान्हरूले सब ग्रन्थ खोजी,
गरी यथायोग्य प्रमाण रोजी ।
स्पष्ट्याउने कोशिस गर्नुपर्छ,
विद्वान् स्वयंले यति बुझ्नुपर्छ ॥३॥

त्यो जन्मको काण्ड सबै बुझेर,
विलाक्षको काण्ड पढी सकेर ।
हाँस्दै न हाँस्ने कि त खिस्स हाँस्ने,
कसो गरी न्याय निसाफ गर्ने ? ॥४॥

सीता परित्याग भयो कसोरी,
हो चाहना वा परिबन्द हेरी ।
टुङ्गो दिने काम नभैदिएमा,
विवाद देखिन्छ दुबै कुरामा ॥५॥

त्यो तीर्थयात्रा अनि अश्वमेध,
प्रसङ्ग अर्कै लव जन्म भेद ।
बन्दी बने लक्ष्मण वायुपुत्र,
शत्रुघ्न साथै भरतादि साथ ॥६॥

सीता स्वयं बन्धन मुक्त पार्छिन्,
छोरा बुझाई मन शान्त पार्छिन् ।
स्त्रीमाथि, अन्याय गरेर राम,
कसोगरी बन्न गए 'हे राम !' ।।७।।

हरेर ती कोशल - राज कन्या,
सामुद्र-ग्राहा मुखमा दिएका ।
यस्ता अनेकौं दुविधा र शङ्का,
आनन्द रामायण पाठ गर्दा ।।८।।

चैतन्यले सोची 'बुबा !' कसोरी ?
भनी उठाएर प्रसङ्ग जोरी ।
'बुबा !' पढे ध्यान अवश्य पुग्ला,
या देवकोटा सँग सोध्नु पर्ला ।।९।।

गजेन्द्र सुब्बा थर देवकोटा,
कै पुत्र चैतन्य गोर्खाली केटा ।
छपाइएको स्मृति-पुष्प हेर्दा,
यस्तो भयो त्यो सब सार लेख्दा ।।१०।।
जय श्रीराम !!

०००


**काठमाडौं र बुटवलका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहकहरूले निम्नलिखित पुस्तक पसलबाट आफ्नो परिचय-पत्र देखाएर विवरण लेखाई 'हाम्रो पुरुषार्थ' पत्रिका बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।**

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**
भक्तपुर बसस्टप नजिकै
बागबजार, काठमाडौं
फोन नं. ४२४१४८५/२६०९०६

**हिमालय बुक्स हाउस**
मणिपथ, मिलनचोक, बुटवल-११, रूपन्देही
फोन नं. ०७१-५४१००९

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

किरण पुस्तकालय, तम्घास, गुल्मी

# यो समयमा "त्यो समयको" चर्चा

✍ **धनराज गिरी**
**सौराहा, चितवन**

अल्छी त होइन म पुस्तक पढ्न, कर्म र धर्म नै सरस्वतीको मन्दिरसित जोडिएकाले जीवनका लगभग ५५ वसन्त ग्रन्थहरू चर्दैमा बिते । आज यतिखेर वैशाख २९ गते आइतबार चर्चित विदुषी शारदा शर्माकृत "त्यो समय" पढेर भ्याएँ र त्यसमाथि आफ्नो दृष्टि प्रक्षेपण गर्दैछु । बाहिरबाट हेरिने जिन्दगी र व्यक्तिले आफै भोग्ने जिन्दगीमा कति भिन्नता हुन्छ भन्ने कुरा बुझेपछि, छामेपछि मात्र थाहा हुन्छ । जे देखिन्छ त्यही नै सत्य होइन । दरबार र महलभित्र जीवन कति निस्सासिएको हुन्छ भन्ने कुराको सबुत २०५८ साल जेठ १९ गते शुक्रबार हो । अझै पनि कुनै कुनै १९ गते शुक्रबार परेमा म झस्किन्छु । "त्यो समय" शीर्षकले नै विगततिर संकेत गरेको छ । सर्जक शारदा शर्माको जीवनको ४ वर्षको लगभग दैनिकी हो यो । शारदा शर्मा यस्ती सर्जक हुन् जोसम्म पुऱ्याउने काम मेरी ठूली छोरी अनिता गिरीले गरिन् । मैले उहाँका सबै किताबहरू पढेको छु । एउटा प्रसङ्ग : म चाहन्छु शिक्षण पेशामा प्रतिभाशाली पात्रहरू आऊन् । जब घनश्याम शर्मा पौड्याल, बाबुराम भट्टराई र नरहरि आचार्यका बारेमा थाहा पाएँ, अनि मेरो मनले भन्यो "यी पात्रहरू त प्रोफेसर हुनुपर्ने होइन र ?" तर चाणक्य नीति सम्झिदा ठीकै भएजस्तो पनि लाग्यो । अझै पनि यो देशमा राजनीतिमा लागेका गतिला मानिसहरू प्रभावहीन भएजस्ता लाग्छ । नेपाली काँग्रेसभित्र नरहरि आचार्य पनि "भील्लको देशमा मणि" भनूँझैं लाग्यो । "त्यो समय" भित्र शारदाजीले नरहरि आचार्यज्यूको राजनीतिक जीवनको यथासम्भव सत्य कुरा बाहिर निकाल्नुभएको छ । "मधुबालादेखि हेमा मालिनी र रेखासम्म, ऐश्वर्या रायसम्म" आइपुग्दा मुम्बई मायानगरीमा अनेक किस्साहरू सुन्न पाइन्छन् । आइमाई राम्री नहुनु समस्या हो भने राम्री हुनु झन् ठूलो समस्या हो यो मानव संसारमा । आइमाई अनुकूल छैन यो संसार । सत्य हो यो कुरा । नारीवादीहरूको स्वर जायज हो । अपवादलाई छाडेर राम्री आइमाईको हकमा भगवान् त डगमगाएका छन् भने जाबो पुरुष ! गिरिजाप्रसाद कोइराला र सन्त नेता कृष्णप्रसाद भट्टराईका बारेमा शारदाजीले जुन हिम्मतका साथ लेख्नुभयो त्यसलाई हरेक मानिसले आफ्नै सोचानुसार अर्थ लगाउनेछन् । "The world is rounding around money and beautiful women" त्यसै भनिएन । बुढाहरूको इमान डग्मगाएकै हो । सन्त बुढा पनि महिलाका मामिलामा छाडा नै थिए - सुनेको । कोइराला परिवार यौनका मामिलामा अति उदार । त्यो त

शारदा शर्माको बर्दास्त गर्ने क्षमता थियो र दुर्घटना भएन । यी चरित्रहरू पढेपछि मैले अनौठो मानिन । यो यत्ति नै । मुहार पुस्तिकामा यसको सौन्दर्य मीमाम्सा भइसकेको छ । परिवारको एउटा सदस्य राजनीतिमा होमिंदा परिवारको हालत के हुन्छ त्यो भोग्ने मेरो परिवार पनि हो । बैनी राधिका पुरीलाई नायिका बनाएर कुनै दिन यो दाइले उपन्यास लेखेछ भने अनौठो नमाने हुन्छ । बाबुराम पुरी चितवनका चम्किला चारतारे । यो पनि यत्ति नै । दुई छोरी अष्ट्रेलिया पढ्न, पतिदेव राजनीतिमा स्वयम्सेवक । यही खाँचोले पुऱ्यायो शारदाजीलाई दिल्ली । चार वर्ष बडो संघर्षमा बिताउनुभयो र आफूभित्रको अर्की शारदालाई चिन्न पाउनुभयो । त्यति मात्र होइन, "सुख मे सब साथी दु:ख मे न कोई" लाई पनि बुझ्नुभयो । "गणतन्त्र" ल्याएर ठीक भयो वा बेठीक, राजतन्त्र फालेर राम्रो भयो ? यी उनकै "यो समयमा" अनुत्तरित प्रश्नहरू हुन् । झण्डै "पौने माओवादी' बन्नुभएका नरहरिजीले गणतन्त्रको पहिलो मुद्दा उठाउनुभएको थियो । गिरिजाप्रसाद कोइरालासित उहाँ कति नजिक हुनुभयो र कति टाढा हुनुभयो, त्यो कुरा उहाँलाई नै थाहा छ । तर २०६८ चैत २८ को चुनावमा ईश्वर पोखरेलको तारिफ पार्टी सभापतिबाट हुनु शुभ संकेत थिएन नै । तर नरहरिजी हार्नुभएन । उहाँको एजेण्डा पारित भयो । २०७२ साल माघ २६ गतेदेखि उहाँ निष्क्रिय हुनुहुन्छ । यो पनि यति नै । शारदाजीले ठाउँ ठाउँमा जीवनको भित्री तहसम्मका कुराहरू उठाउनुभएको छ । एकातिर "बाबा" प्रति उहाँभित्र असीम प्रेम देखिन्छ भने अर्कातिर "यो मान्छेसित कसरी मैले ३० वर्ष बिताएँ" पनि भन्नुहुन्छ । "टकरार र प्यार" सँगसँगै गएझैं लाग्छ । आफ्नो अडानमा पक्का - दुबै मत मतान्तर स्वाभाविक ।" घरभित्रै यति ठूलो प्रतिपक्ष सामना गर्नुपरेको छ संसद् त केही पनि होइन" नरहरिजी उवाच । सीताजी र म पनि छत्तीसे र चौहत्तरे भएका छौं । उनको "नारीहठ" गज्जब । घरभित्रको कुरा बाहिर ल्याएमा छोराछोरीले गाली गर्छन् । नत्र भने सीताजीले मेरो बारेमा पनि कति लेख्दिहुन् । भन्छिन्, "कुन कुन आइमाईसित बोल्नुहुन्छ, मसित चाहिं मनको कुरा भन्ने होइन ।" वास्तवमा पारिवारिक जीवनमा "असन्तुलनभित्र नै सन्तुलन खोज्ने हो ।" शतप्रतिशत खुसी "पतिपत्नी" उपन्यास, कथा र सिनेमामा मात्र हो । सुन्दर सम्झौता हो पारिवारिक जीवन - वाम गठबन्धन जस्तै । "मुझे बर्दास्त नही कर पावोगे" भनेर सासूआमाले भन्दा अभिनेता "खामोश" उर्फ "शत्रु" ले जवाफ दिएका थिए - "आप की बेटी को तो बर्दाश्त कर लिया, आप क्या है ?" घर घरकी कहानी हो यो । बाहिर आउने र नआउने आफ्नो ठाउँमा । ठूली छोरी अनामिकाको विद्रोह पनि फिल्मी नै छ । "म वस्तु हुँ ?" मेरो जीवनको निर्णय म आफैले गर्न नपाउने ? सुभ्रान्तसित मेरो विवाह हुन सक्दैन भने म आजीवन बिहे नै गर्दिन ।" कत्रो विद्रोह । "छोरी ठूली भइछे" भनेर शारदाजीले चित्त बुझाउनुभएको छ । आखिर अनामिका आफ्नो जीवन साथी आफै छान्न सफल

भएकी छन् । सिड्नीमा राम्रै जीवन बिताइरहेछन्, यतिखेर । सानी छोरी अपाजीताको संघर्ष पनि उस्तै छ । उनी यतिखेर अमेरिकामा ।

समष्टिमा यस कालखण्डकी "सर्वश्रेष्ठ" सर्जक हुन् शारदा शर्मा । विद्वान् पिता महेश्वर शर्माको छत्रछायाँमा हुर्किएकी यी विदुषी निडर छिन् । लागेको कुरा लेख्न सक्छिन् । सोंच धेरै सकारात्मक छ । मलाई कहिले पनि मन नपरेका पात्र हुन् गिरिजाप्रसाद कोइराला । तर "गिद्ध पुरुष" प्रति पनि उहाँ सकारात्मक हुनुहुन्छ । लेखनी लोभलाग्दो छ । ताप र कम्प जस्तै यो किताब पनि लोकप्रिय हुनेछ र धेरैभन्दा धेरै पाठकको माया पाउनेछ । छात्राहरूले पढून् यो किताब र देशको कुना कुनासम्म यो पुस्तक पुगोस् । नरहरि आचार्य जस्ता मानिसहरू ओझेलमा पर्दा आज दल कहाँ पुग्यो । हरेक चारतारेले त यो किताब पढ्नैपर्छ । बधाई शारदाजी !

ooo

**गुल्मीकै गौरव 'किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'को निरन्तरता, विकास र विस्तारका लागि मङ्गलमय कामना प्रकट गर्दछौं ।**

**न्यू शैलजा कमर्सियल सेन्टर**

तम्घास, गुल्मी

**थोपा, थोपा गरेर गाग्री भरिन्छ; तपाईंले थोरै थोरै जम्मा गर्दै गए पनि धेरै हुन्छ ।**

**नियमित रूपमा बचत गर्ने बानी बसाली सहकारी अभियानलाई सफल पार्नुहोस् ।**

**लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.**

**राममन्दिरलाइन, बुटवल-६, रूपन्देही**

फोन : +९७७-७१-५४२०७२, ५४६६७२, फ्याक्स नं. : +९७७-७१-५५००७२

E-mail : lumbinis@yahoo.com, lumbinicop@gmail.com

# ज्योतिषशास्त्रको वैज्ञानिक आधार तथा दैनिक जीवनमा यस विद्याको उपयोगिता

✍ **प्रा. कपिल अज्ञात**
**भरतपुर-१२, चितवन**

सर्वाधिक सम्मानित एवम् सर्वाधिक तिरस्कृत हुँदै आएको सर्वप्राचीन शास्त्र हो - ज्योतिषशास्त्र । यो वेदको एक अङ्ग हो । वेदका प्रमुख षडाङ्ग छन् - शिक्षा, कल्प, व्याकरण, निरूक्त, छन्द र ज्योतिष । यी अङ्गहरूमा ज्योतिषलाई नेत्र भनिन्छ । अङ्गहरूमा नेत्रको महत्त्व अधिक छ । नेत्रले अरूलाई मात्र देख्दैन, आफैलाई पनि देख्दछ । त्यसैले ज्योतिष फलकथनका निम्ति मात्र होइन आत्ममूल्याङ्कन र आत्मदर्शनका निम्ति पनि हो । यो वेदाङ्गभित्र पर्ने एक विज्ञान हो ।

'ग्रहाधीनम् जगत्सर्वम्' ज्योतिषले जीवनजगत्लाई दैवको अधीन बताउँछ । त्यसैले ज्योतिष दैवबोधक वा कालबोधक शास्त्र हो । दैव नै विश्व सिर्जनाको हेतु हो । ब्रह्माले सृष्टि गर्छन्, विष्णुले पालन गर्छन्, शिवले संहार गर्छन् भन्ने शास्त्रीय मान्यता छ । वैदिक कालदेखि अहिलेसम्म ज्योतिषशास्त्रले लोककल्याणकारी कार्य गर्दै आएको छ । ज्योतिषबाटै गणितको विकास भएको हो, ज्योतिषबाटै वास्तुशास्त्रको विकास भएको हो, ज्योतिषबाटै आयुर्वेद आदिको पनि विकास भएको हो । यस्तै कैयौं विषय ज्योतिषबाटै विकसित भएका छन् । जीवनजगत्का जति विषय छन्, ती कुनै न कुनै रूपमा ज्योतिषसँग जोडिएका छन् । यथार्थमा ज्योतिष प्रत्यक्ष शास्त्र हो । यसका साक्षी सूर्य र चन्द्र छन् ।

'यत्ब्रह्माण्डे तत्पिण्डे यत्पिण्डे तत्ब्रह्माण्डे' जो ब्रह्माण्डमा छ त्यो शरीरमा छ, जो शरीरमा छ त्यो ब्रह्माण्डमा छ । हाम्रो शरीर पञ्चमहाभूत तत्त्व अर्थात् पृथ्वी, जल, तेज, वायु, आकाश मिलेर बनेको छ । वैदिक ज्योतिषअनुसार पनि हाम्रो सारा जीवनजगत् नवग्रह मिलेर बनेको छ । नवग्रहमा सातग्रह दृश्य वा मूर्त छन् दुई राहु र केतु अदृश्य वा अमूर्त छन् । मानिसका समस्त गतिविधि ऊर्जा संरचरणमा आधारित छन् । ऊर्जा दुई प्रकारका छन् - (१) सौर्य ऊर्जा र (२) विभिन्न ग्रहका गुरूत्वीय ऊर्जा । सौर्य परिवारको प्रधान ग्रह सूर्य हो । सूर्य समस्त चराचरको अधिष्ठाता हो । पृथ्वीमा जति पनि गतिविधि, घटना, परिघटनाहरू घटित हुन्छन् ती सबैको आधार सूर्य हो । दैनिक जीवनमा सूर्यको प्रभाव सर्वमान्य छ । अन्य ग्रहहरू सूर्यकै अङ्ग हुन् । ती सबैको गुरूत्वीय ऊर्जा हाम्रो शरीरमा पर्छ र हाम्रो शरीर सोही रूपले सञ्चालित हुन्छ ।

सूर्य, चन्द्रमा, पृथ्वी, मंगल, वृहस्पति अर्थात् सारा सौर्यमण्डल प्रकृति हो । प्रकृति पूरै नियमबद्ध छ । त्यही नियमको अध्ययन ज्योतिषशास्त्रमा हुन्छ । आधुनिक विज्ञान र ज्योतिषशास्त्रमा के भिन्नता छ भने एक प्रविधिमा आधारित रहेर कुनै विषयको भविष्यवाणी गर्छ भने अर्को ग्रहगतिका विषयको गणनामा आधारित रहेर भविष्यवाणी गर्छ ।

ज्योतिषका पनि मुख्य दुई शाखा छन् - गणित र फलित । त्यसो त ज्योतिषका तीन स्कन्ध छन् : सिद्धान्त, संहिता र होरा । तर यहाँ दुई भन्नु समीचीन देखिन्छ । गणनाद्वारा हुने ज्योतिष सिद्धान्त ज्योतिष हो । त्यो कालको गणना गर्ने पूर्णतया विज्ञान हो । त्यसमा कुनै विवाद छैन किन्तु जुन फलित छ त्यसमा निकै विवाद छ । विवादका कारण पनि स्वाभाविक छन् किनभने त्यसमा निकै मतमतान्तरहरू रहेका छन् । विवाद पनि धेरै छन्, विरोधाभास पनि धेरै छन् । जति विवाद र विरोधाभासहरूको स्थिति रहे पनि यो तर्कसम्मत र विज्ञानसम्मत छ । ग्रहगतिस्थितिकै आधारमा गरिने भविष्य कथन हुनाले यो विज्ञान हो । ज्योतिष अनेक छन् : हस्त-ज्योतिष, अङ्क-ज्योतिष, स्वप्न-ज्योतिष, शकुन-ज्योतिष, वर्ग-ज्योतिष, लक्षण-ज्योतिष आदि तर यो ग्रहज्योतिष अन्यजस्तो होइन । यसका आफ्नै मौलिक लक्षण र विशेषता छन् । यसमा अन्धविश्वासका कुरा सामेल नगराउने हो र ग्रहकै गुणधर्म, प्रकृतिअनुसार फल व्यवस्था हुने हो भने यसको प्रभावोत्पादकतामा पनि अवश्य वृद्धि हुनेछ र ज्योतिषको गौरव गरिमा बढ्नेछ ।

विश्वविख्यात तर्कशास्त्री रजनीशले पनि ज्योतिषलाई अद्वैत विज्ञान मानेका छन् । उनले अनेक उदाहरण र दृष्टान्त दिएर ज्योतिषको वैज्ञानिकता सिद्ध गरेका छन् । उनका अनुसार - "सात सौ वर्षको लामो इतिहासमा सूर्यमा जहिले दुर्घटना घट्छ तब पृथ्वीमा पनि दुर्घटना घट्दछ । जब सूर्यलाई ग्रहण लाग्छ तब जङ्गलका पशुपंक्षी पनि सजग बन्दछन् । ती चौबीस घण्टा पहिलेदेखि नै गीत गाउन वा स्वरगुल गर्न बन्द गर्दछन् । बाँदरहरू वृक्षलाई छोडेर जमिनमा आउँछन् । मानिसको शरीरमा ६५ प्रतिशत पानी छ । नून र पानीको मिश्रणको अनुपात जुन सागरमा छ त्यही अनुपात मानिसको शरीरमा पनि छ । पूर्णिमामा सागरको पानी अधिक प्रभावित हुन्छ भने मानिसको शरीरभित्र पनि पानी रहेकाले मानिस किन प्रभावित हुन सक्दैन ? अवश्य पनि प्रभावित हुन्छ । सूर्यमा कहिले स्पाट्स (धब्बा) बढ्छन्, कहिले घट्छन् । जब सूर्यका स्पाट्स बढ्छन् तब पृथ्वीका मानिस बिरामी पर्छन्, जब सूर्यका स्पाट्स कम हुन्छन् तब मानिस कम बिरामी पर्छन् । यस तथ्यलाई आधुनिक चिकित्सकले पनि स्वीकार गरेका छन् । हरेक ११ वर्षमा सूर्यमा जब विस्फोट र उत्पात हुन्छ तब पृथ्वीमा पनि युद्ध र उत्पात बढ्छन् । सूर्यबाट पृथ्वी जन्मियो, पृथ्वीबाटै हामी जन्मियौं । हामी सूर्यबाट अलग छैनौं । हामी सूर्यबाटै दूरसम्म फैलिएका पात हौं । समस्त

सृष्टिजगत्को मूल सूर्य हो । हामी त्यसैका फैलिएका लहरा हौं । यी सबै तथ्यहरूबाट सावित हुन्छ ज्योतिष बहुतै वैज्ञानिक चिन्तन हो, खोज हो, प्राप्ति हो । ज्योतिषका दृष्टिमा भविष्य भूतबाटै बनेर आएको हुन्छ, भोलि के हुन्छ भन्ने तथ्य हिजोबाटै जोडिएर आएको हुन्छ । अतः यो अतीतबाटै निस्किएको परिणाम बताउने ज्ञान हो ।

विज्ञानको प्रारम्भ पदार्थजगत्बाट भएको छ । मानिसले केही नियम जान्यो, त्यसलाई बारबार परीक्षण गऱ्यो । नवीन परिणाम निस्केपछि त्यसलाई मान्यता प्रदान गऱ्यो । विज्ञानका सबै प्रयोग जड्जगत्सँग सम्बन्धित छन् किन्तु ज्योतिष चेतनजगत्सँग सम्बन्धित छ । संसारमा ग्रह, नक्षत्र, जीवजन्तु, जड्चेतन जति पनि तत्त्व छन् ती सबै एकै परिवारका सदस्य छन् । परस्पर एक-अर्कामा प्रभावित हुनु नै परिवारको लक्षण हो । चेतनजगत्मा स्थूल शरीरका साथै सूक्ष्म शरीर पनि छ । मन, बुद्धि आदि सूक्ष्म तत्त्व हुन् । स्थूल तत्त्वभन्दा सूक्ष्म तत्त्व नै अधिक बलशाली र वेगशाली हुन्छ । एकै जन्मचक्र भएर पनि विभिन्न जातकमा एकरूपता नभएकै कारण ज्योतिषलाई अवैज्ञानिक घोषित गर्न खोजिएको हो तर यो अवैज्ञानिक छैन । उल्लू वा लाटोकोसेरोले दिनमा देख्दैन, चमेराले पनि दिनमा देख्दैन भनेर सूर्यको प्रकाश नै छैन भन्न मिल्दैन । यो अद्भुत ज्ञान हो । यसमा दिव्यता छ, रहस्यमयता छ । यसको चिन्तनमा अन्य विषयको झैं परम्परागत निरन्तरता र गम्भीरता एवम् शोधखोजको अक्षुण्णता नरहेकाले यसमा कमी-कमजोरीहरू पनि प्रशस्त नरहेका होइनन् तर यसप्रति आस्था राखी यसको सही उपयोग हुने हो भने यो वेदको नेत्रमात्र होइन यस लोककै पनि नेत्र हो । वर्ग वा समूहको मात्र नेत्र नभई प्रत्येक व्यक्तिको निम्ति समेत अन्तर्नेत्र हो ।

सूर्यको मात्र होइन सूर्यसम्बद्ध अन्य ग्रह, नक्षत्रहरूको विशिष्ट गतिविधिको प्रभाव पृथ्वीका प्राणीहरूमा पर्दछ । यो केवल विश्वासको मात्र विषय नरहेर शोधखोजको नै विषय भएको छ । एकजना मनोवैज्ञानिकले चन्द्रमाका कलासँग मनोरोगीको अध्ययन गरे । अध्ययन गर्दा तिनले के थाहा पाए भने – "जब पूर्णिमा आउन, थाल्छ तब ती मनोरोगीमा तनाव, वेचैनी र पागलपन वृद्धि हुन थाल्छ । जब पूर्णिमा कटेर अमावश्य आउन थाल्छ तब त्यो घट्न थाल्दछ ।" चन्द्रमा विराट् पुरुषको मनबाट जन्मिएकाले वेदमा 'चन्द्रमा मनसोजातः' भनिएको छ । यस दृष्टिले चन्द्रमा मनको देवता हो । त्यस्तै विराट् पुरुषको चक्षुबाट जन्मिएको सूर्यलाई आत्मा वा प्राणको देवता मानिन्छ । त्यस्तै वृहस्पतिलाई विवेक वा ज्ञानको, बुधलाई वाणी वा स्वरको, शुक्रलाई विषयसुख वा कामको, शनिलाई वैराग्यको देवता तथा मंगललाई उत्साह, साहस वा पराक्रमको देवता मानिन्छ ।

तिथि, बार, नक्षत्र, करण र योगलाई पञ्चाङ्ग भनिन्छ । सिद्धान्तमा आधारित पञ्चाङ्गका उपयोगितामा पनि विवादको कुनै प्रश्न छैन । आजको बार, आजको तिथि के हो, औंसी कहिले पर्छ, पूर्णिमा कहिले आउँछ, मसान्ति आउन कति दिन छ, संक्रान्ति कुन बार पर्छ । हाम्रा लागि यी सबै गणनीय ज्ञान दैनिक सरोकारका विषय हुन् । हुन त सामान्य मिति, बार जनाउने क्यालेण्डरबाहेक पञ्चाङ्ग वा पात्रोको कुनै प्रयोजन छैन भन्नेहरू पनि छन् । कतिबेला उज्यालो हुन्छ, कतिबेला साँझ पर्छ, हाम्रा दैनिक गतिविधि ज्योतिषकै ज्ञानबाट क्रियान्वित हुन्छन् तर यहाँ एक टड्कारो प्रश्न छ, सिद्धान्त तथ्यपरक छ, गणना विधिबाट नियोजित छ तर फलितको यहाँ के प्रयोजन ? हाम्रो दैनिक जीवन, कालविधानमा आधारित छ र समयको सूक्ष्मज्ञान गणितमै सन्निहित छ । ज्योतिष भनेकै ग्रह, नक्षत्रकै सङ्गृहीत विवरणात्मक ज्ञान हो । कुन मुहूर्तमा के काम गर्नाले के फल प्राप्त हुन्छ ? ज्योतिषशास्त्र मात्र बताउँछ । हाम्रा सारा चाडपर्व, धर्म, संस्कार यसैबाट निर्देशित छन् । हाम्रो व्यावहारिक जीवनमा क्रय-विक्रयका सारा मुहूर्त पनि यसैमा निश्चित छन् । हलसारो गर्ने, चुल्ली निर्माण गर्ने, बिऊ छर्ने, रोपाइँ गर्ने, न्वाइँ खाने, मुठी लिने, दाइँ गर्ने, भकारी भर्ने, घर छाउनेदेखि लिएर नङ काट्ने, दाह्री काट्ने, कपाल खौरने, वस्त्रधारण गर्नेसम्मका अनेकौं मुहूर्त निर्धारित छन् । जीवनका यी सारा झिनामसिना योजना र काम मुहूर्त हेरेरै गर्नुपर्छ भनी यो जडत्वको अभ्यास गर भन्ने लेखकको उद्देश्य पनि होइन । फलित सन्दर्भमा लेखकले दैनिक राशिफल हेरेरै आफ्ना गतिविधिहरू चलाउनुपर्छ भन्न खोजेको पनि होइन । युद्ध, यात्रा, मुद्दा, विवाद आदि विशेष प्रयोजनबाहेक त्यसको खास प्रयोजन पनि छैन । मनोत्साह र आत्मविश्वासले कुनै काम गरे त्यतिबेलै पनि ग्रहले साथ दिन्छन् भन्ने प्रावधान पनि ज्योतिषमै छ । विशेष प्रयोजनमा तिथि, मिति र लक्षण विचार गरेर चल्दा राम्रो हुन्छ भन्ने तथ्य आफैमा महत्त्वपूर्ण छ । सबै प्रकारका गतिविधि र गन्तव्यमा आत्मविश्वास, उत्साह र मनोबल महत्त्वपूर्ण कुरा हुन् तर जब दुविधा र अन्यौलको स्थिति आइपर्छ, अनेकौं झमेला र विघ्न-बाधाहरू आइपर्छन् तब ज्योतिषले एक प्रेरणा र निकास दिन्छ, आत्मबल र आत्मविश्वास जगाउँछ । यसैका निम्ति पनि ज्योतिष परामर्शको महत्त्वपूर्ण आधार हो । शास्त्रले उपायहरू दर्शाउँछ । त्यसलाई परिस्थिति हेरी विवेकपूर्वक प्रयोग गर्नु मानिसको धर्म र कर्तव्य हो । विशेष प्रयोजनमा आत्मसमीक्षासहित अघि बढ्नका निम्ति दैनिक जीवनमै यसको निकै उपयोगिता र महत्त्व रहेको ब्यहोरा उपयुक्त तथ्यबाट बुझ्न सकिन्छ ।

फलित शास्त्रले फलकथन गर्छ । यी सबै व्यवहारमा घटित हुन्छन् भन्न सकिन्न । यसको पनि एक सीमा छ । जस्तो - रोग निदानमा उपचारको पनि एक सीमा छ, जस्तै : वैद्यले रोगका लक्षणहरू विचार गरेर निदान हेतु उपचार गर्छ त्यस्तै ज्योतिषले पनि ग्रहदशाका गतिस्थितिहरूबाट घटनाहरूको पूर्वानुमान

गर्दछ । ज्योतिषले पूर्वानुमान त गर्दछ तर त्यो घटित नै हुन्छ भनेर स्पष्टतासँग दावा गर्न सक्दैन । कुनै कुरा दावाका साथ किटेर वा ठोकेर भन्न सकिने प्रावधान ज्योतिषमा बहुतै कम छ तर चिकित्सामा त्यो दावा ज्योतिषको तुलनामा अधिक हुन सक्छ । औषधि प्रयोग गर्दै गरेका जम्मै रोगीहरू निको नहुन सक्छन् । त्यस्तै ज्योतिषले पूर्वानुमान गरेका सबै कुरा जम्मै घटित नहुन सक्छन् । त्यो प्रयोगकर्ताको दृष्टि ज्ञान र प्रयोगमा पनि निर्भर गर्दछ । यसप्रकार हरेकका आ-आफ्नै सीमा छन् । कुन शास्त्र कति गहन र व्यापक छ भन्ने तथ्य अध्ययन र खोजले बताउँछ । जति विवाद र अपवादहरू रहे पनि ज्योतिष, वैज्ञानिक चिन्तन र शोधखोजमा निहित रहेकाले यो सामान्य शास्त्र होइन । विशेष प्रयोजनमा आत्मसमीक्षासहित अघि बढ्नका निम्ति दैनिक जीवनमैं पनि यसको निकै महत्त्व र उपयोगिता छ ।

भविष्यको योजना र चिन्ता सबैमा छ । हरकोही आफ्नो भविष्यबारे जिज्ञासु रहन्छ । यो मानिसको स्वाभाविक वृत्ति हो । मानिसले प्रकृति र परिस्थितिको जे-जस्तो व्यवस्था लिएर आएको छ ऊ त्यसैको परिणाम भोग्दछ । ज्योतिष कुनै योजना कार्यान्वयन गर्न खोज्दा-खोज्दै जब अनेक विघ्नबाधाहरू आइपर्छन् एकपछि अर्को असफलता बेहोर्दै जानुपर्छ तब निकास कसरी पाइएला भन्नका निम्ति जातक ज्योतिषकहाँ परामर्श गर्न पुग्दछ । कर्म नै नगरी भाग्यले नै सबथोक दिन्छ भन्ने कुरा ज्योतिषले कहिल्यै गर्दैन । जतिसुकै अहोभाग्य हात लाग्ने भए पनि त्यो कर्मकै बाटो भएर आउँछ । तसर्थ कर्म गर्न छोड्न हुँदैन र जतिबेला ग्रहप्रतिकूल हुन्छन् त्यतिबेला सजग होऊ, भारी योजना नबनाऊ, ठूलो लगानी नगर, जति बेला ग्रह अनुकूल छन्, लाभको योग परेको छ त्यो बेला आत्मविश्वासका साथ कर्म गर । ज्योतिषले दिने परामर्श यही हो र यस्तै हो ।

फलकथनमा असत्यता बढेरै ज्योतिषप्रतिको विश्वास घटेको हो । फलकथन गर्दा हतार नगरी स्वस्थ चित्त र मन लिएर शास्त्रीय ग्रन्थहरूको आधारमा फलकथन गरिनुपर्छ । एक कुण्डलीलाई एक पद्धतिबाट मात्र होइन देश, काल र परिस्थितिसहित अनेक कोणबाट हेर्नुपर्छ । तब त्यो कथन विस्तुर जाँदैन । कुन विधि तथ्यपरक र प्रभावोत्पादक छ त्यसैको अनुशरण गर्नुपर्छ । अहिले ज्योतिष सफ्टवेयरहरू निर्माण भएको र प्रविधिले पनि साथ दिइरहेको बेला फलकथनमा सटीकता र प्रामणिकताका साथै प्रभावोत्पादकता रहने तथ्य सर्वविदितै छ ।

## कुण्डलीका परीक्षण विधि

कुण्डली विचार गर्ने विभिन्न विधि छन् । शोधखोज गर्ने क्रममा विभिन्न विधिहरू विकसित भएका हुन् । कुनै त्यही विधिअन्तर्गत रही नवीन विधि विकसित भएका छन्, जस्तैः लग्नबाट नवांश, द्रेष्काण, सप्तमांश आदि । कुनै भिन्न रूपबाट

विकसित भएका छन् । विभिन्न विधिहरू जस्तैः पाराशरीय-पद्धति, जैमिनि-पद्धति, अष्टकवर्ग-पद्धति, भृगु-पद्धति, गोचर-पद्धति, दिनदशा-पद्धति आदि । जुन विधि वा पद्धति छिटोछरितो र प्रभावोत्पादक हुनुका साथै सटीक र प्रामाणिक हुन्छ त्यही पद्धति अपनाउनु बढी उपयुक्त हुन्छ ।

अहिलेका प्रमुख समस्या वा विषय भनेका (१) कर्म, (२) विद्या, (३) धन, (४) विवाह, (५) सन्तान र (६) विदेश हुन् ।

१. **कर्म :** दशम भावसित सम्बन्धित विषय हो । जागिर पाइन्छ कि पाइदैन । पाइयो भने कस्तो पाइन्छ ? जागिर नपाए व्यापार गर्न कसो हुन्छ । कुन वस्तुले मलाई लाभ पुऱ्याउँछ अर्थात् कुन वस्तु मलाई फाप्दछ ? यी कर्मजनित प्रश्न हुन् ।

२. **विद्या :** विद्याविहीन मानिस पशुसमान हुन्छ । विद्याले अलङ्कृत हुनु मानिस सभ्य र सुसंस्कृत हुनुको परिचायक हो । विद्या वा ज्ञानको सीमा छैन । आजीविकाको निम्ति प्राप्त गरिने शिक्षालाई नै यहाँ भनिएको हो । ज्ञान, सीप र जाँगर भएको मानिस कहीं भोको बस्नुपर्दैन । मानिस कतिसम्म पढ्छ, कस्तो विषय लिएर पढ्छ वा कतिसम्म योग्य र दक्ष बन्छ । यस सन्दर्भमा आउने जिज्ञासाहरू यस्तै हुन्छन् ।

३. **धन :** धन सबैको प्रयोजनमा आउने प्रमुख साधन हो । द्रव्येषु सर्वे वशाः सबै धनकै वशमा छन् । आधुनिक स्रोत, साधनको उपयोग गरेर बाँच्नु सबैका निम्ति आवश्यक छ । त्यसैले धन कमाउनु सबैको ध्येय हुन्छ । धन कर्मसँगै जोडिएर आएको वस्तु हो । जीवनमा कतिसम्म लाभ र सञ्चय हुन्छ । यससम्बन्धी सबैको जिज्ञासा रहन्छ ।

४. **विवाहः** विवाह कहीं-कसैको पनि पहिल्यैदेखि तय भएको हुँदैन । उमेर, अवस्था पुगेपछि कहीं कसैसँग सम्झौता गरिन्छ । उमेर पुगेका युवा-युवतीले विवाह कहिले होला, कहाँ-कता होला ? भनेर सोध्ने महत्त्वपूर्ण प्रश्न हो । यसमा देश, काल, परिस्थितिअनुसार विचार गरिन्छ ।

५. **सन्तान :** सन्तान सुखको आधार हो र सहारा पनि हो । जतिसुकै श्रीसम्पत्ति भएर पनि सन्तान भएन भने संसारै अँध्यारोजस्तो लाग्छ । विवाह भएको लामो समय गुज्रिएपछि विवाहित जोडीले सोध्ने महत्त्वपूर्ण प्रश्न सन्तान हो ।

६. **विदेश :** नेपाल धेरै कुरामा परनिर्भर वा परावलम्बित छ । नेपाल विपन्न देश भएको र रोजगारको पर्याप्त अवसर पनि नभएकाले हात-पाखुरा दह्रो गरी चलाउन सक्ने बेला आए पनि आयस्रोतका निम्ति विदेशको चाहना हुन्छ । मेरा लागि विदेशको योग कस्तो छ ? अहिलेका अधिकांश

नेपालीको प्रश्न हो यो । स्वदेशभित्रै राम्ररी टिक्ने वा टेक्ने आधार नभएपछि अधिकांशमा विदेशकै मोह जागेको छ । अहिले यससम्बन्धी जिज्ञासा ज्योतिषीसमक्ष बढी आउने गर्छन् ।

व्यावहारिक जीवनका यी सबै प्रश्नहरूको उत्तर कुन विधि अपनाउदा राम्रो हुन्छ त्यो ज्योतिषी स्वयम्ले आफ्नो ज्ञान र क्षमताको आधारमा तय गर्ने कुरा हो । कहीं एकै विधिले पनि प्रश्नको राम्रो उत्तर पाउन सकिन्छ । कहीं एकै विषयका निम्ति विविध पक्ष, कोण र पद्धतिबाट हेर्नुपर्ने हुन्छ । केही पद्धति र तिनको प्रयोग यसप्रकार छन् :

१. **अष्टकवर्ग पद्धति :** विवाह, पुत्रप्राप्ति वा सन्तान कहिले हुन्छ भन्ने प्रश्नका सन्दर्भमा यो विधि अधिक कामयाव देखिन्छ । विवाह वा सन्तानका सुखकारक वृहस्पति हुन् । यस सन्दर्भमा वृहस्पतिकै सर्वाधिक शुभरेखा हेर्नुपर्छ । गोचरमा वृहस्पति जब सम्बन्धित भाव विवाहको प्रश्न भए सप्तम र लग्न, सन्तानको प्रश्न भए पञ्चम र नवम तथा त्यस्तै अनुकूल भावमा आउँदा प्राप्त हुन्छ भन्न सकिन्छ ।

   - म कहिले चुनावमा उठ्न राम्रो होला भन्ने प्रश्नका सन्दर्भमा सूर्याष्टक वर्गमा जुनमा सर्वाधिक रेखा छ र गोचरमा सूर्य वा राजयोगकारक ग्रह त्यस भावमा पुग्छ जब राम्रो हुन्छ भन्न सकिन्छ ।
   - कहिलेदेखि व्यापार आरम्भ गर्न राम्रो होला भन्ने प्रश्नको सन्दर्भमा वृहस्पति नै प्रमुख आधार हो किनकि मूल्यप्रदायक र धनदायक ग्रह वृहस्पति नै हो । त्यसैले वृहस्पतिकै सर्वाधिक रेखा हेर्नु आवश्यक हुन्छ । जहाँ सर्वाधिक रेखा देखिन्छ त्यसै समयदेखि व्यापार वा उद्योग सुरू गर्न भनी परामर्श दिनु राम्रो हुन्छ ।
   - सांसारिक सुख, सन्तानको कारक वृहस्पति हो भने सांसारिक विघ्न-बाधा, विपत्ति र कष्टको कारक शनि हो । यस सन्दर्भमा शनि रेखाहीन स्थितिमा छ वा रेखा भए पनि एक-दुई मात्र छन् भने त्यस समय ठूलो विपत्ति आइपर्न सक्छ भन्न सकिन्छ ।

२. **पाराशरीय पद्धति :** राजयोगको परिणाम र विंशोत्तरी दशाको प्रभाव हेर्नका लागि पाराशरीय-पद्धति सबैभन्दा उपयुक्त पद्धति हो । केन्द्रत्रिकोणको पापरहित सम्बन्ध नै राजयोगको आधार हो । व्यक्तिको उन्नति लग्नेशकै पालामा हुन्छ र जातकको व्यक्तित्व कति विकसित हुन्छ, उसले जीवनमा के-कस्तो मान-पदवी वा सम्मान-प्रतिष्ठा प्राप्त गर्छ भन्ने सन्दर्भमा राजयोग नै एक महत्त्वपूर्ण आधार हो । कुनै योगकारक ग्रह केन्द्रत्रिकोणको स्वामीसँग पापरहित भै बली भएर स्थित छ भने ऊ पक्कै प्रतिष्ठित पदमा पुग्दछ ।

३. **जैमिनि-पद्धति :** ग्रहका अंशमा आधारित पद्धति नै जैमिनि-पद्धति । यो पाराशरीय-पद्धतिभन्दा भिन्न पाराशरी पद्धतिकै एक मुख्य शाखा हो । ग्रहको बल बुझ्ने यो सरलतम पद्धति पनि हो । यसमा सर्वाधिक अंशवाला ग्रह आत्मकारक हुन्छ । आत्मकारक ग्रह कुण्डलीको सर्वाधिक बली ग्रह हो । आत्मपरक अस्तङ्गत वा नीच नभैकन शुभस्थानको स्वामी भएर बसेको छ र त्यसैसँग त्यसपछिको अंश भएको अमात्यकारक साथमा स्थित छ भने त्यस जातकले जीवनमा निकै तरक्की गर्छ । अंशको क्रमिक अवरोधअनुसार सात कारक हुन्छन् - आत्मकारक, अमात्यकारक, भ्रातृकारक, मातृकारक, पुत्रकारक, ज्ञातिकारक र सर्वाधिक कम अंशको दाराकारक वा स्त्रीकारक । यस विधिबाट अन्य धेरै कुरा हेर्न जटिल र झन्झटिलो भए पनि ग्रहको बल बुझ्न र मुख्य कुरा हेर्न अत्यन्त सहज हुने भएकाले विशेष कुरामा यस विधिको उपयोग गर्न चुक्नुहुँदैन ।

४. **गोचर-पद्धति :** प्रायः ज्योतिषीहरू योगिनीदशा र विंशोत्तरीदशा त हेर्छन् तर गोचर-पद्धतिको त्यति ख्याल गर्दैनन् । यदि उनीहरूले यस्तो गरे भने फलकथनमा नराम्ररी चुक्दछन् भन्ने डा. सुरेशचन्द्र मिश्रको कथन रहेको छ । दैनिक दिन, दशा, साढेसाती र वेध आदि यसै विधिबाट हेरिने विषय हुन् । विशेषतः कन्याको विवाह जुरे, नजुरेको हेर्न गोचर-पद्धति विशेष उपयोगमा आउँछ । गोचरमा वृहस्पति कहाँ स्थित छ त्यसैको आधारमा निर्णय लिने गरिन्छ ।

कुण्डली फलकथनका अन्य पनि पद्धति नभएका होइनन् तापनि प्रचलित प्रमुख पद्धति यिनै हुन् । अचेल कृष्णामूर्ति पद्धतिको पनि उपयोग हुन थालेको छ । यसले राशिस्वामीभन्दा नक्षत्रस्वामीलाई अधिक महत्त्व दिन्छ । भुक्तिनाथको दशावर्षको आधारमा नक्षत्रांशलाई नौ भाग लगाएर कुनको दशा आउँछ त्यही फल घटित हुन्छ । स्थूलताबाट सूक्ष्मतातर्फ जाने क्रममा नै अनेक पद्धतिहरू निर्मित भएका हुन् । पाराशरीय पद्धतिमा नवांश विधि पनि सूक्ष्मता र स्पष्टताकै निम्ति विकसित भएको हो । जबसम्म नवांश हेरिदैन फलमा स्पष्टता आउँदैन किनकि लग्न कुण्डलीमा उच्च भएको ग्रह नवांशमा नीच छ भने विपरीत फल हुन्छ । त्यस्तै लग्नमा नीच भएको ग्रह नवांशमा उच्च छ भने उच्चताकै फल प्राप्त हुन्छ । सूक्ष्म स्पष्ट र सटीक फल कुन विधिको उपयोगबाट प्राप्त गर्न सकिन्छ । यो सबैभन्दा विचार पुऱ्याउनु पर्ने कुरा हो ।

***(मिति २०७५ भदौ १६ गते शनिबार, ज्येष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान नेपालद्वारा आयोजित कार्यक्रममा वाचित कार्यपत्र ।)***

ooo

# पुस्तकालयविज्ञानको सिद्धान्त

✍ **पुस्कर अथक रेग्मी**
**अध्यक्ष**
**साहित्य तथा स्वास्थ्य प्रतिष्ठान, पाल्पा**

डा. एस.आर. रंगनाथनले सन् १९२८ मा Five Laws of Library Science पुस्तक प्रकाशन गरी पुस्तकालय विज्ञानको पाँच मूलभूत सिद्धान्त प्रतिपादन गरे । जसलाई पुस्तकालय व्यवस्थापनको क्षेत्रमा पञ्चशीलको रूपमा लिइन्छ । जुन सिद्धान्तलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### १. पहिलो सिद्धान्त
### पुस्तक उपयोगका लागि (Books are for use):

यस सिद्धान्तले पुस्तकालयमा पुस्तक संग्रह गरी राख्ने होइन, पुस्तक बढीभन्दा बढी अध्ययनका लागि प्रयोगमा आउनु भनेको छ । पुस्तकको अत्यधिक उपयोग गर्न निम्न कार्यमा ध्यान दिनुपर्दछ ।

- ❑ उचित उपयुक्त स्थानमा पुस्तकालयको स्थापना गर्ने
- ❑ पुस्तकालय सञ्चालन समय निर्धारण गर्ने
- ❑ पुस्तकालयमा उपयुक्त कर्मचारी व्यवस्था गर्ने
- ❑ सरल र व्यावहारिक पुस्तकालय नियम बनाउने
- ❑ पाठकको चाहनाअनुसार पुस्तक छनौट गर्ने
- ❑ पुस्तकालयको आन्तरिक व्यवस्थापनमा ध्यान दिने
- ❑ पुस्तकालय बजेटको व्यवस्थापन र परिचालन गर्ने

### २. दोस्रो सिद्धान्त
### प्रत्येक पाठकका लागि पुस्तक (Every Reader his Books):

यस सिद्धान्तले प्रत्येक पाठकले खोजेको पुस्तक पुस्तकालयमा हुनुपर्दछ भन्ने कुरामा जोड दिएको छ । पुस्तकालयमा सबै पाठकका लागि सबै किसिमका पुस्तकहरू हुनुपर्दछ । यस सिद्धान्तलाई पूर्ण रूपले पुस्तकालय व्यवस्थापनको क्षेत्रमा कार्यान्वयन गर्न निम्न कार्यमा ध्यान दिनुपर्दछ ।

- ❑ पुस्तकालयमा पाठकको रुचि, चाहना र मागअनुसारको पुस्तक हुनुपर्दछ ।

- ❑ पुस्तकालय Close Access Systemको नभई Open Access System को हुनुपर्दछ ।
- ❑ पुस्तकालय कर्मचारीले प्रभावकारी रूपमा कार्य सम्पादन गर्नुपर्दछ ।
- ❑ सन्दर्भ सामग्रीको सूची तथा सचेतना सेवा उपलब्ध गराउनुपर्दछ ।
- ❑ अधिकार सम्पन्न क्रियाशील पुस्तकालय समिति निर्माण गरिनुपर्दछ ।

## ३. तेस्रो सिद्धान्त
## प्रत्येक पुस्तकको लागि पाठक (Every Books its Reader):

यस सिद्धान्तले प्रत्येक पुस्तकका आ–आफ्नै पाठक भन्ने मान्यता राखेको छ । पुस्तकालयमा पुस्तकको संख्या बढाएर मात्र हुँदैन, पुस्तकहरू आफ्ना पाठक समक्ष पुग्नुपर्दछ । यस सिद्धान्तलाई कार्यान्वयन गर्न निम्न कार्य गर्नुपर्दछ :-

- ❑ पुस्तकालय मुक्तप्रवेश व्यवस्था (Open Access System)मा आधारित हुनुपर्दछ ।
- ❑ पुस्तकालय सूची अद्यावधिक (Up to date) बनाउनुपर्दछ ।
- ❑ पुस्तकालय फलक (Shelf) व्यवस्थापन हुनुपर्दछ ।
- ❑ सूची प्रविष्टि, सन्दर्भ सेवा, प्रचार विधि, प्रसार सेवा, पुस्तक प्रदर्शन र पुस्तकचयनको व्यवस्था हुनुपर्दछ ।

## ४. चौथो सिद्धान्त
## पाठकको समय बचाउन(Save the time of the Reader)

यस सिद्धान्तले मुख्य गरी पुस्तकालयले पाठकको समयलाई बचत गराई छिटोभन्दा छिटो तरिकाले सूचना तथा सेवा उपलब्ध गराउने कार्यमा जोड दिएको छ । पुस्तकालयका कर्मचारीले पाठकको समय बचत गर्ने कार्यका लागि निम्न कुरामा ध्यान दिनुपर्दछ :-

- ❑ पुस्तकालयमुक्त प्रवेश प्रणालीमा आधारित हुनुपर्दछ ।
- ❑ आवश्यक सन्दर्भसेवा उपलब्ध गराउनुपर्दछ ।
- ❑ विभिन्न शाखामा सङ्ग्रहगार प्रदर्शक (Stock Room Guide) राख्नुपर्दछ ।
- ❑ लेनदेन प्रणाली सजिलो र साधारण बनाउनुपर्दछ ।
- ❑ फलक व्यवस्थापन र वर्गीकरण व्यवस्थित गर्नुपर्दछ ।

- User Awareness/Library Orientation लगायतका कार्य समय समयमा सञ्चालन गर्नुपर्दछ ।

### ५. पाँचौं सिद्धान्त

**पुस्तकालय संवर्धनशील संस्था (Library is a grow organism):**

यस सिद्धान्तले मुख्य गरी पुस्तकालयको तीन तत्त्व पुस्तक, पाठक र कर्मचारीको संवर्धनमा जोड दिएको छ । पुस्तकालयको संगठन, योजना र कार्यहरूलाई बढी प्राथमिकता दिदा पुस्तकालय समृद्ध बन्दछ भनिएको छ । पुस्तकालयलाई संवर्धनशील बनाउनको लागि निम्नकार्य गर्नुपर्दछ ।

- पुस्तकालय निर्माण, व्यवस्थापन र कार्यान्वयनमा उचित योजना बनाउनुपर्दछ ।
- पुस्तकालय भवन बनाउँदा सबै दिशातर्फ बढाउन मिल्ने गरी बनाउनुपर्दछ ।
- पुराना, काम नलाग्ने सामग्रीहरू हटाउँदै पुस्तकालयलाई सदैव नवीनतम रूपमा राख्नुपर्दछ ।
- पुस्तक, पाठक र कर्मचारीको श्रीवृद्धिको लागि पुस्तकालय व्यवस्थापन सदैव लागिपर्नु पर्दछ ।

*स्रोत : अनुसन्धान सिद्धान्त (२०७१: १८९-१९०)*

०००


**प्रत्येक वर्ष भाद्र १५ गते**

**नेपालमा पुस्तकालय दिवस**

**मनाउने गरौं ।**

**- किरण पुस्तकालय**

**तम्घास, गुल्मी**

# 'पछबरिया टोल' कथामा सीमान्तीयता

✍ **शिवशरण झवाली**
**उपप्राध्यापक-धवलागिरि बहुमुखी क्याम्पस**
**बाग्लुङ**

**सारांश**

*सीमान्तीयता नेपाली समालोचनाको नवीन अवधारणा हो । यसले केन्द्रबाट पर रहेका निमुखा, गरिब, पहिचानहीनहरूको अवस्थाको खोजी गर्ने काम गर्दछ । यो आलेखमा ऋषिराज बरालको 'पछबरिया टोल' कथाको विषयवस्तु, परिवेश, पात्रहरूको उपस्थिति र भूमिका, भाषा, जातियता, आर्थिक अवस्था आदिजस्ता कुराहरूको खोजी सीमान्तीय मान्यताबाट गरिएको छ । यो भोगौलिक हिसाबले पनि पछाडि परेका, जातीय र राजनीतिक हिसाबले पनि पिछडिएका, गरिब मानिसहरूको कथा हो, जहाँ शक्तिशाली वर्गले कमजोर वर्गलाई वस्तुसरह किनबेच गर्दछन् र आफ्नो अनुकूल प्रयोग गर्दछन् । फोहरी राजनीति केन्द्रमा रहेको सन्दर्भमा जनताहरू वास्तवमा सीमान्तमा पुग्दछन् भन्ने कुरा यो कथामा पाइन्छ । लेखकीय पक्षधरता निमुखा वा सर्वहाराप्रति छ । अर्को शब्दमा भन्दा सीमान्तहरूप्रति कथामा सहानुभूति राखिएको छ । केन्द्रमा रहेका नेताहरूले गरिब तथा निमुखाहरूलाई कसरी शोषण गर्दछन् भन्ने कुराको सजीव तस्वीर यहाँ उतारिएको छ । यो आलेख तयार गर्दा पुस्तकालयीय कार्यका माध्यमबाट प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको छ ।*

## क. विषयप्रवेश

ऋषिराज बराल(२००९)को 'पछबरिया टोल' कथा वनमान्छेको कथा (२०५४) कथासङ्ग्रहमा सङ्कलित छ । तर यो आलेखमा अध्ययनका लागि नेपाली साहित्यिक रचनाबाट उक्त कथा लिइएको हो ।

नेपाली साहित्यमा स्नातकोत्तर गरेका बराल नेपाली साहित्यका बहुमुखी प्रतिभाका कथाकार हुन् । उनका उपन्यास, कथा र समालोचनात्मक कृतिहरू प्रकाशित छन् । उनको राजनीतिक व्यक्तित्व पनि निकै उच्च छ । उनका भावना (२०३४), कमरेड हुतराजको राजधानी प्रस्थान (२०४८) उपन्यासका अतिरिक्त गाउँको कथा भन्छु है त (२०४२), भग्नावशेष (२०४४), बयान (२०५२), वनमान्छेको कथा (२०५४) जस्ता कथासङ्ग्रहरू प्रकाशित छन् । यस्तै समालोचनामा प्रगतिवाद र नेपाली उपन्यास, प्रगतिवाद, मार्क्सवाद र उत्तरआधुनिकता आदि रचनाहरू प्रकाशित छन् । उनी मूलतः प्रगतिवादी कोणबाट साहित्य र समालोचनाको सिर्जना गर्दछन् । मार्क्सवादी समालोचनाको पक्षधरता उनको समालोचकीय

विशेषता हो । साहित्यमा पनि उनी यही प्रवृतिलाई अँगाल्दछन् । त्यसकारण उनका जुनसुकै रचना पनि मार्क्सवादी जीवनदृष्टिप्रति प्रतिबद्ध रहेको पाइन्छ ।

ऋषिराज बरालको पछबरिया टोल कथाको विषयवस्तु राजनीतिसँग सम्बन्धित छ । राजनीतिले कसरी गरिबहरूको शोषण गर्दछ भन्ने कुरा कथामा मूल विषयवस्तु भएर आएको छ । भोटको राजनीतिमा गरिब मानिसहरूको शोषणको कथा यसमा कहिएको छ । कथित प्रजातन्त्रमा राजनीतिक दल र नेताहरू आफै धामी र आफै बोक्सी बन्दछन् भन्ने कुराको सजीव तस्वीर कथामा उतारिएकोा छ । भोटका लागि साम, दाम, दण्ड, भेदजस्ता सबै उपायहरू अपनाउने काम गरिएको कुरा कथामा आएको छ । कथा प्रगतिवादमा आधारित छ । शोषण, अन्याय, अत्याचारका विरूद्ध कैलाशवा, धनपत जस्ता पात्रहरू सङ्घर्षरत रहेका छन् । कथा लाल भ्mण्डाको पक्षधर बनेर आएको छ । यही मूल कथावस्तु पछबरिया टोलमा रहेको छ । यो लेखमा यो कथाको सीमान्तीय विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ख. सैद्धान्तिक पृष्ठभूमि

नेपाली समालोचनाका क्षेत्रमा अङ्ग्रेजीको 'सबाल्टर्न' शब्दको पर्यायवाची शब्दका रूपमा 'सीमान्तीय' शब्दको प्रयोग गरिन्छ । नेपाली भाषाकै क्षेत्रमा नवीन शब्दका रूपमा रहेको यो शब्दलाई समालोचकहरूले अलग अलग नाम दिएको पाइन्छ । कुमारप्रसाद कोइरालाले (२०७१) उल्लेख गरेअनुसार गौतम (२०५९), सुवेदी (२०७०) र श्रेष्ठ (२०६८) ले अङ्ग्रेजी शब्दको नेपालीकरण गरी 'सबाल्टर्न' शब्द नै प्रयोग गरेका छन् भने उप्रेती (२०६८) ले सीमान्तकृत र निमुखा शब्द प्रयोग गरेका छन् । मोहनराज शर्मा (२०७०)ले सीमान्तीय शब्दका लागि अवरजन शब्दको प्रयोग गरेका छन् । यो लेखमा सबाल्टर्न शब्दको समानार्थी शब्दका रूपमा सीमान्तीय शब्दकै प्रयोग गरिएको छ ।

सीमान्तीयको इतिहास मार्क्सवादबाटै सुरू भएको मानिन्छ किनकी मार्क्सले पनि सर्वहारा वर्गको कुरा गरेका थिए । तर आज हामी साहित्यमा जुन सीमान्तीय शब्दको प्रयोग गर्दछौं, त्यो शब्दको प्रयोगको भने त्यति लामो इतिहास छैन । आजको सीमान्तीय शब्दको प्रयोगको इतिहास उत्तरआधुनिकताको उत्तरऔपनिवेशवादसँग जोडिएको छ । तसर्थ यो शब्द नेपाली समालोचनाका क्षेत्रमा मात्र नभएर विश्व साहित्य समालोचनाका क्षेत्रमा समेत नयाँ अवधारणा हो ।

सीमान्तीय (सबाल्टर्न) शब्द इटालेली मार्क्सेली स्वतन्त्र चिन्तक एन्टिनियो ग्राम्चीबाट लिइएको हो । उनलाई इटालीको मुसोलिनी सरकारले जेलमा बन्दी बनाएको थियो । बन्दी बनाए पनि उनलाई पढ्ने, लेख्ने कार्यका लागि आवश्यक सामग्रीहरू उपलब्ध गराइएको थियो । त्यहाँ उनले लेखेका लेखहरूको सँगालो

दि प्रिजन नोटबुक्स : सेलेक्सन (१९७३) प्रकाशित छ । जेलको कठिन परिवेशमा उनले वर्गलाई बुझाउनका लागि त्यसको सट्टामा सबाल्टर्न शब्दको प्रयोग गरेको इतिहास छ । पछि त्यही सबाल्टर्न शब्द इतिहास र साहित्यको अध्ययन गर्नेहरूले प्रयोग गरे र त्यही शब्दले व्यापकता पाउँदै गयो । उनले इतिहासको अध्ययन गर्ने सन्दर्भमा यो शब्दको प्रयोग गरे । उनी 'सबाल्टर्नको अध्ययन गर्नेले विशिष्ट, उपेक्षित इतिहासका खण्डहरूलाई अध्ययन गर्नुपर्छ भन्ने मान्यता राख्दथे (सुवेदी, २०७०: ३४५)।' सीमान्तवादीहरूले ग्राम्चीबाट त्यही शब्द भेटे र त्यसलाई इतिहास, साहित्यलगायतका विविध क्षेत्रमा प्रयोग गर्न थाले ।

सीमान्तीयको शाब्दिक परिभाषा खोज्ने हो भने शब्दकोशमा पुग्नैपर्ने हुन्छ । सीमान्त शब्दको अर्थ नेपाली शब्दसागरमा सीमाको आखिरमा रहेको ठाउँ (शर्म्मा, २०६२: १३२५) भनेर लगाइएको छ । मोहनराज शर्मा (२०७०) मा उल्लेख गरे अनुसार अक्सफोर्ड डिक्सनरीले यो शब्दको आगमन सोरौँ शताब्दीको उत्तरार्द्धतिर भएको बताएको छ । '...ल्याटिनको Sublalternus बाट अंग्रेजीको Subaltern भएको ...ल्याटिनमा यसको व्युत्पत्ति र अर्थ Sub'next below'+alternus 'every others' भन्ने गरिन्छ । ...व्युत्पत्तिअनुसार यो शब्दको अर्थ 'अरू सबैभन्दा तल्लो' भन्ने' लाग्दछ (शर्मा, २०७०:३१६)। यसरी शाब्दिक हिसाबले हेर्दा केन्द्रबाट निकै पर सीमामा सीमित/अरू सबैभन्दा तल्लोलाई यो शब्दले बुझाउँछ भन्ने अर्थ लगाउन सकिन्छ ।

ग्राम्चीले सीमान्तीय शब्दका बारेमा गरेको परिभाषाको शक्ति, स्रष्टा र सबाल्टर्न पुस्तकका लेखक तारालाल श्रेष्ठले गरेको नेपाली अनुवादलाई मोहनराज शर्मा (२०७०) ले उद्धृत गरेका छन् । त्यहाँ उद्धृत गरेअनुसार 'सबाल्टर्न भन्नाले गैरशासकीय र अहैकमवादी वर्ग वा समुदायलाई जनाउँछ जो सधै अधीनस्थ, पराधीन हुन्छन् र उनीहरू शासकको प्रयोगका वस्तु पनि बन्न सक्छन् ।' शर्माले यहाँ रहेका विभिन्न पद वा पदावलीको अर्थ लगाएका छन् । वर्ग वा समुदायको अर्थ समाजका सबैभन्दा तल्लो तप्का वा दर्जाका व्यक्ति, समूह वा समुदाय, गैरशासकीय र अहैकमवादीको अर्थ शासितहरूको समूह वा समुदाय, अधीनस्थ र पराधीनको अर्थ प्रभुत्वशाली वर्गको अधीनमा रहेको, कहिल्यै स्वाधीन र स्वतन्त्र हुन नसकेको...कजिने वर्ग भनेर लगाएका छन् । यो कहिलेकाहीं प्रभुत्वशाली वर्गको हितमा निकालिने जुलुस, प्रदर्शन...विपक्षीका विरूद्ध भड्काएर विरोध आदिमा प्रयोग हुनसक्ने वर्ग भनेर लगाएका छन् । यसरी हेर्दा सबैभन्दा तल्लो वर्गको व्यक्ति वा समुदाय जो सधै शासकहरूको अधीनस्थ भई उनीहरू लागि कजिने र प्रयोग हुने वर्गका रूपमा सीमान्तीयहरूलाई लिन सकिन्छ ।

ग्राम्चीपछि यसको प्रयोग युरोप हुँदै दक्षिण एसियातिर सरेको देखिन्छ । एडवार्ड सइदले युरोपकेन्द्रवादको विरोध पूर्वीय वाङ्मयवादमा गरे । त्यसपछि यसको

इतिहास बेलायतको उपनिवेश बन्न पुगेको भारततिर सऱ्यो । त्यहाँ भारतीय विद्वान्हरूको एक समूहले सन् १९८२ मा सीमान्तीय अध्ययन समूह निर्माण गरेका थिए । त्यो समूहमा दीपेश चक्रवर्ती, पार्थ चटर्जी, रन्जित गुहा, गायत्री चक्रवर्तीलगायतका रहेका थिए । उनीहरूले मानक इतिहास लेखनमाथि चुनौती खडा गर्ने गरी आफ्ना विचारहरू प्रस्तुत गरे । उनीहरूले वास्तविक इतिहासको खोजी गर्ने हो भने दमित इतिहासको खोजी गर्नुपर्छ । मूलधारको इतिहासमा दमित, खण्डित इतिहासहरू आएको हुँदैन । ससाना विद्रोहका आवाजहरू आएका हुँदैनन् । तिनीहरूलाई खोज्ने हो भने इतिहासका खण्डित प्रमाणभित्र जानुपर्छ भन्ने मान्यता अघि सारे । उनीहरू इतिहासलाई खण्डखण्ड गरेर ससाना वाचाल इतिहासको खोजी गर्दथे(सुवेदी, २०७०: ३४४) । भारतमा सीमान्तवादीहरूले इतिहास लेखन गर्दा माथिबाट नभएर तलबाट लेखिनुपर्छ किनकि कुनै पनि इतिहासको निर्माणमा तल्लो वर्गको पनि योगदान रहेको हुन्छ भन्ने मान्यता अगाडि सारे । इतिहास निर्माणका क्रममा भएका विद्रोहहरूमा ससाना वाचाल इतिहास पनि रहेका हुन्छन् । तिनीहरूको पनि खोजी गरिनुपर्छ भन्ने मान्यता उनीहरूको थियो । यस्तो मान्यता राख्नेमा रन्जित गुहाको नाम स्मरणीय छ । उनले ससानै स्वरमा भए पनि सीमान्तहरूले आवाज उठाएका हुन्छन् भन्ने मान्यतालाई अगाडि सारे ।

त्यसपछि त्यही अध्ययन समूहकी सदस्य गायत्री चक्रवर्ती स्पिभाकले के सबाल्टर्न बोल्न सक्छन् ? भन्ने मान्यता अघि सारिन् । उनको मान्यताले सीमान्तीय अध्ययनमा पनि गहिरो प्रभाव पारेको पाइन्छ । उनले महिलाका सन्दर्भमा यो प्रश्न उठाइन् । यसको जवाफमा सीमान्तीय वा किनारीकृतहरू बोल्न नसक्ने हुँदा उनीहरूको प्रतिनिधित्व लेखक वा पात्रले गरिदिनुपर्छ भन्ने मान्यता अघि सारिन् । उनले सीमान्तीयहरूलाई आवाजविहीनका रूपमा लिदै उनीहरूको आवाजको प्रतिनिधित्व अरूले गरिदिनुपर्छ भन्ने मान्यता अगाडि सारिन् । तसर्थ कृति वा रचनामा सीमान्तीयहरूको प्रतिनिधित्व विविध किसिमले लेखकले गराउनुपर्ने कुरा अगाडि आयो ।

कृतिमा सीमान्तीयताको खोजी कसरी गर्ने ? 'सीमान्तीय पात्रको उपस्थिति, तल्लो दर्जाका पात्रहरूमा भएका सीमान्तीय पात्रहरू, सीमान्तीय पात्रका चारित्रिक अभिलक्षण, उनीहरूको कार्यव्यापार र भूमिका, सीमान्तीय पात्रको बोली, उनीहरूको स्वतन्त्रता वा अधीनस्थता र विद्रोह गर्न सक्ने वा नसक्ने अवस्था, उनीहरूका पक्षमा बोल्ने पात्रहरू, लेखकीय पक्षधरता आदिका आधारमा विश्लेषण गर्नुपर्दछ । (शर्मा, २०७०: ३२३) । यसर्थ साहित्यमा केन्द्रभन्दा बाहिरको विषयवस्तु, पात्र, परिवेश, मान्यता, लेखकीय पक्षधरता आदिको विश्लेषण गरेर सीमान्तीयताको खोजी गर्न सकिन्छ ।

यसरी हेर्दा सीमान्तीयताले सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक, फरक क्षमता वा कुसङ्केतन आदि विविध कारणले पछि पारिएका वर्गहरूलाई बुझाउँछ । उनीहरू आफ्नो आवाज आफै उठाउन सक्ने पनि हुनसक्छन् नसक्ने पनि हुनसक्छन् । त्यस्ता पात्रहरूको आवाज अरूले उठाइदिनुपर्ने पनि हुनसक्छ । कृतिमा त्यस्तै सीमान्तीय पात्रहरूको अवस्था, परिवेश, भूमिका आदिको खोजी गर्न सकिन्छ । रचनामा यस्ता कुराको खोजी गर्नु नै सीमान्तीय अध्ययन हो । निष्कर्षमा इतिहास लेखनबाट सुरू भएको यो मान्यता पछि गएर साहित्य आदि क्षेत्रमा पनि प्रयुक्त भयो । यसले सीमान्तमा पारिएको विषयवस्तु, पात्र, परिवेश, मान्यता आदिको खोजी गर्न थाल्यो ।

## ग. 'पछबरिया टोल' कथामा सीमान्तीयता

सीमान्तले केन्द्रभन्दा परलाई बुझाउँछ भन्ने कुरा माथिको सिद्धान्तबाट प्रष्ट भइसकेको छ । निमुखा मानिसहरू पनि केन्द्रभन्दा पर हुन्छन्, उनीहरू बस्ने गाउँ पनि सीमान्तमै हुन्छ । आर्थिक हिसाबले पनि उनीहरू गरिब हुन्छन् । राजनीतिक हिसाबले पनि उनीहरू कमजोर हुन्छन् । उनीहरूलाई धनीहरूले विभिन्न किसिमले प्रयोग गर्न सक्छन् । 'पछबरिया टोल' कथामा यस्तै यस्तै सीमान्तीयता भेटिन्छन् । त्यसकारण यो कथालाई भौगोलिक, पहिचान तथा जातिगत, आर्थिक, राजनीतिक, समयगत, पात्रगत, लेखकीय पक्षधरता आदिको कोणबाट सीमान्तीय विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

पछबरिया टोल कथाको परिवेश तराईको रहेको छ । नेपाली साहित्यका सन्दर्भमा तराई आफैमा सीमान्तमा छ । केन्द्रमा पहाडिया साहित्य छ । एकाध रचनामात्रै तराईका आउँछन् नभए बाँकी साहित्यले पहाडिया परिवेश, जनजीवन, चालचलन भाषाभाषीलाई आधार बनाएको पाइन्छ । तराईको भाषा पनि सीमान्तमा छ । केन्द्रमा नेपाली भाषा छ । यो कथामा मैथिली भाषाको प्रयोग गरिएको छ । त्यसकारण यो सीमान्तीय परिवेशको कथा हो । भौगोलिक हिसाबले पनि सीमान्तीय ठाउँको कथा हो । सीमान्तीय परिवेशलाई कथाकारले केन्द्रमा ल्याउने प्रयत्न गरेका छन् ।

पछबरिया टोलको नाम छैन । पहिचान पनि छैन । नेताहरूलाई जे मन लाग्छ, त्यही नाम राखिदिन्छन् । मुसहरहरू धेरै भएकाले कसैले यसलाई मुसहर टोल भन्छन्, पञ्चायत कालमा प्रधानपञ्च रामदेव मण्डलले पञ्चायत टोल राखिदिएका थिए । विकासे नेताले रामलक्ष्मण टोल राखे । रामलक्ष्मण टोल राखेपछि धनसरीले आपत्ति जनाउँदै भनेकी थिई, 'अयँ गे ने एतय राम लछुमनक मूर्ति छइ, ने हनुमानक, ने एतय राम मीना होइछइ, त अइ टोलक नाम राम लछुमन टोल कोना भेलइ (४६)।' तर ऊ एउटा सीमान्तीय पात्र हो । त्यसकारण उसको आवाज नेताहरूले सुन्ने कुरै भएन । नेताहरूले टोलको नाम नै आफू अनुकूल

परिवर्तन गरिदिएर त्यहाँका जनताको पहिचान नै मेटिदिएका थिए । कसैले यो नयाँ टोल भएकाले मान्छेहरूले यसलाई नयाँ टोल भन्दछन् । त्यसो त यो टोल आफैमा मूल टोलभन्दा सीमान्तमै छ । 'मूल टोलभन्दा पश्चिमतिर भएकाले कतिले यसलाई पछबरिया टोल' (ऐजन) भन्नुले पनि यो कुरा पुष्टि हुन्छ । त्यसकारण पछबरिया टोल पिछडिएको, गरिब, पहिचानहीनहरूको बन्न पुगेको छ । मूल टोलभन्दा पश्चिमतिर भएकाले यो टोल भौगोलिक हिसाबले पनि सीमान्तमा नै छ । टोलको जस्तै यहाँका मानिसहरूलाई आफ्नो पूरा नामसमेत थाहा छैन । त्यसकारण यिनीहरू पहिचानविहीन छन् ।

यो टोलमा बस्ने मानिसहरू यादव, श्रेष्ठ, अन्सारी, ततमा, चौधरीहरू छन् । जातिगत हिसाबले यिनीहरू केन्द्रमा भएका जातिहरू होइनन् । यिनीहरूको राजनीतिक तहमा पनि पहुँच छैन । क्षेत्रीय र राष्ट्रिय दलका नेतासँग नाम मिल्न गयो भने त्यो एउटा संयोग मात्रै हो । राजनीतिको पहुँचमा यी जातिहरू कथामा आएको देखिदैन । उपल्ला जातिहरू शायद मूल टोलमा बस्छन् र सीमान्तीयहरू यो टोलमा बस्छन् । तसर्थ जातिगत हिसाबले पनि पछबरिया टोलको समुदाय सीमान्तीय नै बन्न पुगेका छन् ।

पछबरिया टोलमा बस्ने मानिसहरू गरिब छन् । यो हरिकङ्गाल र तन्नमहरूको बस्ती हो भन्नुले पनि यहाँ बस्ने मानिसहरू चरम गरिबीबाट ग्रस्त छन् भन्ने बुझिन्छ । 'जगदीशवाको तीन कठ्ठा जमिन छ-कागजमा' (४७) । जग्गा जगदीशवाको कागजमा मात्रै हो, वास्तविकतामा ऊसँग जग्गा छैन । तैपनि त्यो जग्गा पनि खाल्डो छ, पटुवा गाड्न मात्रै काम लाग्छ । त्यसमा अरू कुनै उत्पादन हुँदैन । किस्नबहादुर साहूकोमा निम्न वर्गीय चौकीदारीको काम गर्छ । यो टोलमा जम्मा पाँच सय एकाउन्न भोट छन् । ती भोटहरू खरिदबिक्री हुन्छन् । एक भोटका लागि एक सय रूपैयाँ दिइन्छ । छाप नं.१, २, ३ नै भोट खरिदमै अभ्यस्त छन् । यी तिनै गरिबहरूको भोट किन्न सकिनेमा ढुक्क छन् । भोट गरिब र सीमान्तीयहरूको मात्रै खरिद गर्न सकिन्छ । धनी मानिसहरू स्वाधीन अर्थात् स्वतन्त्र हुन्छन् । 'अनवर अख्तरले कटिहारबाट नाचपाटी मगाउने घोषणा सुनाएको छ गाउँमा । खाना फ्री, नाच फ्री (ऐजन)' भन्नुले पनि यो गाउँको आर्थिक र राजनीतिक गरिबी प्रष्ट हुन्छ । भोटका लागि कसैले जग्गा त कसैले पैसाको लोभ देखाउँछन् । तर बाह्र वर्षसम्म बसेको जग्गा दर्ता छैन । यसबाट के बुझिन्छ भने यो गाउँमा गरिबहरू बस्छन् र उनीहरूमाथि विभिन्न प्रकारका शोषणहरू चलिरहेका छन् । यिनीहरू भोटका लागि मात्रै उपयोग हुन्छन् ।

'पछबरिया टोल त्यति सन्चोले किन निदाउन पाउँथ्यो...हावामा हुरहुर बल्न थाल्यो' (४९)। टोलमा आगलागी गराइयो । चुनावी षड्यन्त्रअन्तर्गत नै आगो लगाइयो र गरिबहरूलाई अपराधी करार गर्ने कोसिस भयो । शिवशरणका बच्चा जले ।

विद्रोही धनसेरीलाई आगोमा जलाएर हत्या गरियो । पुलिस प्रशासनले गरिब मानिसहरूलाई समातेर अपराधी करार गर्ने कोसिस गऱ्यो । अन्ततः पछवरिया टोलमा उग्रवादीद्वारा आगजनी गरिएको घोषणा गरियो अनि मन्त्रीद्वारा राहत बाँड्ने घोषणा पनि भयो । यसबाट के बुझिन्छ भने त्यो टोलमा आगो लगाउने पनि उनै हुन्, जो राहत बाँड्नका लागि तयार भएका छन् । राहत बाँड्ने र पार्टीहरू चलाउने काम पनि सँगसँगै भएका छन् । त्यसकारण यो टोलमा नेताहरू केन्द्रमा छन् भने जनताहरू सीमान्तमा छन् । नेताहरू सबै प्रकारका उपाय अपनाएर भोट प्राप्त गर्नका लागि प्रयत्नशील छन् । यसबाट के बुझिन्छ भने यो टोल आर्थिक र राजनीतिक दुबै हिसाबले पनि सीमान्तीय छ ।

राजनीतिक हिसाबले पनि यी गरिबहरू अरूका लागि प्रयोग हुन्छन् । नेताहरूले भोटका लागि उनीहरूमाथि साम, दाम, दण्ड, भेदको नीति लागू गरेका छन् । त्यहाँको पुलिस प्रशासन पनि नेताहरूकै गोटी बनेका छन् । अनवर अख्तर र भोला चौधरीजस्ता कार्यकर्ताहरू नेताका गोटी हुन् । उनीहरू दुबै आफ्नो नेताको प्रवक्ता बनेर गाउँका मानिसहरूमाथि अन्याय गरेका छन् र तिरस्कृत भएका छन् । सीमान्तहरू सत्तामा बस्नेहरूका प्रयोग हुन्छन् भन्ने उदाहरण यी दुई पात्रहरूबाट पाउन सकिन्छ । किस्नबहादुर र जगदीशवाले पनि क्रमशः छाप १ र २ छाडेको कुराले उनीहरू पनि राजनीतिक दल र तिनका नेताहरूबाट प्रयोग भएका थिए भन्ने बुझिन्छ । यसपालि भोट नहाल्ने भन्दा उनीहरूलाई बहिष्कारवादीको आरोप लाग्छ । भोट नहाल्नेहरूलाई मसालको आरोप लगाइन्छ । यो हिसाबले हेर्दा यो टोलका मानिसहरूलाई नेताहरूले आफू अनुकूलका लागि प्रयोग गरेको पाइन्छ । पुलिस गरिबलाई अपराधी करार गर्न व्यस्त छ । पहाडिया पहाडिया र मधेशी मधेशीका बीचमा आन्तरिक लडाईं गराउन खोजिएको छ । प्रहरी पनि राजनीतिक नेताकै पक्षमा छ । आगजनीको दोष अन्तिममा उग्रवादीमाथि थोपरियो र राहत बाँड्ने नाटक मञ्चन भयो । यसबाट नेताहरू र धनी मानिसहरू केन्द्रमा छन् भने गरिब जनताहरू सीमान्तमा छन् भन्ने बुझिन्छ ।

कथाका सीमान्तीय पात्रहरू आवाजविहीन त छैनन् । उनीहरू आवाज त उठाउँछन् तर उनीहरूको आवाज न पुलिस प्रशासनले सुन्छ न त नेताहरूले नै सुन्छन् । टोलको नाम रामलक्ष्मण टोल राख्दा धनेसरीले विरोध गर्दछे । तर पछि विद्रोही धनेसरीलाई डढाएर मारिन्छ । शिवशरणका बच्चाहरू मारिन्छन् । सीमान्त मानिसहरू, 'आगो लगाउनेको भस्म खरानी होस्' (५२) भनेर गाली गर्छन् । दलको कार्यकर्ता भोला चौधरी त्यस्तो विपत्तिकै बेला पनि 'आज राति...नाचपाटी, सब फ्री, टिकट फ्री...नामी पाटी...चोलीके पिछे...' (ऐजन) भनेर घोषणा गर्दछ । उसको प्रतिवाद धनपतेले गर्छ । 'थुक्क कुकुर ! गाउँमा यस्तो छ तलाई चोली के...' रातिको लडाईंमा परेर घाइते भएको धनपतेले सकीनसकी थप्छ, 'रे सार तँ आदमी छै कि जनावर ।' अझै उसको रिस शान्त हुँदैन र

भन्छ 'थुक्क !' तापनि उनीहरूको आवाज सुनिदैन । तर पनि कैलाशवा र धनपतले सङ्घर्ष गर्न छाड्दैनन् । कैलाशवा 'काका म हिडे' भन्दै रातो कपडा लिएर पछबरिया टोलतिर दर्गुछ । गह्रौं मनले धनपत ऊ गएतिर हेर्दछ । निष्ठाको राजनीत यहाँ सीमान्तमा छ । कैलाशवा र धनपत सीमान्तमै भए पनि आवाज उठाइरहेका छन् । तर उनीहरूले उठाएको आवाजलाई विभिन्न झुटा आश्वासनद्वारा दबाएर सीमान्तमा पार्ने कोसिस गरिएको छ ।

समयगत हिसाबले पनि पछबरिया टोल सीमान्तमा छ । अन्य बेला यो टोलका बारेमा कुनै पनि नेताले चिन्तनमनन गर्दैनन् भन्ने कुरा किस्नबहादुरको यो भनाइले पुष्टि हुन्छ, 'बाह्र वर्ष भयो यहाँ बसेको । हामी बसेको जग्गा दर्तामा छैन । चुनावको बेला सबैले यसो भन्छन्, उसो भन्छन् (४८)।' नेताहरू पैसाले मात्रै नपुगेर आश्वासन पनि बाँड्छन् । तर ती कुनै पनि पूरा हुँदैनन् । तसर्थ यो टोल चुनावका बेलामात्रै चर्चामा आउँछ । चुनावमा यहाँका मानिसहरूको मत लिनका लागि मात्रै नेताहरू आउँछन् । अन्य बेला यहाँका मानिसहरू अभाव र बेरोजगारीमा पिल्सिन बाध्य छन् । उनीहरूको समस्याको सुनुवाई कहीँ कतैबाट हुँदैन ।

भाषिक हिसाबले पनि पछबरिया टोल कथामा मैथिली भाषाको ठाउँठाउँमा प्रयोग छ । मैथिली भाषा केन्द्रको भाषा होइन, सीमान्तको भाषा हो । धनेसरीको भाषा छ, 'अयँ गे ने एतय राम लछुमनक मूर्ति छइ, ने हनुमानक, ने एतय राम मीना होइछइ, त अइ टोलक नाम राम लछुमन टोल कोना भेलइ, हँ तो कोना भेलइ ।' (४६) भोट बहिष्कारका सन्दर्भमा कैलाशवाले पनि त्यही भाषा प्रयोग गर्दछ, 'हे अब हमु तब केकरो भोट नहीँ देव ।' विन्देश्वरी मास्टर भन्छ, 'एकर मतलब भेलइ बहिष्कार (४८) ।' अन्य ठाउँमा पनि भाषिक विविधताका प्रशस्त उदाहरणहरू कथामा पाइन्छन् । त्यसकारण यो कथामा सीमान्तीय भाषाको प्रयोग गरिएको छ ।

यो कथामा लेखकको सहानुभूति सीमान्तीय पात्रहरूप्रति छ । संसदीय राजनीतिमा हुने भोट खरिद बिक्रीप्रति लेखकको आक्रोश छ । उनले संसदीय फोहरी राजनीतिका विकृतिहरूलाई कथामार्फत प्रस्तुत गरेका छन् । कसरी इमान्दार र सोझा मानिसहरूको शोषण गरिन्छ भन्ने कुरा कथामार्फत कथाकार बरालले देखाएका छन् । त्यस्तो राजनीतिका विरूद्ध पनि धनपत र कैलाशवा संघर्षरत छन् । उनीहरू केन्द्रमा नभए पनि निराश छैनन् । तसर्थ यो कथामा कथाकारको सहानुभूति गरिब, निमुखा वर्ग अर्थात् सीमान्तीय वर्गप्रति रहेको छ भन्न सकिन्छ । अर्को कुरा खासै कसैको नजरमा नपरेको ठाउँको विषयवस्तु, तराईको मैथिली भाषालाई कथामा प्रयोग गरिएको छ । त्यसकारणले गर्दा पनि यो कथामा लेखकीय पक्षधरता सीमान्तहरूसँगै रहेको पाइन्छ ।

यिनै सीमान्तीय आधारमा कथाको विश्लेषण गर्न सकिन्छ ।

## घ. निष्कर्ष

सीमान्तीय अवधारणा नेपाली साहित्य समालोचनाका क्षेत्रको एक नवीन अवधारणा हो । यो उत्तरऔपनिवेशिक अवधारणासँग जोडिएको छ । इटालेली एन्टियो ग्राम्चीबाट सुरू भएको यो अवधारणाले युरोप र भारत हुँदै बिस्तार हुने अवसर पाएको छ । केन्द्रबाट पर धकेलिएका निमुखा, गरिब, शोषित पीडितहरूलाई रचनामा ठाउँ दिइएको छ या छैन भन्ने कुराको खोजी यो अवधारणाले गर्दछ । यस्ता गरिबहरू बोल्न नसक्ने भएकाले यिनीहरूलाई आवाज दिनुपर्ने हुनसक्छ भन्ने मान्यता सीमान्तवादीहरूको छ । कुनै पनि रचनामा प्रयुक्त विषयवस्तुमा सीमान्तहरूको उपस्थिति, उनीहरूको भूमिका, उनीहरूको अवस्था, स्थान, लेखकीय पक्षधरता के कस्तो छ भन्ने कुराको खोजी यो मान्यताले गर्दछ ।

ऋषिराज बरालको पछबरिया टोल कथा विषयवस्तुगत, पात्रगत, जातिगत, राजनीतिक, भौगोलिक आदि दृष्टिकोणले सीमान्तीयहरूको कथा हो । यो कथाको केन्द्रमा फोहरी राजनीति नै छ र सीमान्तहरूलाई विभिन्न प्रलोभनमा खरिदबिक्री गर्ने प्रयत्न गरिएको छ तापनि सीमान्तीयहरू आवाजविहीन छैनन्, उनीहरू संघर्षरत नै रहेका छन् । यो पहिचानहीनहरूको कथा हो । उनीहरू जातिगत र भाषिक रूपमा पनि सीमान्तमा छन् । आर्थिक हिसाबले पनि उनीहरू गरिब छन् । राजनीतिक नेताहरूले उनीहरूलाई वस्तुसरह किनबेच र प्रयोग गरेको पाइन्छ । कथामा मैथिली भाषाको पनि प्रयोग गरिएको छ । यो भाषा आफैमा सीमान्तको भाषा हो । लेखक सीमान्तहरूप्रति सहानुभूति राख्दछन् । तसर्थ लेखमा पहिचानगत, जातिगत, आर्थिक, राजनीतिक, भाषिक, लेखकीय पक्षधरताका कोणबाट सीमान्तहरूको उपस्थितिको खोजी गरिएको छ ।

## सन्दर्भसामग्री सूची

कोइराला, कुमारबहादुर (२०७१), **'बी.पी.का कथामा सीमान्तकृत वर्गको आवाज'**, **'हाम्रो पुरुषार्थ'**, तम्घास : किरण पुस्तकालय (पृ.१२०-१२६)।

ऋषिराज, बराल (२०७०), **'पछबरिया टोल', नेपाली साहित्यिक रचना,** ललितपुर : साझा प्रकाशन, (पृ.४६-५२)।

शर्मा, मोहनराज (२०७०), **'अवरजन अध्ययन र साहित्य'**, भृकुटी ।

सुवेदी, अभि (२०७०), **साहित्य र आमवृत**, काठमाडौँ : मदर पब्लिकेसन ।

ooo

# मनकामनामा भीभीआईपी सास्ती

✍ **विनोद नेपाल**
**पोखराथोक, पाल्पा, हाल : काठमाडौं**

लामो समय भएको थियो काठमाडौंबाट नजिकैको प्रशिद्ध तिर्थस्थल मनकामना नगएको । चितवनमा रहँदा २०५२ सालदेखि २०६२ सम्म एक दशकको अवधिमा प्रत्येक वर्ष कम्तीमा एकपटक पुगिन्थ्यो । त्यसपछि निकै लामो अन्तरालपश्चात् २०७५ फागुन २२ गते मात्र मनकामना पुग्ने अवसर जुर्‍यो ।

बिहानको खानापछि वनस्थली हुंदै कलंकी पुग्दा सुविधाजनक सार्वजनिक बसमा यात्रा गर्ने मौका मिल्यो । वातानुकूलित उक्त बसले चितवनको केवुलकारसम्मको भाडा प्रति व्यक्ति रू. ३००।- लियो । हाम्रा राजिखुशीले उक्त यात्रु बसमा चढी आफ्ना आसन लियौं । संयोग नै भनौं, हामी चढ्नासाथ बस अगाडि बढ्यो ।

गाडीभित्र मानिसहरूका खल्याङमल्याङ थिए । कोही मोवाइलमा मस्त थिए, कोही चाहिं परस्पर कुराकानीमा । सबै आआफ्नै ताल, तौरतरिका र ढंगका कुराकानीमा । सार्वजनिक स्थल होस् वा यातायात नै हाम्रो आफ्नै पारा हुन्छ । अरूको अप्ठेरो वा अरूलाई पुग्नसक्ने बाधाप्रति हामीलाई कुनै मतलव हुंदैन । मोवाइल फोनमा हुने सवालजवाफ र कुराकानीको लय आफ्नै खालको हुन्छ । ती सुन्दै यात्रा गर्नुको आफ्नै मजा हुन्छ । कहिलेकाहीं त यस्ता पनि यात्रु भेटिन्छन् जसका मोवाइल कुराकानी यात्रा अवधिभर नै चलिरहेका हुन्छन् । खोई, तिनको काम नै हुन्छ वा के देखाउन खोज्छन् कुन्नी ती, अरूलाई पुग्न सक्ने बाधाको ख्यालै नराखी । अझ, चर्को स्वरमा कुरा गर्नेहरू हुन्छन् कति त । कसैको घर व्यवहार, कसैको बन्द व्यापार सबै कुरा मोवाइलबाटै चल्छ हिंजोआज । अझ रमाइलो त त्यतिखेर लाग्छ, जतिखेर कहाँ छौ भनेर सोध्नेलाई म घरैमा छु,कार्यालयमा छु वा अन्यत्र कतै बताइरहेको सुनिन्छ, यात्रामा छु, यहाँनेर पुगें नभनेर । कहिलेकाहीं त यतिसम्म हुन्छ कि 'विस्तारै बोल्नुस्' भनौं भनौं नै लाग्छ तर भन्न नसकिने अवस्था हुन्छ । त्यसो भन्दा 'कसैका कुरा नसुन्न त कारमा हिंड्नुपर्छ' भन्ने जवाफ पाइने भयले पनि यसो गर्न सकिंदैन, किनकि बोल्ने कुरामा हामी एक से एक हाजिर जवाफ छौं,सबै स्वतन्त्र छौं र हाम्रो जस्तो स्वतन्त्रता र अधिकार सम्भवतः दुनियाँमा कतै छैन ।

दुई बजे केवलकारको 'बेस स्टेशन' 'चेरेस' पुगियो । मूल द्वारबाट स्टेशनतर्फ ओर्लने सडक दायाँबायाँ राम्रो फूलबारी त पहिले नै थियो, अहिले आकर्षक मुर्तिहरू र मन्दिर नै स्थापना गरिएका रहेछन् । हेर्दै र त्यहाँको सुन्दरतासँग रमाउँदै हामी टिकट काट्ने स्थानमा पुग्यौं ।

भीडभाड र लाम छैन । काउण्टर होलो छ । अब माथितिर जाने भनेको रात बस्नेहरू मात्रै हुन् । यसैले यसो भएको हो । उताबाट फर्कनेको भने चाप छ । फर्केकाहरू विभिन्न हाउभाउमा तस्वीर लिंदैछन् । एकछिन तिनै दृश्य हेरेपछि हामी टिकट काट्छौं । प्रति वयस्क व्यक्तिका लागि दुईतर्फी टिकट दर रू. ६४०।-रहेछ । ज्येष्ठ नागरिक, विद्यार्थी र निश्चित उमेर र उचाइभन्दा कमका लागि सहुलियत पनि रहेछ । अब हामी कार चढ्ने स्थानतर्फ लाग्छौं । त्यहाँ पनि लामो लाम छैन । केही बेरमै कारमा चढ्न पाउँछौं । यात्रुको चाप नभएकाले एउटा डिब्बामा हामी दुई जना अर्थात् सुमित्रा र म मात्रै भयौं । तस्वीर लिंदै र वरपरका दृश्य हेर्दै झण्डै १० मिनटमा हामी मनकामना पुग्यौं ।

रात बास बस्ने योजना भएकाले हामी विस्तारै माथितिर लाग्छौं । झोला बिसाउने र घुम्ने योजना छ हाम्रो । हामी अगाडि लम्कंदैछौं । यता पूजा सामग्री बेच्नेहरू हामीतर्फ हेरेर बोलाउँदैछन्, पूजा सामग्री किनिदिन आग्रह गर्दैछन्, उता होटलवालाहरू खाजा नास्ताको लागि आग्रह गर्दैछन् । आवासको सेवा उपलब्ध गराउने होटलहरू राम्रो, सस्तो कोठा, तातो पानी, वाईफाई आदि सुविधा उपलब्ध भएको भन्दै बोलाउँदैछन् । हामी भने ती आग्रहहरूलाई सुने पनि नसुनेझैं गर्दै अगाडि बढ्छौं । किनकि हामीले मन्दिरको नजिकै कोठा खोज्ने लक्ष्य लिएका छौं । मन्दिर नजिक बस्दा भोलि बिहान उठ्ने बित्तिकै लाम लाग्न र सजिलै तथा छिटै पूजा गर्न पाइने भएकाले हामी नजिकै बस्न चाहेका हौं ।

मन्दिर छेउ पुगेपछि दुईवटा होटलमा पुग्दा तिनका सञ्चालकको व्यवहार तथा शैली मन पर्दैन हामीलाई । तेस्रो होटलमा पुगेपछि त्यहाँ भने कुरा मिल्छ । न्यूनतम सुविधा त चाहिन्छ नै, अतिथि सत्कार खोज्छ । व्यवहार ठूलो कुरा हो । हामीलाई साहुनीको व्यवहार मन पर्छ । कोठा हेर्छौं । कोठा सांगुरो छ । तर पनि हामी 'एक रात सुत्ने न हो' भन्दै कोठामा झोलाहरू राख्छौं, अनि घुम्न निस्कन्छौं ।

मन्दिर आकर्षक देखिएको छ । भर्खरै सुनको मोलम्बा लगाइएको मन्दिरको छानो र गजूर टलक्क टल्किएका छन् । परिसर सफा नै छ तर अझै सरसफाइ हुँदैछ । मानिसहरू सरसल्लाह गरिरहेका छन् । उता उत्तरतर्फ ढिस्कोमाथि स्वागतद्वार र छेउमा मञ्च बनाउने तयारी छ ।

हामीमा खुल्दुली जाग्छ के को तयारी होला यो ? सोध्दा थाहा हुन्छ भोलि दिउँसो राष्ट्रपतिको आगमन हुँदै रहेछ । राष्ट्रपति पोखरा विन्ध्यवासिनी मन्दिर पुगी त्यहाँको कार्यक्रममा सहभागी भई मनकामना आउने योजना रहेछ । मनकामना मन्दिर पुनर्निर्माण सम्पन्न भएको अवसरमा सो दिन मन्दिर परिसरमा आयोजित कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी सहभागी हुने कार्यक्रम रहेछ ।

अब हामी निर्माणाधीन स्वागतद्वार हुंदै उकालो लाग्छौं । अग्लाअग्ला पक्की भवनहरू बनेका रहेछन् अचेल यता, जहाँ पहिले ससाना कच्ची घर मात्र थिए । अगाडि बढ्दा देख्छौं माथि सैनिक क्याम्पको वर हेलिप्याडसम्म सरसफाइको काम हुँदैछ । सैनिक जवान र स्थानीय सर्वसाधारणसमेत सरिक छन् त्यसमा ।

हामी लखन थापा गाउँपालिका वडा नं २ को कार्यालय हुंदै थानी मन्दिर पुग्छौं । थानी मन्दिरबाट परपरसम्मका दृश्य हेर्छौं । जतासुकै सडक खनिएका छन् । अचेल त्रिशूलीपारि केबुलकार स्टेशननेरबाट मनकामना हुँदै साना सवारी साधन चल्दारहेछन् । उता आँबुखैरेनी तर्फबाट पनि गाडी आउँदारहेछन् । तर, कच्ची तथा साँगुरो सडक भएकाले दुबैतर्फको यात्रा जोखिमपूर्ण रहेको स्थानीयबाट जानकारी प्राप्त भयो ।

अब हामी पुनः मन्दिरतर्फ फर्कन्छौं । उहिले पैदलै आउने बाटोतर्फ लाग्छौं । अलि तलसम्म ओर्लंदा यो बाटो सुनसान लाग्छ । त्यस्तो चहलपहल हुने ठाउँ उतापट्टिबाट केवुलकार आएपछि रौनक घटेको र सुनसान भएको हो । आँबुखैरेनी तर्फबाट हिंडेर आउँदा यस भेगको बेग्लै आकर्षण थियो । बजारको यो भेग लखन थापा गाउँपालिकाको ३ नम्बर वडामा पर्ने त्यहाँ स्थित वडा कार्यालयको नामपाटीबाट बुझियो ।

झण्डै डेढ दशकपछि पुगेको मनकामना क्षेत्र उतिखेर भन्दा धेरै फरक लाग्यो । खासगरी ससाना घरहरूलाई ठूला घरहरूले विस्थापित गरेको र तिनमा होटल,लज आदि सञ्चालन भएका देखियो भने नयाँनयाँ संरचनाहरू निर्माणको क्रममा रहेको पनि देखियो ।

माथिदेखि तलसम्म बजार अवलोकन गरिसकेका हामी अब उकालो मन्दिरतर्फ आउनुभन्दा तेर्सो लागेर बजार क्षेत्रको परिक्रमा साथै केवुलकारको स्टेशनमा पुगी तस्वीर लिने विचार गर्छौं ।

स्टेशनमा पुग्दा ओर्लनेहरूको लाम छ तर उक्लनेहरू फाट्टफुट्ट मात्रै छन् । पाँच बज्न लागेकोले आजको सेवा अब केही छिनमै बन्द हुने सुरक्षाकर्मीले बताउँछन् । हामी उनकै सहयोगमा हाम्रो तस्वीर लिन्छौं र केही समय बिताई पुनः मन्दिरतर्फ लाग्छौं । मन्दिर परिसर झनै राम्रो, सफा र आकर्षक देखियो ।

हामीले मन्दिर परिसरमै केही समय बिताउने निर्णय लियौं । मन्दिरको मर्मतका बारेमा केही जानकारी लिने प्रयास गऱ्यौं ।

प्राप्त जानकारीअनुसार २०७२ सालको भूकम्पले पूर्णरूपमा क्षति पुऱ्याएको प्रसिद्ध धार्मिक स्थल मनकामना मन्दिरको जीर्णोद्धारका लागि नेपाल सरकार पुरातत्त्व विभागमार्फत रू. चार करोड र भक्तजनबाट सहयोगस्वरूप प्राप्त भएको समेत

कूल रू. १४ करोड ६४ लाख खर्च भएको रहेछ । यसमध्ये सबैभन्दा धरै खर्च सुनमा भएको रहेछ । मन्दिरको छाना, गजूर, झ्याल–ढोकालगायतमा सुनको मोलम्बा लगाउन १८ के.जी. सुनको खर्च भएको जानकारीमा आयो ।

करिब ३०० वर्ष अघि निर्माण भएको मनकामना मन्दिर विसं १९९०को भूकम्पले दक्षिण पश्चिमतर्फ झण्डै ६ इन्च ढल्किएको थियो । २०६८ सालमा मन्दिर जीर्णोद्धारका लागि छलफल चले पनि काम अघि बढ्न सकेन । यसैबीच वि.सं. २०७२ सालको भूकम्पले मन्दिरमा क्षति पुग्यो । त्यसपछि जीर्णोद्धार समिति गठन गरी पुनः निर्माण थालियो । विसं २०७२ जेठ २५ गते शुभसाइत पारी मन्दिरको गजूर झिकिएकोमा सोही वर्ष साउन ६ गते जग पूजा गरी मन्दिर पुनः निर्माणको काम अघि बढाइएको थियो । तत्कालीन अवस्थामा जीर्णोद्धारका लागि रू.आठ करोड ४८ लाख लाग्ने अनुमान गरिएको भए पनि निर्माणका क्रममा विभिन्न कारणले लागत बढेको हो । मन्दिर पुनर्निर्माण कार्य २०७४ चैत मसान्तभित्रै सम्पन्न गर्ने लक्ष्य थियो । तर भूकम्पपछि नाकाबन्दी,मन्दिरलाई चाहिने आकारको काठको अभावलगायत समस्याका कारण निर्धारित समयभन्दा झण्डै आठ महिनापछि मात्र निर्माण कार्य सम्पन्न भएको हो ।

समितिले पुरातत्त्व विभागले तोकेको मापदण्डअनुसार मन्दिर निर्माण गरेको बताएको छ । यसअघि मन्दिरको छानामा तामाको जलप लगाइएकोमा अहिले मन्दिरको गजूर, छाना, मूलढोका आदिमा सुनको जलप लगाएर आकर्षक बनाइएको छ । मन्दिरको छानामा सुनको जलप लगाउंदा अचेल नाइट्रिक एसिड प्रयोग गरेर लगाउने गरेको भए पनि आफूहरूले सुनको जलप लगाउँदा पुरानै प्रविधि प्रयोग गरेको जीर्णोद्धार समितिको दाबी छ । जसअनुसार यसका लागि चुक, नुन, अमिलो र ईंटाको ढुटो प्रयोग गरिएको छ ।

त्यसपछि होटल फर्की खाना खाई विश्राम लियौं ।

भोलिपल्ट बिहान नुहाइधुवाई गरी साढे पाँच बजे नै मन्दिरमा लाम लाग्न पुग्यौं । लामो लाम थिएन । यसैले आधा घण्टाभित्रै दर्शन र पूजा सकियो । उज्यालो हुँदै गर्दा तस्वीहरू लिइयो । राष्ट्रपतिको स्वागतका लागि सुरक्षा व्यवस्था र बाँकी सजावटसमेतका तयारी हुँदै गर्दा हामी भनेपछि भीड हुन सक्ने भएकाले केवुलकार खुल्नासाथ ओर्लने निर्णयमा पुग्यौं । सोहीअनुसार होटलमा फर्की गासबासको दस्तुर भुक्तानी गरी केवुलकार स्टेशनतर्फ लाग्यौं । संयोग,फर्कंदा पनि यात्रुको चाप नभएकाले एउटा डिब्बामा हामी जोडी मात्र भयौं ।

केवुलकारबाट ओर्ली गाडी चढ्ने ठाउँसम्मसम्म पैदलै आउने क्रममा ठाउँठाउँमा कतै आफै र कतै अन्य यात्रुको सहयोगमा तस्वीर लिइयो । यसै क्रममा तलतिर

ओर्लंदै गरेका एक युवा नजिकै आएर शिष्टतापूर्वक 'तपाईंलाई कतै देखेदेखे जस्तो लाग्यो' भने । मैले 'हो र ? मलाई त याद भएन' भनें । उनले 'सोलु जानु भएको थियो हैन ?' भन्ने जिज्ञासा राखे । मैले 'हो, म सल्लेरी पुगेको थिएं, केही घण्टाको लागि' भनें । उनले 'हो, त्यसो भए त्यहीं देखेको हुं मैले' भन्दा म आश्चर्यचकित भएँ ।

अनि 'यहाँको घर त्यहीं नै हो कि ?' भन्ने मेरो जिज्ञासामा उनले घर 'नेले' भए पनि उता जाने आउने गरेको बताए । शायद कुनै काम विशेषले त्यतिखेर सल्लेरी पुगेका वा त्यहीं कतै, कुनै पेशामा संलग्न रहेछन् कि ? मैले उनीसंग थप प्रश्न गरिन । 'ए होला, मैले त याद गरिनछु' भन्दै हात मिलाई हामी आआफ्नो बाटो लाग्यौं ।

तर, धेरै भीडभाड नहुने ठाउँमा मानिसहरू नौला अनुहार याद गर्दा रहेछन्, बाहिरबाट पुग्ने मानिसहरूलाई सम्झंदा रहेछन् भन्ने प्रष्ट भयो र गजब पनि लाग्यो । वास्तवमा म गत २०७५ सालको जेठ महिनाको अन्तिम साता सोलुखुम्बू जिल्लाको सदरमुकाम सल्लेरी पुग्दा करिब चार घण्टा मात्र त्यहाँ बिताएको थिएँ । कार्यालयको कामबाहेक बजारको भ्रमण तथा फाप्लू विमानस्थलको अवलोकन गरी फर्केका हामीले त्यसमा लगभग दुई घण्टा खर्चियौं होला । सो अवधिमा एउटा पसल र खानाको लागि एउटा होटलमा मात्र हामी पसेका थियौं । शायद उनी तिनैमध्ये कहीं हुँदा हुन् ।

हामी सडकमा निस्किंदा संयोगले मनकामना जाने यात्रुको संख्या धेरै भएको बस आइपुग्यो । यात्रुहरू ओर्लिएपछि सोही बसमा चढी हामी दिउंसो १ बजे सुविस्ता साथ काठमाडौ आइपुग्यौं ।

सांझ त समाचारहरूमा आइहाल्यो राष्ट्रपति आगमनको कारण मनकामनामा दर्शनार्थीहरूले दिउंसो लामो समयसम्म प्रतीक्षा गर्नुपरेछ । यसले कतिपयलाई अप्ठेरो परेको गुनासो पनि आयो । एउटी वृद्धाले त लामो समय प्रतीक्षा गरेर पनि मनकामना माईको दर्शन र पूजासमेत गर्न नपाई फर्कनुपरेको समाचार पनि आयो । लाग्यो गणतन्त्र र संघीयताले हामीकहाँ 'भीआइपी' र 'भीभीआईपी'को संख्या बढाइदिएको छ । ती जहाँ पनि आफ्नो अनुहार देखाउन खोज्छन् ।ससाना कार्यक्रममा पनि पुग्न लालायित हुन्छन् । चाहिनेभन्दा बढी तामझाम खोज्छन् । अनि तिनका लागि आम सर्वसाधारणले राजतन्त्रकालभन्दा बढी सास्ती झेल्नु परिरहेको छ र आगामी दिनमा यस्तो सास्ती अझै बढी ब्यहोर्नुपर्नेछ ।

०००

# पद्य र गद्य कविता लेखन परम्पराको दृष्टान्त

✍ **नेत्रनारायण शर्मा**
**नवलपरासी**

## विषय प्रवेश

साहित्यका विभिन्न विधाहरूको रचनामा पद्य वा गद्य शैलीको प्रयोग हुँदै आएको छ । साहित्यमा कोमल पदावलीहरूको आवरणमा कृतिहरू रचना गर्ने पद्धतिलाई उच्च मानिन्छ । वर्णानुक्रमानुसार 'पद्य' को शाब्दिक संरचना गद्यको तुलनामा पछि पर्दछ । तर प्रयोग र अभ्यासको तुलनामा यसको इतिहास निकै लामो छ । गद्य रचना वर्णानुक्रमानुसार अघि परे पनि रचना विधानका दृष्टिले पछि परेको शैली हो । छोटकरीमा पद्य शब्दको संरचना यस्तो हुन्छ : पद्+य (यत्) यसको अर्थ हुन्छ -श्लोकबद्ध रचना/श्लोकमा आबद्ध गरिएको रचना । त्यस्तै गद्यको संरचना गद्+य(यत्) (लुइँटेल : २०५८:४५/११९) छन्दरहित अथवा गेयात्मक गुणका दृष्टिले कमजोर रचना मानिन्छ । अचम्म त के छ भने यी दुबै शैलीमा पद्य विशेषण पदावली हो भने गद्य नाम पदावली हो । भाषालाई कसरी मिठासपूर्ण तरिकाले सम्प्रेषण गर्न सकिन्छ ? भन्ने अभिव्यक्तिका क्रममा पद्य र गद्यशैलीको प्रयोग हुन थालेको बुझिन्छ । छन्दको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै देवी नेपाल 'छन्द पराग' कृतिमा व्यक्त गर्छन् - लयगत एकरूपता वा छन्दगत मर्यादामा बाँधिएका रचना अर्थात् नियमित लयबद्ध कवितात्मक रचनालाई पद्यकाव्य भनिन्छ । त्यस्तै लयगत एकरूपता वा छन्दगत मर्यादामा नबाँधिएका तर काव्यात्मक ललित शब्दयुक्त रचनालाई गद्यकाव्य भनिन्छ । (नेपाल:२०६२:१) त्यस्तै उक्त कृतिमा पद्यकाव्य र छन्दकाव्यमा समानता रहेको कुरा उल्लेख छ । मानिसले रागात्मक अभिव्यक्ति दिनुपर्दा पद्यशैलीलाई अपनाउने परम्परा निकै प्राचीन कालको हो । पूर्वीय साहित्य चिन्तनले वैदिक साहित्यलाई छन्दको उठान विन्दु मानेको छ । पद्यशैलीको उत्पत्ति दैवी ज्ञानसँग पनि सम्बद्ध गरी चर्चा गरिएको पाइन्छ । (ऐजन) यस शैलीको ज्ञान सर्वप्रथम भगवान् शिवलाई प्राप्त भएको थियो । यस क्रममा शिवबाट विष्णु,विष्णुबाट, इन्द्रले, इन्द्रबाट बृहस्पतिले, बृहस्पतिबाट, माण्डव्यले, माण्डव्यबाट सैतवले, सैतवबाट यास्क र यास्कबाट पिङ्गल मुनिले छन्दको ज्ञान प्राप्त गरेको जानकारी पाइन्छ । (ऐजन) गद्यशैलीको प्रयोगगत व्यावहारिक मान्यतालाई आधार मान्दा एक दिन महर्षि वाल्मीकि आफ्ना शिष्यहरूका साथ तमसा नदीमा स्नान गरेर फर्किंदै गर्दा

बाटामा अचानक प्रेमालापमा मग्न भएका क्रौञ्चदम्पतीमध्ये एकलाई व्याधाले बाणले हानेर मारिदियो । आफ्नो भाले मरेपछिको पोथीको चित्कारले महर्षिलाई समेत विह्वल बनायो र उनको मुखारवृन्दबाट अचानक यस्तो श्लोक निस्क्यो ।

**मा निषादप्रतिष्ठांत्वमगमः शाश्वतीःसमाः।**
**यत्क्रौञ्चमिथुनादेकमवधीःकाममोहितम् ॥**

अर्थात् हे चाण्डाल व्याधा तैँले काममोहित यी पन्छीका जोडीमा एउटालाई मारिस्, यसबाट तैँले कहिल्यै प्रतिष्ठा र सुख प्राप्त गर्न नसकेस् । वाल्मीकिलाई वागाधिष्ठात्री सरस्वतीका अनुकम्पाले गर्दा यस्तो श्लोक रचना हुन पुगेको र यिनलाई अब 'रामायण' जस्तो बृहत् ग्रन्थ तयार पार्न वरदान मिलेको चर्चा पनि पाइन्छ । (ऐजनः२,३) पर्वीय सर्वप्राचीन ग्रन्थ 'ऋग्वेद' मा पद्यलयको प्रयोग गरी यसका ऋचाहरूको रचना भएको छ । त्यस्तै लौकिक साहित्यका महाभारत , रामायण जस्ता उत्कृष्ट ग्रन्थमा पनि यस शैलीको प्रयोग भएको छ । नेपाली भाषाको माउ संस्कृत भाषामा यस प्रकारको पद्य शैलीको प्रयोग देखा परेपछि अधिकांश तद्भव र तत्सम शब्दको बाहुल्य रहेको नेपाली भाषामा पनि यसको प्रभाव पर्ने नै भयो । साहित्यमा पद्य शैलीलाई पूर्वीय भाषाशास्त्रीय देन मानिएको छ । तर आधुनिक नेपाली साहित्यमा यी दुबै शैलीको प्रयोग भएको छ ।

## नेपाली साहित्यमा पद्य र गद्य शैली

नेपाली भाषामा साहित्य रचना हुन थालेको धेरै समय भएको छैन । पृथ्वीनारायण शाहकालीन रचनालाई साहित्य रचनाको उठान विन्दुका रूपमा लिइएको छ । यस समयका कविहरूमा काव्य पद्यमा मात्र रचना हुन्छ भन्ने पूर्वीय साहित्य चिन्तनको प्रभाव परेको थियो । त्यसैले नेपाली भाषाका पहिला कवि अर्थात् पृथ्वीनारायणका समकालीन कवि सुवानन्द दासले पृथ्वीनारायणको वीरताको कदर गर्दै पद्य शैलीमा नै कविता लेखेका थिए । त्यस्तै यस समयका शक्तिवल्लभ अर्ज्यालका कवितामा पनि यस शैलीको प्रयोग भएको थियो । भीमसेन थापाकालीन कवि यदुनाथ पोखरेलले पनि उही शैलीमा कविता रचना गरेका थिए । एउटा उदाहरण हेरौँ :

**गारन डराईकन चिठी लेख्यो,**
**नेपालका वीर सिपाही देख्यो ।**

त्यस्तै उनको **'नेपालका वीर सिपाही देख्यो'** शीर्षककै अर्को कवितांश हेरौँ - **फिरङ्गी हटाई लुटीपिटी चाँडो, पुगी आज गंगा पषाल्नु छ खाँडो,** त्यसपछि आदिकवि भानुभक्तको 'रामायण' कृतिमा यस शैलीलाई हु-बहु उतार्ने प्रयास गरियो । त्यस्तै यस समयका रघुनाथले पनि उक्त शैलीलाई नै पछ्याएका

थिए । नेपाली साहित्य रचनामा माध्यमिक युगमा पनि यस शैलीलाई अपनाइयो । मोतीरम भट्टले यसको विकल्पको रूपमा उर्दू साहित्यको शैली अर्थात् 'बहर'को प्रयोग गरी कृतिहरू रचना गरे । यस समयका रचनाको प्रतिनिधित्व गर्ने 'सूक्तिसिन्धु' कविता-सङ्ग्रहमा आबद्ध भएका कविता कृतिहरू सबै नै पद्यशैलीलाई नै अपनाई लेखिएको छ । यस समयका कृतिहरूमध्येको एउटा उदाहरण हेरौँ :

**तिमी मेरी तिम्रो म भन्थेँ अगाडि**
**भयें कर्मले धर्म छाड्ने पछाडि**
**भएको छु म यसले पागल समान**
**वियोगले जली तैपनि जान्न ज्यान**
***- शम्भुप्रसाद ढुगेल (सुवेदी:सम्पा.२०६२***

त्यस्तै आधुनिककालीन साहित्य रचनामा समेत यस शैलीलाई अपनाइएको छ । काव्य विधाबाहेक नाट्य विधामा पनि यसको प्रभाव परेको उक्त कृतिबाट प्रष्ट हुन्छ । यस विधालाई कविशिरोमणि लेखनाथले पनि शिरोधार्य गरेका कुरा उनको लालित्य भाग दुईमा भेटिएका यस प्रकारका श्लोकले प्रष्ट पार्दछन् ।

***थोरै अगाडि मुटुभित्र त्यस्को***
***पर्यो र दैवी गति रूप चस्को***
***वितर्कमा खूब तरङ्गिदै गो***
***मस्तिष्क उस्को सब रङ्गिदै गो***

त्यस्तैः **दानी छ राम भनि नाम सुनेर आयौ**
**हे विप्रवर्य तर केवल दुःख पायौ ।**
**मौका गयो, पछि भयौ , अब आज हाय**
**तिम्रो गरूँ म कसरी धनले सहाय ?***(पौड्याल:२०४१)***

## अब लागौं गद्य रचनातर्फ

माथि नै चर्चा गरिसकिएको छ कि साहित्यमा गद्य शैली पश्चिमेली देन हो । नेपाली साहित्यमा यस शैलीको प्रयोग आधुनिक कालमा देखा पर्‍यो । नेपालको राणाशासक विरूद्ध कठोरतासाथ कलम चलाउने, लेखनमा क्रान्ति झल्काउने कवि हुन् - गोपालप्रसाद रिमाल । यिनले नेपाली साहित्यमा गद्य शैलीको पनि प्रयोग गर्न सकिने र त्यस्ता रचनामा पनि उत्कृष्टता रहने गुण कायम रहने चिनोको रूपमा 'आमाको सपना' कविता-सङ्ग्रह रचना गरे । यो कविता-सङ्ग्रह अत्यन्त चर्चित काव्य बन्यो । पद्यमा रचना गर्न नसकिने आड भरोसा खेपिरहेका कविहरूले अब भने गद्य शैलीको प्रयोग गरी कविता रचना गर्न पुगे ।

**आमा ! त्यो आउँछ ? हो बाबु त्यो आउँछ,**
**उथलपुथल सबतिर हेरफेर ल्याउँछ ।**

झट्ट हेर्दा पद्यात्मक अंश हो; भन्ने लाग्ने यसमा गद्य शैलीकै प्रयोग भएको छ । यसप्रकार क्रान्तिपुरुषको कल्पना गरी जनताले परिवर्तन चाहेको चोटिलो प्रहार गद्यमा पनि रचना हुन सक्दो रहेछ भन्ने उदाहरण प्रस्तुत गरे । त्यस्तै अर्का चर्चित कवि भूपि शेरचनले पनि गद्य शैलीको सफल प्रयोग गरी कविता रचना गर्न पुगे । यिनको **'घुम्ने मेचमाथि अन्धो मान्छे'** (शेरचन : २०६२) कविता-सङ्ग्रह पहिलो पटक प्रकाशित भई मदन पुरस्कार प्राप्त कृति हो । यस सङ्ग्रहमा प्रयोग भएका केही गद्यांश हेरौँ :

**दिनभरि**
**सुकेको बाँस झैँ**
**आफ्नो खोक्रोपनमाथि**
**ऊँघेर,**
**पछुताएर**
**दिनभरि**
**रोगी मलेवा झैँ**

त्यस्तैः **हातमा फोहर लागेका**
**बाँदर सदा र सर्वत्र**
**दुर्गन्धले पीडित हुन्छ**
**सुन्तलाको घारीमा ऊ**

यस प्रकारका रचनाहरूपछि काव्यमा गद्य शैलीलाई अपनाई कविता रचना गर्ने साहित्यकारहरू प्रशस्त देखिए ।

## निष्कर्ष

साहित्य अभिव्यक्तिको माध्यम भाषा हो । यसलाई प्रस्तुत गर्दा अपनाइने शैली हुन् : पद्य र गद्य, पद्य शैलीको अभावमा भावनाहरू पोख्न असमर्थ हुन्छ कवि भन्ने अवस्था अब रहँदैन भने पद्य शैलीका मात्र कवितामा भाव खुल्ने, आकर्षक, रागात्मक हुने धारणा पनि अब खण्डित भएको छ । साहित्य बन्नलाई भाव, रागको अनुभूति गराउने र मनोरञ्जनमूलक हुनुपर्ने धारणा छ । यस्तो गद्य रचनामा पनि प्राप्त गर्न सकिन्छ भने पद्यमा पनि पाइन्छ । गेयात्मक गुणका दृष्टिले पद्यरचनालाई सम्पन्न मानिए पनि लयको मसिनो झङ्कार गद्यमा पनि पाइन्छ । जस्तै :

**कोही पश्चिमका,**
**कोही पहाड काँठका,**
**कोही मधेश फाँटका कोही भारतका कोही भोटका,**
**तर सब यहाँ भेला भएका छन् ।**

माथिको श्लोकमा का/का वर्णमा लयको झङ्कृत स्वर पाइन्छ । आधुनिक युवा पुस्तामा पनि पद्यको अनुशासित बन्धनभन्दा गद्य शैलीमा कविता रचना गर्ने गरेको देखिन्छ ।

## सन्दर्भसामग्रीः


- नेपाल, देवी, **छन्द पराग**, काठमाडौं : भूँडीपुराण प्रकाशन( २०६२ ) पृ.१
- ऐजन,
- ऐजन,
- ऐजनःपृ.२,३
- पौड्याल, लेखनाथ **लालित्य भाग २** ,छैटौं सं.,ललितपुरः साझा प्रकाशन (२०६२)
- लुइटेल,खगेन्द्र (सम्पा.) **नेपाली प्रकृति प्रत्यय कोश** दो.सं. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार (२०५८)पृ.४५,११९
- शेरचन, भूपि **घुम्ने मेचमाथि अन्धो मान्छे**, एघारौं सं. ,ललितपुरःसाझा प्रकाशन ( २०६२)
- सुवेदी, राजेन्द्र (सम्पा.) **सूक्तिसिन्धु,** (फेरि) जमल, काठमाडौं : हिसी अफसेट प्रिन्टर्स (२०६२)।


ooo


**गुल्मीबाट प्रकाशित सम्पूर्ण पुस्तक तथा पत्र–पत्रिकाहरू एउटा पनि नछोडी किरण पुस्तकालयमा सहयोगस्वरूप दिने गरौं । यस पुस्तकालयलाई गुल्मेली प्रकाशनहरूको उत्कृष्ट सङ्ग्रहस्थलको रूपमा विकास गरौं ।**

# लालटिनको उज्यालोमा कृतिभित्रका उज्याला किरणहरू

✍ **टंकप्रसाद पन्थ**
**तानसेन, पाल्पा**

## १. विषय प्रवेश

आत्मकथा मानवीय जीवन भोगाइ र सङ्घर्षको साक्षात् अभिव्यक्ति हो । व्यक्ति आफूले भोगेका, देखेका र अनुभव गरेका कुरालाई यथार्थको धरातलमा उँभिएर अभिव्यक्ति दिने काम आत्मकथामा हुन्छ । यो व्यक्तिको जीवनको वायोग्राफी पनि हो । हुन त आत्मकथामा सबैले आफ्नो जीवनका सम्पूर्ण पक्षलाई बाहिर नल्याउन पनि सक्छन् अथवा प्रस्तुतिका क्रममा केही कुराहरू छोपिएका पनि हुन सक्छन् । तर आत्मकथामा आत्माले भोगेका उज्याला-अँध्यारा सम्पूर्ण पाटाहरूलाई प्रतिबिम्बित गराउनु आत्मकथा लेखकको धर्म हो । नेपाली साहित्यमा कुरा गर्दा राजनीतिक क्षेत्रका नेता व्यक्तित्वहरू, सामाजिक जीवनका अभियन्ताहरू, साहित्यिक जगत्का स्रष्टाहरू, अन्य क्षेत्रमा योगदान पुर्‍याएका व्यक्तिहरू र सामान्य जीवन भोगेका व्यक्तिहरूले आत्मकथा वा जीवनीवृत्त लेख्ने परम्परा रहेको छ । यसै पृष्ठभूमिमा जीवनमा अथक सङ्घर्ष, प्रतिकूलता, अभाव, भूमिगत राजनीतिक परिवेशमा श्रीमान् र स्वयम् जीवनसमेत जोखिममा रहेको समयमा निर्भीक रूपमा राजनीति र समाज सेवामा लाग्ने एउटी साहसी महिलाको आत्मकथा हो-लालटिनको उज्यालोमा । गाउँठाउँमा विद्यमान रहेका अन्धविश्वास, अज्ञानता र छोरीप्रतिको विभेदलाई हटाउन छात्रा भर्ना अभियान सञ्चालन गरी ज्ञानको प्रकाश छर्ने एक समर्पित शिक्षिकाको आत्मकथा हो यो । देशको सामन्ती शासनसत्तालाई बदलेर जनताको शासन स्थापित गर्न राजनीतिमा होमिएका श्रीमान्का कागजपत्र प्रहरीबाट जोगाउनका लागि लुकाउन खोज्दा लिस्नोले पेटको बच्चालाई च्यापेर आजीवन मस्तिष्कआघातको पीडा बोकेकी अबोध र अपाङ्ग छोरीकी एक ममतामयी आमाको आत्मकथा हो । सासू-ससुरा र घर समाजका बुहार्तन सहेर आफ्नो अभीष्ट उद्देश्यमा अगाडि बढ्ने अनि आफ्ना श्रीमान्को राजनीतिक प्रगतिमा सदैव उत्साह भर्ने एक कुशल गृहिणीको आत्मकथा हो । यस्तै पद, प्रतिष्ठा र स्वार्थको पछाडि नलागी साधा जीवन उच्च विचारको आदर्शमा बाँच्ने एक आदर्श नारीको आत्मकथा हो- लालटिनको उज्यालोमा । धेरै नेपाली नारीहरूको सङ्घर्ष, मान-विभेद, अन्यायपूर्ण नियतिको साझा अवाज बोकेको कृतिका रूपमा यसलाई लिन सकिन्छ ।

## २. लालटिनको उज्यालोमा

### २.१.संरचना

मूल भाग दुई सय चवालीस पृष्ठमा निर्मित यस कृतिको भूमिका खण्डमा सात पृष्ठ रहेको देख्न सकिन्छ । यसरी कुल दुई सय एकाउन्न पृष्ठमा यो कृति निर्माण भएको छ । यो कृतिको प्रकाशकका रूपमा अक्षर क्रिएसन नेपाल रहेको छ । यस कृतिमा 'तस्वीरहरूमा जीवन यात्रा' सहित जम्मा उनन्तीसवटा पाइला, छाल, झक, अध्याय वा झाँकी रहेका छन् । 'पत्रकारको चौथो आँखा' शीर्षकको लेख जम्मा तीन पृष्ठमा संरचित देखिन्छ भने 'मेरो पहिलो विदेश यात्रा' सबैभन्दा लामो पन्ध्र पृष्ठमा संरचित छ । अन्य सबै शीर्षकका लेखहरू चारदेखि चौध पृष्ठमा संरचित छन् । आत्मकथाको प्रस्तुति भएका अठ्ठाईसवटा शीर्षकलाई हेर्दा छुट्टाछुट्टै सन्दर्भका झलकहरू भए पनि स्रष्टा सरस्वती ज्ञवालीको जीवनका घटनाक्रमको शृङ्खलागत यात्रा समेटिएर आएको देख्न सकिन्छ । आवरण पृष्ठमा अङ्कित आकर्षक र अमूर्त चित्रको संयोजनले कृतिको विषगत मर्मलाई अभिव्यञ्जित गरेको देख्न सकिन्छ । विद्यार्थी कालदेखिका तस्वीरका झलकहरूले आत्मकथाको विषयवस्तुगत मर्म र लेखकीय जीवनको यथार्थलाई अभिव्यक्त गर्न मद्दत गरेको देख्न सकिन्छ ।

### २.२. विषय प्रस्तुतिको विन्यास

प्रस्तुत कृतिको मूलभूत विषय लेखक सरस्वती ज्ञवालीको जीवन गाथा र त्यसका पृष्ठभूमिमा जोडिन आउने नेपालको राजनीतिक सङ्घर्ष, व्यवस्था परिवर्तनका झलक, ग्रामीण सामाजिक जीवनका विश्वास-अन्धविश्वास, व्यक्ति सरस्वतीले भोगेका तीता-मीठा अनुभूति, प्रतिकूल जीवन बाँच्दै परिवार र श्रीमान्को आदर्शलाई मलजल गर्नका लागि गरेको त्यागपूर्ण सङ्घर्षको कथालाई विषयवस्तुका रूपमा मुखरित भएको भावभूमिमा प्रस्तुत कृति निर्माण भएको छ । 'मैले लालटिन बालेँ' भन्ने शीर्षकबाट सुरू भएको प्रस्तुत आत्मकथा लेखकको बाल्यकालका सन्दर्भ, मावलीमा लाडप्यारमा हुर्किएको अवस्था, चौध वर्षको उमेरमा विद्यालयमा भर्ना भएको कुरा, सङ्घर्ष र अभावका बीचमा प्रवेशिकासम्म पढेको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ । यसै समयमा भूमिगत राजनीतिक परिवेशमा ने.क.पा. मालेसँग सम्बद्ध भएको कुरा, शिक्षण पेसाप्रतिको सम्मानभाव र आफू शिक्षक बन्ने योजना, भूमिगत नेताप्रतिको श्रद्धा, शशिसँगको विवाह प्रस्ताव र भेट, घरमा बुबा-आमाबाट विवाह गर्न दबाब, गहना र कपडाको प्रलोभन देखाउनेहरू विवाह प्रस्ताव लिएर आएको र तिनीहरूप्रति भित्रैदेखि घृणा जागेर आएको आत्मस्वीकृति यहाँ पाइन्छ । शशिसँग प्रगतिशील विवाह सम्पन्न, एक

महिनासम्म भेटसम्म नहुँदा मनमा उब्जिएको सन्देह र मानसिक पीडाको अभिव्यक्ति पनि यहाँ पाइन्छ । शशिसँग कर्मघर गुल्मी प्रस्थानका क्रममा भोगिएका अविस्मरणीय क्षण, बुहार्तन भोग्दै शिक्षाको उज्यालो छर्नका लागि गरेका अथक प्रयास र विद्रोही अभियान सञ्चालन गरेका घटनाहरूलाई पनि यहाँ प्रस्तुत गरिएको छ । घरको कामधन्दा, शिक्षण, राजनीतिक चेतना जागृत गराउन खेलेको भूमिका, छोरी गर्भमा हुँदा राजनीतिक दस्तावेज र कागजपत्रहरूको संरक्षणका क्रममा लिस्नो ढलेर पेटमा बजारिन गई त्यसको प्रहारका कारण अपाङ्ग छोरी जन्मिएको घटनालाई कारूणिक रूपमा प्रस्तुत गरिएको छ । घरको आर्थिक अवस्थालाई सुल्झाउन जागिरका लागि आफ्नै गाउँ, अर्घाखाँची, नवलपरासीको दुम्कीवास, बासाबसाई, रूपन्देहीको बुटवलसम्म भोगेका तिक्ततापूर्ण व्यवहार, घातप्रतिघात लाञ्छाना र सङ्घर्षलाई झेल्दै बाह्र वर्षमा एघारवटा जागिरमा भौतारिनु पर्दाको विवशतालाई मार्मिक रूपमा अभिव्यक्त गरिएको छ । यसैगरी अर्घाखाँचीमा भूमिगत समयमा संगठन निर्माणमा लाग्दा सेल्टरवाला बहिनीले धोका दिएका कारण रातको अँध्यारोमा अपरिचत ठाउँको जङ्गलमा बाटो बिराएर राजुका काँडाहरू झेल्दै अबेर राति गन्तव्यमा पुगेको अवस्थालाई देख्दा पाठकमा पनि सहानुभूति भाव पैदा हुन्छ । बाघसँगको जम्का भेट, जिल्ला अस्पतालमा छोरालाई उपचार गर्न लैजाँदा डाक्टरले देखाएको छुद्रतापूर्ण व्यवहार, यस्तै दुम्कीवासमा विरक्तिएर आत्महत्या गर्न भनी रातमा खोलाको किनारतिर गएको अवस्था, बासाबसाईमा हुँदा गाडी दुर्घटनामा परी संयोगले ज्यान बाँचेको घटना, बुटवलमा ग्रामीण विकास बैँकमा सानो जागिर खाँदा पनि धेरै मानिसहरूले जस लिन खोजेको अवस्था, एमाले फुटेको समयमा माले पक्षका व्यक्तिहरूले प्रदीप ज्ञवालीलाई मरणासन्न हुने गरी आक्रमण गरेको त्रासदीय घटना, काठमाडौँमा डेरामा बस्दाका प्रतिकूलता, हावाले घरको टिनको छाना उडाइदिएर डेरामा सर्नुपर्दाको अवस्था आदि घटनाहरू लेखकको जीवनका प्रतिकूल तथा सङ्घर्ष र चुनौतीका रूपमा आएका छन् । सुरूमा श्रीमान् र श्रीमती दुबै राजनीतिमा होमिएको तर पछि घरपरिवार, अपाङ्ग छोरी, छोराहरूको संरक्षण, श्रीमान्को राजनीतिक यात्राको सहजताका लागि सबै कुरालाई त्यागेर गृहिणीका रूपमा समर्पित भएकोसम्मका घटनाहरू विषयबद्ध रूपमा समेटिएको देख्न सकिन्छ ।

## २.३ परिवेश चित्रण

लेखक सरस्वती ज्ञवालीको जीवनका उतार–चढाव र सङ्घर्षका सेरोफेरोमा घटनाको विकास र सोही सिलसिलामा विचरण गरेका ठाउँ तथा परिवेश यहाँ समेटिएर आएको देख्न सकिन्छ । स्थानगत हिसाबले हेर्दा मदनपोखरा,

बन्दीपोखरा, तानसेन, गुल्मीको चौतारा, रानीवास, बलेटक्सार, तम्घास र अन्य ठाउँहरू, अर्घाखाँचीको सन्धिखर्क, पाली, खिदिम, चिदिकालगायतका ठाउँहरू, दुम्कीवास, बासाबसाई र भूताहासम्मको स्थलगत परिवेश, बुटवल क्षेत्र, काठमाडौँ उपत्यका, मन्त्री निवास तथा विदेश यात्राका क्रममा अस्ट्रेलियासम्मका स्थानगत परिवेशका झलकहरू यहाँ समेटिएर आएको देख्न सकिन्छ । समय वा कालगत परिवेशको कुरा गर्दा २०४२ सालदेखि २०७२ सालसम्मको तीस वर्षको अवधि र त्यस समयमा भएका व्यक्ति सरस्वतीको जीवनका उतार-चढाव तथा देशमा भएको राजनीतिक विकास, व्यवस्था परिवर्तन, वामपन्थी राजनीतिको झलक, स्वार्थी र अवसरका भोकाहरूको साङ्केतिक झलक, भूमिगत राजनीतिक जीवनका कष्टप्रद क्षणहरू, आफ्नो पारिवारिक अनि दाम्पत्य जीवनका सङ्घर्ष, छोरीलाई स्कूल पठाउन हुँदैन भन्ने तत्कालीन चेतनाको अवस्था, २०४६ भन्दा पूर्वको पार्टीभित्रको अनुशासन, प्रजातन्त्र प्राप्तिसँगै भित्रिएको अराजकता, पदप्रतिष्ठाका लागि इमान बेच्ने प्रवृत्ति, मन्त्री परिवारसँग ठोकिन आउने स्वार्थ, प्रलोभन र प्रभावका पृष्ठभूमिमा नेपालको राजनीतिक सामाजिक जीवनको यथार्थ तस्वीर यहाँ उतारिएको छ । परिवेशको जीवन्त प्रस्तुतिका कारण प्रस्तुत आत्मकाथा यथार्थलाई उजागर गराउन सफल रहेको अनुभव हुन्छ ।

## २.४ सहभागी

यस कृतिमा विभिन्न व्यक्ति, प्रवृत्ति र मनोवृत्तिहरू जोडिन आएका छन् । प्रथम पुरुष आन्तिरिक दृष्टिविन्दुको आत्मकथनका सिलसिलामा घटनाक्रम वा विषयको विन्यास भएको देख्न सकिन्छ । म पात्र वा सरस्वती ज्ञवालीका केन्द्रमा उनी पात्र वा शशि वा प्रदीप ज्ञवाली आएका छन् । यसैक्रममा म पात्रका बाबा, आमा, दाजु, अन्य व्यक्तिहरू, मावली हजुरबुबा, हजुरआमा, ठूली आमा, मामा, माइजू तथा अन्य सदस्यहरू समेटिएर आएको देख्न सकिन्छ । गुल्मी कर्म घरका बुबा, आमा, दाजु (जेठाजु), जेठानीलगायतका अन्य पात्रहरू, छोरी क्षितिज, छोरा प्रशान्त, गाउँलेहरू र विद्यालयका विद्यार्थीहरू पनि यहाँ सहभागी भएर आएको देख्न सकिन्छ । राजनीतिक व्यक्तित्वहरू के.पी. ओली, विष्णु पौडेल, जीवराज आश्रित, सिद्धिनाथ ज्ञवाली, मोदनाथ प्रश्रित, दलबहादुर राना, सोमप्रसाद पाण्डे, विजय पौडेल, कोशल पोखरेल, कमल श्रेष्ठलगायतका व्यक्तिहरूको सन्दर्भ पनि जोडिन पुगेको छ । यसैगरी अर्घाखाँची, नवलपरासी, रूपन्देही, तथा काठमाडौँको बसाइ सङ्घर्ष, पार्टी जीवन र जागिरे जीवनका सिलसलामा जोडिन आएका विभिन्न व्यक्ति र तिनका प्रवृत्तिहरू यहाँ समेटिएका छन् । यो कृति आत्मकथा भएकाले मूलतः स्वयम् लेखकको व्यक्ति जीवनका भोगाइका क्रममा ठोक्किन आएका व्यक्तिहरूको व्यवहार तथा त्यसैको प्रस्तुतिका

क्रममा असल आचरण भएकाहरूप्रति कृतज्ञताको भाव प्रकट भएर आएको देख्न सकिन्छ । यसैगरी खराब र छुद्र प्रवृत्ति भएका व्यक्ति र प्रवृत्तिप्रति कटाक्षपूर्ण प्रहार गर्ने काम पनि यहाँ गरिएको छ । यस प्रकारको प्रस्तुतिलाई हेर्दा लेखकमा भएको निर्भीकता, तार्किकता अनि गुणदोषलाई खुट्याउन सक्ने सामर्थ्य रहेको देख्न सकिन्छ । यहाँसम्म कि आफ्नै जीवनसाथीप्रति पनि ठाउँठाउँमा गुनासा र विमतिका मार्मिक अभिव्यक्ति पाइनुले लेखकको स्पष्टतालाई बोध गर्न सकिन्छ । पद र प्रतिष्ठासँगै जोडिन आउने स्वार्थ, प्रलोभन र छुद्र प्रवृत्तिको यथार्थपरक रूपमा उजागर गराउने काम पनि लेखकले गरेकी छन् । प्रजातन्त्र प्राप्तिपछि छुचुन्द्रे प्रवृत्तिका मानिसहरूको हालीमुहाली भएको, पार्टीमा विगतको इमान र अनुशासन कायम रहन नसकेको, नेतृत्व पनि सीमित स्वार्थबाट माथि उठ्न नसकेको यथार्थलाई पनि लेखकले सङ्केत गरेकी छन् ।

सहभागी पात्र वा समाख्याताका रूपमा प्रस्तुत भएकी सरस्वती ज्ञवालीको यो कृति पढ्दा सबै नेता र मन्त्रीका श्रीमतीहरू सरस्वती ज्ञवाली जस्तै भएमा यो देशमा योग्य मान्छेले उचित ठाउँ पाउने थिए कि ? मन्त्री र हाकिमका श्रीमतीहरूलाई रिझाएर अवसर छोप्नेहरूका दिन जाने थिए कि ? इमान र निष्ठाको चरित्र विकास हुनेथियो कि ? भन्ने जस्ता तर्कनाहरू पाठकका मनमा खेल्न पुग्छन् । जीवन साथी शशि वा प्रदीप ज्ञवालीको निष्कलङ्कित व्यक्तित्व र राजनीतिक उचाइ उठाउनमा लेखकको प्रत्यक्ष भूमिका रहेको अनुभूति पनि पाठकले गर्दछ । यस कृतिभित्र आद्योपान्त रूपमा विचरण गर्दा लेखकलाई इमान, अभिमान र स्वाभिमानमा बाँचेकी एक आदर्श र सङ्घर्षशील नारीको स्थानमा पाउन सकिन्छ । आफ्नी अपाङ्गता भएकी छोरीलाई साक्षात् जिउँदो देवताका स्थानमा राखेर अनन्त मातृत्व प्रेम र अटल वात्सल्यभाव खन्याउने सहनशील एक आमाको रूपमा पनि लेखक ज्ञवालीलाई देख्न सकिन्छ । आफ्नो गृहस्थी जीवनको भारी बोक्दै समाज र राष्ट्रलाई बदल्ने एक निःस्वार्थ राजनीतिकर्मी र अभियन्ताका रूपमा पनि लेखकलाई लिन सकिन्छ । यस्तै जस्तोसुकै अभाव र प्रतिकूलतामा पनि स्वार्थका पछाडि नलाग्ने एक असल नागरिकका रूपमा साक्षात्कार गर्न सकिन्छ । प्रस्तुत कृति लेखक सरस्वती ज्ञवालीको आफ्नै जीवन अनि नेपालको राजनीतिक सामाजिक अवस्थाको तीस/बत्तीस वर्षको यथार्थ दस्तावेजका रूपमा आएको अनुभव हुन्छ ।

## २.५ उद्देश्य

प्रस्तुत आत्मकथा लेखक सरस्वती ज्ञवालीको जीवनगाथा हो । उनको जीवनका पृष्ठभूमिमा यहाँ समेटिएर आएका घटना, सामाजिक, राजनीतिक विषय र विभिन्न व्यक्तिका स्वभावगत प्रवृत्तिको सूक्ष्मरूपमा विश्लेषण गरिएको छ । आफ्नो

स्वार्थलाई केन्द्रविन्दुमा राखेर निष्ठा र इमान बेच्नेहरूलाई सशक्त व्यङ्ग्य प्रहार गरिएको छ । घरपरिवार र सन्तानको हेरचाह गर्दै पार्टी सङ्गठनमा लाग्ने नारीहरूको कथा-व्यथा र सङ्घर्षलाई उजागर गराउनु लेखकको उद्देश्य रहेको देखिन्छ । एउटा सानो जागिर खाँदा जस वा श्रेय लिनका लागि लाम लाग्नेहरूको प्रवृत्तिलाई पनि सतहमा ल्याइएको छ । मन्त्री बन्ने हल्ला चल्दै गर्दा स्वार्थ पूरा गर्नेहरू लाम लागेर चाकरी गर्न आउने प्रवृत्तिलाई पनि यहाँ पर्दाफास गरिएको छ । पछिल्लो समयमा राजनीतिमा भित्रिएको छुद्र संस्कारलाई अवतरण गराई शुद्धीकरण र संस्कारको विकास हुनुपर्ने अपेक्षा राखिएको छ । परिस्थिति र अवस्था नबुझी व्यवहार गर्ने नेतृत्वप्रति पनि साङ्केतिक रूपमा सुझ पुऱ्याउनुपर्ने मर्म यहाँ मुखरित भएको देख्न सकिन्छ । एउटी नारी जीवन यात्राका मोर्चामा के कस्ता भूमिकामा उभिन सामर्थ्य राख्छे भन्ने यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ । आफ्ना श्रीमान्को उन्नति र प्रगतिमा एउटी नारी कसरी आफूलाई समर्पित गर्छे भन्ने कुराको झलक प्रस्तुत गर्नु पनि लेखकको उद्देश्य रहेको देखिन्छ ।

## ३. निष्कर्ष

साहित्यकार सरस्वती ज्ञवालीको प्रस्तुत आत्मकथाले नेपाली समाजको यथार्थ तस्वीर उतारेको छ । नेपालको राजनीतिक परिवर्तनमा आफूले खेलेको भूमिका अनि तत्कालीन समयमा छोरीहरूलाई स्कुल नपठाउने चिन्तन र व्यवहारलाई चुनौती दिएर आफ्नो अध्ययनलाई अगाडि बढाउने प्रतिज्ञालाई पनि अदम्य साहसका रूपमा लिन सकिन्छ । पछिल्लो समयमा आफ्नी छोरीको अपाङ्गताका कारण अनि श्रीमान्को राजनीतिक प्रगतिलाई अनुकूल तुल्याउन केवल गृहिणीका रूपमा सीमित रहेकी ज्ञवालीको अतीततिर दृष्टि दिँदा भूमिगत राजनीतिक कालखण्डमा जोखिम उठाएर हिँडी महिलालाई पार्टीमा सङ्गठित गर्न अहम् भूमिका खेलेको देख्न सकिन्छ । सामान्य लगानी गरेका भरमा अवसर र प्रतिष्ठा खोज्ने आजको व्यक्तिकेन्द्रित समयमा सरस्वती ज्ञवालीहरूले गरेको सङ्घर्ष र निष्ठाको मूल्याङ्न होला नहोला तर निष्ठा र आदर्शमा बाँचेका पाठकहरूले यिनको प्रस्तुत आत्मकथालाई पढेपछि भावविह्वल नभई छाड्दैनन् । आफ्ना जिजीविषालाई दबाएर पारिवारिक जीवनको सेरोफेरोमा रमाई समकालीन राजनीति र सत्तासँग जोडिन आउने स्वार्थहरूलाई नजिकबाट नियालेकी ज्ञवाली नेता र नेतृत्वमा अनि तिनका परिवारमा स्वार्थभन्दा देश र जनताप्रतिको ममता अनि विचारप्रतिको आस्था हुनुपर्ने कुरामा संवेदनशील बनेकी छन् । यिनको यो कृति पढ्दा लाग्छ सबै मन्त्रीपत्नीहरू सरस्वती जस्तै आदर्शमा रहने भए देशको अवस्थामा अलिकति भए पनि सुधार हुने थियो ।

प्रस्तुत कृति पठनीय र सङ्ग्रहणीय सामग्रीका रूपमा रहेको छ । लेखकको आत्मानुभूति मात्र नभएर पञ्चायती निरङ्कुशता, बहुदलीय व्यवस्थाका समयमा बढेका कटुता, अराजकता र स्वच्छन्दता तथा गणतान्त्रिक समयमा हुर्किएका विकृति र व्यक्तिमा बढेका अहंपूर्ण अहङ्कारी प्रवृत्तिलाई पनि उद्‌घाटन गराइएको छ । आम नेपाली नारी र त्यसमा पनि नेताका पत्नीहरूको मर्मलाई प्रकाश पार्न यो कृति सफल रहेको छ । विभिन्न उपशीर्षकद्वारा आफ्नो जीवनका उकाली ओरालीहरूलाई झल्काउने काम यहाँ गरिएको छ । व्यक्ति, घरपरिवार, समाज, राजनीति, पारिवारिक दाम्पत्यका झमेलाहरूलाई चिर्दै अगाडि बढ्नुपर्ने नारीहरूको नियतिलाई पनि यहाँ महत्त्वका साथ उठाइएको छ । लेखन कला आकर्षक र मनोहारी रहेको छ जसले गर्दा पाठकलाई आकर्षण गरिराख्न सक्ने क्षमता लेखकमा रहेको छ । अनुभव र विचारमा खारिएको भाषाशैली, उखान टुक्काको स्वाभाविक प्रयोग, अनि कलात्मक वर्णन क्षमताले गर्दा प्रस्तुत कृति ओजपूर्ण बनेको देखिन्छ । व्यस्त पारिवारिक जीवनयापनका क्रममा सामाजिक र राष्ट्रिय महत्त्व बोकेको कृति प्रकाशनमा ल्याई आफ्नो महत्त्वपूर्ण दायित्व पूरा गर्ने साहित्यकार सरस्वती ज्ञवाली धन्यवादको पात्र बनेकी छन् । स्रष्टाप्रति हार्दिक सम्मान तथा अन्य कृति प्रकाशनको शुभकामना ।

ooo

# मुक्तक

**✍ ध्रुव सुमन**
**काठमाडौं**

आएर ऐले कति कुरामा मन मार्नुपर्छ,
खानु हुँदैन रे कति कुरा, मुख बार्नुपर्छ ।

सजिलो छैन है ! यो जिन्दगी यतिखेर,
तैपनि सबै ठीक छ, भन्ने पार्नुपर्छ ।।

ooo

**राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका हाम्रो पुरुषार्थमा विज्ञापन दिएर लाभ उठाउनुहोस् ।**

# श्री गोविन्दराज विनोदी र कैकेयी महाकाव्य संक्षिप्त अवलोकन

✍ **पूर्णप्रसाद अधिकारी**
**सह-प्राध्यापक**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**भरतपुर, चितवन**

## १. आरम्भ

गोविन्दराज गिरी दशनामी सन्न्यासी योगी हुन् । नेपाली साहित्यमा गिरी महात्माहरूको संख्या ठूलो छ तर गुणात्मक काव्य आस्वादनका दृष्टिले विनोदी गुणवादी, रसवादी र मनो विनोदी कवि पनि हुन् । दर्जनौं संघसंस्थासँग सम्बद्ध कविका कविता-संग्रह, समालोचना, खण्डकाव्य र महाकाव्यको विधागत पहिचान र आयतन पनि भिन्न छ । फुटकर कविताबाट माथि उठेर लेखिएको लामो कविता खण्डकाव्य शूर्पणखा पनि उत्तिकै चर्चामा छ । रामायणका पात्रलाई मिथक बनाउँदै तत्कालीन युग र समयले उपेक्षा गरेकी शूर्पणखा र महारानी भए पनि कुटिल र कपटी मनोभावनाद्वारा आक्रान्त पात्र कैकेयीलाई आधार बनाउँदै विनोदीले जे-जस्ता काव्य रचना गरेका छन् ती आफैमा नमूना र विशिष्ट गुण गरिमाले भरिपूर्ण छन् । महाकाव्य लेख्ने उत्कट इच्छा र आकाङ्क्षा विनोदीमा धेरै पहिलेदेखि जागृत भएको हो । शूर्पणखा खण्डकाव्य महाकाव्य लेखनको आभ्यासिक नमूना बन्न पुग्यो । कैकेयी हालसालै बजारमा आएको छ । यो महाकाव्य नै हो । महाकाव्य लेखन विनोदीको साहित्यिक तृष्णा हो । त्यसैको उपजका रूपमा महाकाव्यात्मक स्वरूप दिइएको हो भन्ने पाठकहरू पनि नभएका होइनन् । विनोदीलाई विवादित बनाउनुभन्दा पनि कैकेयीको पहिचान के हो भन्ने आममततर्फको चिन्तन गर्नु श्रेयस्कर होला । महाभारत र रामायणका मिथकलाई आधार बनाएर महाकाव्य लेख्ने परम्परा नेपाली भाषामा निकै लामो छ । नेपाली महाकाव्यमा फलामे चिउरा मानिने सोमनाथ सिग्देलको आदर्श राघव श्रीरामको चरित्र नायकत्वमा आधारित छ । तर विनोदीले प्रयोगशील बन्न पुगेकी चरित्र कैकेयीका हरकतहरूलाई आधार बनाएर जे-जस्तो महाकाव्य तयार गरे त्यो कथावस्तु सबैले जानेसुनेको र बुझेको भए पनि कविको काव्याभिव्यञ्जनाबाट कविताका रसात्मक बान्कीहरू जसरी अभिव्यक्त छन् त्यो आफैमा उच्चतम काव्य सौन्दर्यको उदाहरण बन्न गएको छ ।

## २. कैकेयी महाकाव्यको संख्यात्मक स्वरूप

डिमाइसाइजभन्दा थोरै सानो आयतनमा आवरणबाहेक २१५ पृष्ठको संयोजन भएको यो महाकाव्यमा अघिल्लो आवरण एउटी नारीको मुख-कृतिको रेखाचित्र छ भने पछिल्लो आवरणमा भुवनहरि सिग्देलका शिखरिणी छन्दका ३ श्लोकसहित राम वनवास प्रस्थानको रथ आरोही रेखाभित्र रहेको छ ।

रामराज्यको खुशीयालीपूर्ण क्षणलाई कैकेयीका गतिविधिले अकल्पनीय घटना घटेको सन्दर्भका बीच विनोदीको कलापूर्ण कलम र मसीले विशिष्ट काव्य सौन्दर्य चेतना प्रस्तुत गरिएको सारगर्भित अभिव्यक्ति विद्यमान छ । पछाडिको अन्त्यतिरको भित्री भागमा महाकाव्यकारले रामायणका घटनाक्रमहरूको पूर्वप्रसङ्ग कैकेयीको पुत्रमोह र रामलाई वनवास नपठाएमा त्रेतायुगीन सृष्टिचक्र नै उलटपुलट हुन सक्ने संकेतका रूपमा मन्थरालाई प्रयोग गरेर कैकेयीको बुद्धिभ्रष्ट बनाउने काम गरेको स्थितिमा महाकाव्य सिर्जनाको रचनागर्भ भएको संकेत छ । यसका साथै महाकाव्य लेखनमा प्रेरणाको ऊर्जा प्रदान गर्ने चितवनका अग्रज र अनुज स्रष्टाहरूको नामोच्चारणका साथ कृतज्ञता प्रकट गरिएको अवस्था छ । यस महाकाव्यमा सूत्रधारदेखि उपसंहारसम्मका २० शीर्षकसहितका अध्यायहरूमा १३३३ श्लोक संख्या रहेका छन् । अभिवादन शीर्षकभित्र अनुष्टुप् छन्दका १४ श्लोक छन् । कविले अग्रज कविहरूप्रतिको निष्ठा र श्रद्धाको रूपमा नेपाली र संस्कृतका महाकविहरूप्रति सम्मान प्रकट गर्ने क्रममा नमस्कारात्मक मङ्गलाचरणबाट सरस्वतीको वन्दना गरेका छन् । महाकाव्यको बृहत्तर स्वरूपको एउटा पात्र कैकेयीको परिधिमा रहेर गङ्गाको पानीले सूर्यलाई अर्घ्य दिने मनसाय मात्र हो भनेर आफ्नो विनयशीलता प्रकट गरिएको छ । अनाम नामधारी पात्रलाई यहाँ सूत्रधार भनिएको त्यो कवि आफै पनि हुनसक्छन् । रामायणको युग, समय र पात्रलाई शिक्षित र चेतनशील जनसमुदायले बुझेकै हो, म त एउटा माध्यम मात्र हुँ भन्ने अभिमत यसमा प्रकट गरिएको छ ।

## ३. महाकाव्य कि नव्य काव्य

पूर्वीय मान्यताअनुसार महाकाव्य बन्नका लागि के कस्ता पूर्वाधार आवश्यक हुन्छन् भन्ने कुरा दिइन । पाठक र स्रष्टा आफै पनि बुझक्कड हुन्छन् । महान् व्यक्तिको महान् चरित्र पहिलो शर्त मानिए पनि कैकेयी दशरथकी रानी मात्र हुन् । रामलाई वनवासको सजाए दिलाउने स्वार्थी पुत्रमोहप्रतिको अन्ध प्रदर्शन मन्थराको बुद्धिद्वारा सञ्चालित भएका कारण बुझक्कड पाठकद्वारा कैकेयी काव्यलाई श्लोक संख्या र सर्गहरूका कोणबाट महाकाव्य भनिए पनि गुणात्मक दृष्टिले महाकाव्य मान्न सकिने आधारहरू छैनन् । राज्याभिषेक सन्दर्भबाट उपसंहारसम्मका १३१८ श्लोक संख्याभित्र राम, भरत र कैकेयी, मन्थरा आदि

पात्रको उपस्थिति र चारित्रिक विकास क्रमले घटनाको मनोवैज्ञानिक स्पर्श गर्ने काम कवित्व चेतनाका दृष्टिले उच्च स्तरको देखिन्छ । सतही रूपबाट हेर्दा पनि १४ वर्षको समय थोरै होइन तथापि व्यक्ति जीवनको समग्रतापूर्ण चित्रको अपेक्षा गर्ने महाकाव्यीय चरित्र यसमा छैन । मन्थराको उक्साहटमा रामलाई वनवासको सजाय सकेर राम आए । आत्मग्लानिका साथ हृदय परिवर्तन भई पश्चात्तापी बन्ने कैकेयीको चरित्र गोहीका आँसु चुहाउनेबाहेक केही होइन । मेरो अल्पज्ञानका आधारमा महाकाव्योन्मुख काव्यका रूपमा यसलाई लिन सकिन्छ । कवि विनोदी लामो काव्यसाधनाको परिणामका रूपमा आएका कारण श्रीकृष्णको स्वरूप मानिने अनुष्टुप् छन्दको संरचनामा प्रत्येक कविताका पंक्तिहरू मोतीका दाना भएका छन् । धैर्यपूर्वक ३.२ घण्टाको बसाइमा पढेर काव्यात्मक आस्वादन लिन सकिन्छ । घटना र कविताका बीच कविले सन्तुलन बनाउन खोजे पनि कवित्व शक्तिको मीठासमय प्रस्तुतिले घटनाक्रम ओझेलमा परेको प्रतीत हुन्छ । हामी पाठकहरूले कैकेयीका चारित्रिक गतिविधि राम्ररी बुझेको भएर पनि त्यसो भएको हुनसक्छ ।

## ४. राज्याभिषेकको सन्दर्भमा

कैकेयीको मनभित्र उद्वेलित तरङ्गहरूलाई विविध सामाजिक, प्राकृतिक र मनोवैज्ञानिक एषणाहरूका साथ प्रस्तुत गरिएको छ । विविध सांस्कृतिक विम्ब, चराचुरुङ्गी र प्रकृति चित्रणको विविधता विद्यमान छ । राज्याभिषेकका सुखद सन्दर्भ र परिवेश आएका छन् । धर्तीको सौन्दर्य र मानव जीवनको सुखद सोपानलाई मन्त्रमुग्ध ढङ्गबाट सजाइएको छ । रामराज्यमा अवधका सम्पूर्ण जनताहरूको मनोअभिलाषा पूर्ण हुने लक्षणको चित्रण छ । अहं प्रश्न के छ भने रामको त्यत्रो राज्याभिषेक हुँदा भरत र शत्रुघ्नको उपस्थिति नहुनुमा कैकेयीको पीडालाई सहजीकरणका रूपमा लिइए पनि रहस्यको पर्दा प्रायोजित भएको प्रतीत हुन्छ । दशरथ वृद्ध हुँदै गएको र रामले अयोध्यालाई नमूना राज्यको रूपमा चलाउँछन् भन्ने अभिमतका बीच ६७ श्लोकको आयतनमा यो अध्यायको पूर्ण विराम भएको छ । रामको राज्याभिषेक हुने पूर्व प्रसङ्गका बीच कैकेयीको मनोभावनालाई मीठो शब्दचित्रमा उतार्न कविको कलम सफल रहेको छ ।

## ५. पूर्वस्मृति

कैकेयीको बाल्य जीवन, किशोरावस्था तथा यौवनको संस्मरणका तरङ्गहरूलाई कवि विनोदीले ६७ श्लोकको आयतनमा चित्रण गरेका छन् । बाल्यकालीन जीवनका खेल, नृत्य, आफ्नो हठी स्वभाव, साक्षरताको समयका पूजा र अनुष्ठान, देवदानवका कथाप्रसङ्ग, गुरुको निर्देशन र आफ्नो चातुर्यता, शिक्षादीक्षामा सफल बन्दै गएका क्षणहरू, राजा जनकका विद्वत् मण्डलीको

परिवेश, कैकेय देशको शक्तिशाली परिवेश, राज्यहितका कुरा र नारीको हैकमवादी स्वभाव, नारीवादी दृष्टिकोण र चिन्तनको सबलता, अयोध्यापतिको राज्य विस्तारित सन्दर्भ र आफ्नो वीरत्वपूर्ण स्वभाव, राजा दशरथको दृश्यचित्रको प्रभावशाली सौन्दर्यपूर्ण विवरणबाट आफ्नो स्वप्नाकांक्षालाई भौतिक जीवनमा स्थान्तरण गर्ने उत्कट अभिलाषा, राज्यको प्राप्ति र अप्राप्तिका बीचको मनोद्वन्द्व, राजालाई औंठी र वरमालाबाट पतिको रूपमा वरण गर्ने अन्त्यहीन प्रतीक्षा, स्वयंवरको सुखद प्राप्ति र पुत्रप्राप्तिको एषणा पूर्ण भएको क्षणमा बाल्यजीवनको उत्कर्षकालका रूपमा भावी जीवनका अकुण्ठित यात्रा र अस्तित्वका बीचको हजारौं भावनाका तरङ्गहरू उत्पन्न भएको स्थितिमा यो खण्ड समापन भएको छ ।

## ६. मन्थराको सल्लाह

यो खण्डमा मन्थरा र कैकेयीका क्रिया प्रतिक्रियाका बीचमा ६५ श्लोकको आयतन रहेको छ । कैकेयीले मन्थराको उदासीनताप्रति आश्चर्य व्यक्त गर्नु, उसको निराशाको कारण पत्ता लागेमा उचित उपचार गर्ने प्रतिबद्धता व्यक्त गर्नु, रामको राज्याभिषेकको उल्लासमय क्षणमा मन्थराका क्रियाकलापले कैकेयीको मनमा आश्चर्य जनित तरङ्ग उत्पन्न गर्नु, मन्थराको कटुबोली नै सत्यताको प्रतीक मानिनु, अतीतको वरदानलाई जागृत गराउँदै भरतलाई राजा तुल्याउने कुत्सित चेतना जागृत गराउनु, सौताको छोरालाई राजा बन्न नदिई आफ्नो छोरालाई जुनसुकै मूल्य चुकाएर भए पनि राजा बनाउनुपर्दछ भन्ने कुटिल र कपटपूर्ण चाल चलाउने मन्थराका षडयन्त्रकारी भावनाको पृष्ठपोषणका साथ यस खण्डको समापन भएको छ ।

## ७. पूर्वप्रसङ्ग

यस खण्डमा ७५ श्लोक रहेका छन् । दैत्य देवताको युद्धमा लड्न गएका राजा दशरथलाई रानीले सहयोग गरेको कृतज्ञतामा रानीलाई राजा समक्ष वर माग्नुपर्ने आग्रहका साथ घटनाक्रमको उठान हुनु, रामलाई वनवास र भरतलाई राज भन्ने कुरा असम्भव भएको प्रतिक्रिया दिनु, रथको पाङ्ग्रामा निहित किल्ला भाँचिदा आफूले औंला राखेर सुदृढ मोर्चामा सहयोग पुऱ्याएको पूर्वस्मृति पुनतार्जगीकरण गर्नु, राजाले प्रसन्न भई वर माग भन्दा मेरा यी दुई वरदान समय आएपछि मागुला भनेर थातिराख्नु, ती दुई वरदान नै कैकेयीले दशरथसँग माग्नुपर्दछ । मौका यही हो भनेर उत्तेजित तुल्याउनु, यी छलकपटपूर्ण कुराहरू हेर दासी तेरो कुरासँग म सहमत छैन भनेर प्रतिवाद गर्दै आफू दासी हुनुको नियति र मालिक्नीप्रतिको बफादारीपूर्ण सोँच र अभिव्यक्ति प्रस्तुत गर्नु, यी दुई कारणबाट राजालाई किं कर्तव्यविमूढ बनाउने कुत्सित नियत प्रकट हुनु, राज्याभिषेकको

तयारी भएको समयमा विक्षिप्त जस्तो बन्न पुगेकी कैकेयीको उपस्थिति नहुँदा रानी क्रोधित हुनुको कारण जानेर सकेसम्म उपचार गर्ने अपूर्ण आश्वासनका बीच यस खण्डको समापन भएको छ ।

## ८. वरयाचना

वरयाचना शीर्षकमा ६३ श्लोक रहेका छन् । राजा दशरथसँग पूर्वशर्तअनुरूपको वरयाचना पश्चात् लोग्नेले दिने भनेका वाचाहरू कुनै पनि मूल्यमा मैले प्राप्त गर्नुपर्दछ भन्ने कैकेयीको हठ बलवान् भई आएको छ । प्रारम्भमा आफ्नो वर राजा समक्ष माग्ने नमाग्ने द्वन्द्वात्मक स्थिति छ भने राजाले पनि रानीलाई अन्य अनेकौं प्रकारका प्रलोभनजन्य आश्वासन दिई सकेसम्म भनिएका वरदान कैकेयीले नमागोस् भन्ने सोंच पनि प्रबल छ । युद्धको बेलामा आफूले पुऱ्याएको सहयोगलाई राजाले कृतज्ञ भएर सम्फिनुपर्दछ । ठुस्सिएको भावना प्रस्तुत गर्दा दशरथ मूर्छित भएको प्रसङ्गबाट यसको समापन भएको छ ।

## ९. राजाको अनुनय

राजाको अनुनय शीर्षकमा कैकेयीको हठपूर्ण दृढता देखेर दुःखको साथ रामलाई वनवासको सजाय र भरतलाई राज्यको उत्तराधिकारी बनाइएका घटनाक्रमहरूलाई ७९ श्लोकको संरचनात्मक आयतनमा सीमित गरिएको छ । दशरथको अकर्मण्य स्थिति देखिन्छ । वर पूर्ण नगर्दा मिथ्यावादी बन्ने र पूर्ण गर्दा रामको उठीबास हुने अवस्थाको उत्कृष्ट काव्यचिन्तन प्रस्तुत गरिएको छ । रामको राज्याभिषेकको तयारी हुँदै गर्दा कैकेयीका माइती पक्षलाई नबोलाउनु दशरथको अज्ञानताभन्दा नियोजित षडयन्त्र हो भन्ने मनसाय व्यक्त भएको छ । राजाको वचन र मन रोएको छ । शरीर कम्पायमान् भएको छ । एउटाको प्रसन्नता र अर्काको रोदनका बीच करूणा र त्रासका विपरीत भावनाबाट यो अध्याय समाप्त भएको छ ।

## १०. राम वन प्रस्थान

यस खण्डमा पनि ७९ श्लोकको आयतन विद्यमान छ । एकातिर सम्पूर्ण राज्याभिषेकको तयारी र अर्कातिर राम, भाइ लक्ष्मण र धर्मपत्नी सीताका साथ वनवास जानुपर्ने परस्पर विपरीत मनोभावनाको रोमाञ्चक अनुभूतिलाई कविले उच्चतम कलात्मक सौन्दर्यका साथ प्रस्तुत गरेका छन् । वनवासमा आत्तिने र राज्याभिषेक हुँदा मात्तिने स्थिति राममा नभएको घटनाक्रमले सुख आउँदा मात्तिने र दुःख पर्दा आत्तिने वर्तमान मानव समाजलाई धैर्यको पाठ पढ्ने राम्रो सन्देश दिएको छ । योग्य छोराका अगाडि आफू नालायक पिता बन्नु परेको आत्मग्लानि पनि यसमा छ । पितृआज्ञालाई शिरोधार्य गर्ने रामको अविचलित निर्णय

पितृभक्तिको नमूना बन्न पुगेको छ । प्रारम्भमा राममात्र जान चाहदा सीता र लक्ष्मण पनि सँगै जाने दृढता देखाएको कारण ३ जना वनवास प्रस्थान गर्दाका पारिवारिक दु:खदायी घटना पनि यसमा आएका छन् । आफ्ना छोरा बुहारीको वनवासको घडीलाई स्तब्ध भई हेरिरहेका कौशल्या र सुमित्राको अश्रुपूर्ण स्थिति अत्यन्त मर्मस्पर्शी बन्न गएको छ । राजा दशरथ आफूले रामलाई दिएको सजायबाट मूर्छित हुनु र रामले बिउँझाउनुबाट बैगुनीलाई गुनले उपचार गर्नुपर्दछ भन्ने सन्देश पनि यसमा छ । वनवास यात्रा कष्टपूर्ण नहोस् भन्ने कामनाको पितामाताबाट आशीर्वचन लिई प्रस्थान गरेसम्मका घटनाचक्रको संवेदनापूर्ण प्रस्तुतिबाट यस अध्यायको समापन भएको छ ।

## ११. राजाको देहत्याग

राजाको देहत्याग शीर्षकमा ६९ श्लोक छन् । रामलाई वनवास पठाएको पीडाका कारण दशरथको मृत्यु हुनु र कैकेयीका मनमा जे जस्तो मनोभावना द्वन्द्वात्मक रूपमा विकसित भएका छन् त्यसको जीवन्त र ज्वलन्त चित्रण यसमा छ । राजाको कैकेयीका प्रतिको धिक्कारबोध जीजिविषाको अर्थहीनता, आफ्नो मृत्युबोध, निर्दोष रामलाई वनवास पठाउँदाको कैकेयीप्रतिको आक्रोस, श्रवणकुमारको मातापिता मारिएको अपराधबोधबाट आफूलाई पुत्रशोक पर्न गएको पीडाबोध, राजाको मृत्युको सूचना सार्वजनिकीकरण हुनु, सम्पूर्ण नागरिकहरूको करूणा र रोदन, कैकेयी आफू खिन्न भए पनि भरतको राज्याभिषेकका लागि गरिएको षडयन्त्रमा हर्षातिरेको आतुरता, पुत्रशोकको असह्य पीडाबाट दशरथको मृत्यु भएको निश्चिततामा यो खण्ड सिद्धिएको छ ।

## १२. भरत आगमन

भरत आगमन शीर्षकमा ७७ श्लोक छन् । मावलीबाट घरमा आएपछि दरबारमा जे जस्ता घटना घटे त्यसबाट पीडित भरतको क्रोध र आक्रोससँग सम्बन्धित घटनाक्रमहरूलाई आधार बनाइएको छ । भरतले आफ्नी आमालाई भन्न मिल्ने र गर्न मिल्नेसम्मको तिरस्कारपूर्ण अभिव्यक्ति र कैकेयीको मानसिक विक्षिप्तताको काव्यात्मक अभिव्यञ्जनालाई उत्कृष्ट काव्य चेतनाका साथ प्रस्तुत गरिएको छ ।

## १३. भरतको राज्य व्यामोह

यसभित्र पनि ७७ श्लोककै संख्यात्मक आयतन विद्यमान छ । आफूमा राज्यकाप्रति विकर्षण बढ्दै गएको र रामलाई वनवासबाट फिर्ता गराएर राज्यको उत्तराधिकारी बनाउने भरतको प्रतिबद्धताप्रति कैकेयीबाट जे जस्ता प्रतिक्रिया उत्पन्न भएका छन् ती घटनाक्रमको वर्णन र विवरण त छ नै साथसाथै आफ्ना पिता दशरथको मृत्युभन्दा पनि विनाकारण रामलाई वनवास पठाइएको घटनाका

प्रति भरतको आक्रोस व्यक्त भएको छ । पिताको मृत्युभन्दा रामको वनवासले भरत अत्यन्त दु:खित, पीडित र उद्वेलित एवं व्यथित बन्न पुगेका छन् । उपर्युक्त तथ्य वृत्तान्तलाई कविको सुन्दर लेखनीद्वारा प्रकृति चित्रणका साथ उच्च स्तरीय आलङ्कारिक विम्ब प्रतीकको सुन्दर समायोजन भएको छ । पीडादायक दरबारिया परिवेश, राज्यको सम्पूर्ण उत्तरदायित्व राममा समर्पण गर्ने भरतको आस्था, निष्ठा र प्रतिबद्धता, पुत्रमोहबाट विचलित हुन पुगेकी कैकेयीको मनोगत द्वन्द्व, रामलाई राज्य सुम्पने अभिमतका साथै भरतको दण्डकारण्य यात्रा प्रस्थानसम्मका घटनाक्रमहरू यसमा व्यक्त भएका छन् ।

## १४. भरत राम मिलन

यस खण्डभित्र मुख्य रूपले तीनवटा घटना प्रबल बनेका छन् । भरतको रामलाई अयोध्याको राजा बनाउने दृढता, राम खोज्नका लागि योगीकै रूपमा जङ्गल प्रस्थान, राम र भरतका बीच आत्मीय मिलन, कैकेयीको मनोद्वन्द्व मिश्रित प्रतिक्रियाजन्य घटनाक्रमहरू यस खण्डमा आएका छन् । भारद्वाज आश्रम, चित्रकूट पहाड, उन्मुक्त, स्वच्छ र आनन्दमय प्रकृति चित्रण, जीवजन्तु, जलवायु, फूल, लतावृक्ष, सूर्यचन्द्र आदि प्राकृतिक परिवेशको विविधतामय चित्रण छ । राम र सीताको तपस्वीपूर्ण जीवनलाई वशिष्ठ गुरुको साथमा साक्षात्कार गराइएको दृश्य चित्र यसमा छ । दुबै भाइका बीच अश्रुपूर्ण रोदनका साथ भएका घटनाक्रमले समग्र मानव सभ्यतालाई दाजुभाइको सम्बन्ध कस्तो हुन्छ र हुनुपर्दछ भन्ने सन्देश दिने क्रममा यो दृश्य चित्र अत्यन्तै भावुक, करूणामिश्रित र हार्दिकतापूर्ण भएको आफैमा एउटा नमूना बन्न गरेको छ ।

## १५. रामको दृढता

यस खण्डमा पनि ७३ श्लोक रहेका छन् । यस खण्डमा कवि विनोदीको उच्चतम काव्यसौन्दर्य मुखरित भएको छ । भरतले रामलाई अयोध्या फर्किन आग्रह गर्नु, पितृ आज्ञाबाट पटक्कै विचलित नहुने रामको प्रतिबद्धता रहनु, आफ्नो प्रयास अर्थहीन भएकोले भरत दु:खित भई निराशावादी बन्दै जानु, आफूले गरेका कुकर्महरूबाट अपराधबोध भई कैकेयी मानसिक रूपमा विचलित जस्तो देखिनु यस खण्डका मुख्य समस्या हुन् । सबै पात्रको हक र प्रतिबद्धतामा आधारित खण्डका रूपमा यसलाई लिन सकिन्छ । एक अर्कोलाई भन्न मिल्ने आराधनासम्म गरेका भरतका प्रयास, भरतलाई भ्रातृत्वपूर्ण स्नेह प्रकट गर्ने रामको अनुकरणीय व्यवहार, कुटिलता र कपटपूर्ण व्यवहारले गर्दा आत्मग्लानिले सताइएकी कैकेयी इत्यादि पात्रहरूको अडान र सोंचका बीच यस खण्डको अन्त्य भएको छ ।

## १६. भरतद्वारा प्रतिनिधित्व

यस खण्डभित्र पनि ६९ श्लोक रहेका छन् । यसमा राम र भरतको पारस्परिक आत्मीयताको व्यवहार, जसरी पनि मलाई अयोध्या लैजाने भरतको इच्छाशक्ति र त्यसको लागि राम समक्ष कुनै पनि मूल्यको बलिदान दिन तयार भरत, राम नफर्किने निश्चयपश्चात् रामबाट पादुकादान लिएर त्यसकै प्रतिनिधि भई राज्यको सञ्चालन गर्ने उत्तरदायित्व स्वीकारेपछि दण्डकारण्यबाट अयोध्या आएको सन्दर्भमा सुन्दर तथा लालित्यमय पंक्तिहरू यसमा विद्यमान छन् । भरत रामको मिलन र विछोडले वर्तमान मानव समाजमा दाजु र भाइको बीचको सम्बन्ध कस्तो हुनुपर्दछ भन्ने नमूनामय सन्देश विद्यमान छ ।

## १७. कैकेयीको पश्चात्ताप

यसभित्र पनि ६७ श्लोकको आयतन छ । पुत्रमोहको कारण कथित आकर्षण विकर्षणमा रूपान्तरण भएपछि मानसिक विचलनको स्थिति विकसित भएको छ । आफूले गरेका कर्मप्रति पनि आत्मग्लानि र पश्चात्तापको आगेमा पिल्सिनु पर्ने उसको नियति रहेको छ ।

## १८. ऋतुपरिवर्तन

यस महाकाव्यको सबैभन्दा लामो खण्ड हो यो । यसमा १०१ श्लोक छन् । चौध वर्षसम्मको समयमा घटेका वनवासका पीडादायी क्षण, प्राकृतिक परिवेशको विविधता, आफूले गरेका कुकृत्यबाट हदैसम्मको पश्चात्तापयुक्त पीडा, अनेकौं विम्ब, मिथक, सामाजिक व्यथा, कथाका दृष्टान्तहरू उदाहरणका रूपमा आएका छन् ।

## १९. राम प्रत्यागमन

यस शीर्षकमा ६३ श्लोक छन् । वनवासको तपस्यापूर्ण गरी अयोध्या आगमनमा रामको चरित्र विद्यमान छ । राम कहिले आइपुग्लान् र उनीसँग भेट भएर जतिसक्यो चाँडो क्षमा माग्ने चन्चलतायुक्त मनोदशाका तरङ्ग र तरेलीहरू यसमा आएका छन् ।

## २०. क्षमा याचना

यसभित्र ७७ श्लोक छन् । कैकेयीले रामसँग साक्षात्कार गरेपछि आफ्ना गल्ती कमजोरी र अपराधजन्य प्रकृतिको अन्त्यका निमित्त भन्न मिल्ने र गर्न सक्ने विचार तथा भावना, क्षमाशीलतापूर्ण अभिव्यक्तिको भण्डारका रूपमा यसलाई लिन सकिन्छ । उपमा, यमकलगायत असंख्य दृष्टान्तद्वारा काव्यको समापन भएको छ । कविका काव्यशिल्पयुक्त कविताका नमूना यसमा देख्न सकिन्छ ।

## २१. उपसंहार

यस काव्यको समापनजन्य खण्ड रहेको यो अध्याय आफैमा एउटा नमूना हो । महाकाव्यभित्रका पूर्ववर्ती अध्यायहरूको निष्कर्षका रूपमा यसलाई लिन सकिन्छ । यसभित्र ७९ श्लोकसंख्याको संरचनात्मक आयतन छ । पुत्रवात्सल्यता, मातृवात्सल्यताका साथै भ्रातृवात्सल्यताका अनुपम उदाहरण मानिने काव्यका पंक्तिले यो काव्य सुशोभित भएको छ । अन्त्यमा कविको भूमिकाले महाकाव्यको रचनागर्भको प्रतिनिधित्व गरेको छ ।

विनोदीको विनोदप्रियता महाकाव्यभरि नै खरो उत्रिएको घटनाको प्रबलता ३० प्रतिशत छ भने ७० प्रतिशत कविताको स्वच्छन्द प्रवाह छ । म आफूले यति रुचि र धैर्यपूर्वक नेपाली साहित्यका कुनै पनि महाकाव्य पढेको थिइन । कविता जति पढ्यो त्यति पढुँ पढुँ लाग्दछ । यही नै विनोदीको पहिचान हो । गद्याख्यानको युगमा पनि कविताख्यानको सफलता चुम्नु उनको महत्त्वपूर्ण उपलब्धि मानिएको छ । उनको काव्ययात्रमा नारीवादी चिन्तन प्रबल छ । अब पौराणिक पात्र मात्र होइन, नेपाली जातिको नारीत्वमा केन्द्रित भई महाकाव्यीय मूल्य र सिद्धान्तले पूर्ण महाकाव्य लेखनमा उनको लेखनी अझ सशक्त र जीवन्त बन्न सकोस् । नेपाली वीराङ्गनासँग सम्बन्धित महाकाव्य (योगमाया न्यौपाने) लेख्न सकियो भने त्यो कालजयी कृति बन्न सक्नेछ भन्ने अभिमत राख्दै लेखकको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु ।

ooo


**बाढी, पहिरो र आगलागी जस्ता विपद्हरू आउनुभन्दा पूर्व सावधानी अपनाउन र विपद् परिसकेपछि तत्काल उद्धार कार्यमा सक्रियतापूर्वक सहयोग गर्न रेडक्रसका सम्पूर्ण स्वयम्सेवकहरूलाई हामी हार्दिक अनुरोध गर्दछौं ।**

**नेपाल रेडक्रस सोसाइटी**

जिल्ला शाखा परिवार

तम्घास, गुल्मी

# हाडहाडे/विष्णुपुर/न्युन्न्यर्क

✍ **डा. टेकराज पन्थी**
**पूर्व महानिर्देश**
**नेपाल सरकार स्वास्थ्य सेवा आयुर्वेद विभाग**

हाडहाडे ग्रामवासी सबैले आफ्नो गाउँको नामकरण सम्बन्धमा यथोचित विचार गर्नका लागि मेरा केही सुझावहरू यहाँ प्रस्तुत गरेको छु । धुर्कोट गाउँपालिका-३, हाडहाडे बर्दवासमा मेरो जन्म भएको हो । मलाई जन्मभूमि अति प्रिय भए पनि 'हाडहाडे' शब्द कस्तो कस्तो अप्रिय जस्तो लाग्छ । शब्द नै ज्ञानको मूल आधार हो र शब्दविना कुनै ज्ञान सम्भव नै छैन । योग्य शब्दको उपयोग व्यक्ति र त्यो ठाउँको परिचयाक हुन्छ परन्तु 'हाडहाडे' शब्दले हामी र हाम्रो जन्मभूमिलाई आदिमानव कालको बोध गराउँछ । हाल हामी त्यो अवस्थामा छैनौं । यस विषयमा धेरै विलम्ब भए पनि अब सोच्नु बाध्यता भएको छ । किनभने हाम्रै आसपासका इलाका तथा जिल्लाहरूमा यस विषयमा धेरै अगाडि बढिसकेका छन् । अमंगल, अर्थहीन र अप्रिय शब्दलाई बदल्ने भावना प्रकट हुनु पनि जनचेतना विकास र सभ्यतामा अगाडि बढ्नुको द्योतक हो ।

जस्तै : प्राचीन रतनमारे हाल रतनपुर भएको छ भने अर्घाखाँचीकै 'सुंगुरखाल' बदलिएर सुवर्णखाल, मर्भुङको मालिका गाउँपालिका, रूपन्देहीको तिनाउखोलाको नाम बदली गरी तिलोत्तमा नगरपालिका, कपिलवस्तु गोरूसिंगेको नाम परिवर्तन गरी बुद्धभूमि नगरपालिका आदि यस्ता धेरै उदाहरणहरू हाम्रा सामु छन् । यदि जस्ताको तस्तै राख्ने परिवर्तन नगर्ने हो भने त हामी पहिले गोरेटोबाटो डोको बोकेर हिंड्थ्यौं । टाढाबाट पानी बोकेर खाने, कुटो कोदालो ढिकी जाँतोहरू गर्थ्यौं । आज हामी कलकारखाना चलाउने, व्यापार गर्ने, धाराको पानीबाट बाथरूममा नुहाउने, मोटरसाइकल, बस, एरोप्लेनमा चढी गन्तव्यमा समयमै पुग्छौं । त्यसकारण समयसापेक्ष परिवर्तन हुनु प्रकृतिको नियम हो र हामी त्यसलाई अंगाल्नुपर्छ । त्यस विषयमा आग्रही हुनुहुँदैन, अर्थात् ढिपी गर्नु विकासमा बाधा पार्नु हो ।

यस विषयमा पहिले पनि केही न केही विमर्श भएको मेरो जानकारीमा छ । पृथ्वीनारायण शाहले २२ से २४ से राज्यमा विभाजित नेपाललाई एक सुन्दर विशाल नेपाल बनाए जस्तै स्व. जीतबहादुर श्रीसले कुनै परिचय नभएको हाम्रा गाउँ निन्युखर्क, बर्दवास, गल्दा, सोमरभोमर जस्ता अनेक गाउँलाई एकीकृत गरी एक पञ्चायत बनाउनुभएको हो । उहाँले यसको सुन्दर नाम "विष्णुपुर" बनाएको म सानो छदा सुनेको थिएँ । त्यो नै पछि हाडहाडे र हाल धुर्कोट गाउँपालिकाको एक अखण्ड विभाग बन्न गएको छ ।

मेरो पूजनीय दाजु प्रा. पुरुषोत्तम पन्थीले पनि धेरै वर्षअघि यस विषयमा कुरा कोट्याउनुहुन्थ्यो र धेरै अनुसन्धान गरी संस्कृत भाषामा एक लेख लेख्नुभएको छ । उहाँको आफ्नै मौलिक ग्रन्थ "सूक्ति संकलिका (An epigrammatic collection) नामको ग्रन्थमा यस हाडहाडे शब्दको व्युत्पत्ति गरी हार्दहार्दे व्याकरणसंगत बनाउँदै यसरी लेख्नुहुन्छ -

**इत्थं व्युत्पद्यते संज्ञा हृदोऽयम् हार्दउच्यते हार्दामिदमियं हार्दी शिष्यते हार्दमेकतः ।**
**अपभ्रंशादशकतेर्वा उच्चारण समस्याय ब्रुवन्ति हृदयस्यार्थ 'हाडहाडे' प्राकृताः जनाः॥**

***-सूक्ति, संकलिका ३२***

अगाडि व्याख्या गर्दै उहाँ लेख्नुहुन्छ :- यद्यपि हाडहाडे आधिकारिकम् नाम प्रयुज्यतेतमाम् तथाप्यस्थि निर्दिशतीतीदं नामः साम्प्रतम् न शोभते । अत्र निवसताम् जनानामभिजनानञ्च साहित्ये सभ्यतायाञ्च पश्चाद् वर्तित्वं ज्ञापयतीति परिवृत्सामपेक्षते । मूलमधिष्ठायार्थस्याग्रहे मनोग्राम इति भवितुमर्हति वा मुख्यानां चतुर्णाम् ग्रामाणाम् सङ्घ इति तेभ्य एकैकमक्षरमादाय स्वनिवर्ग इत्यप्यभिधा कर्तुम् शक्यते किञ्चास्य केन्द्रे न्युन्यर्कः न्यूयोर्क इव लगतीति न्युन्यर्कः अपि कर्तुम् शक्यते ।

The name Had hade for this village committee however is official and prevalent though; having been meant bone is undesirable and implies that the residents and the native people of these villages are backward in literature and civilization; is therefore likely to be changed to "Mano gram". If insisted on the original meaning lovely/loving village, this village committee has been made as a union of main four villages & Sor bhor Nyunnyark, Varadvas as well Galda then is to become "Swonivarg" taking letters from each village, as well as Nyunnyark being centre is more likeable because it sounds like New York.

उहाँले अगाडि लेख्नुहुन्छ "न्युन्यर्क शब्द इत्थं व्युत्पद्यते निश्चयनोन्नयतीति न्युन्नीः न्युन्नीश्चासावर्कश्च न्युन्यर्क; यथा सूर्यस्तमोऽपहृत्य लोकमुन्नयति तथैव तत्र रचितः सङ्घो ग्रामाद् दूरीतीरपहृत्य ग्राममुन्नतिपथं प्रापयेत्, अत्रत्यो ग्रामणीः समस्तमुत्तरदायित्वं निर्वोढुंशनुयादिति निरूक्तिरियम् समीची ।"

Nyunnyark, this word is derived according to grammar ni certainly unnayati makes sth/sb risen is said nyunnee, ark means sun as the sun makes the world risen and got busy with their activities like that the union of villages removing undesirable elements from the union will make all areas

developed and the leader of the committee will be able to take through responsibilities so this derivation seems much more appropriate.

अर्थात् सरल नेपालीमा हृदयको यो हार्द (पु.) हृदयकी यी हार्दी (स्त्रीलिङ्ग) हृदयको यो हार्दम भनिन्छ (नपुंसकलिङ्ग) हार्दश्च हार्दीश्च हार्दच यसरी द्वन्द्व समास हुँदा हार्द उच्चारण हुँदा यसैको सप्तमी विभक्तिमा हार्दे हुन्छ, यसरी हार्द हार्दे शब्दको अर्थ "प्यारोमा प्यारो" भन्ने हुन्छ ।

यो अर्थलाई व्याकरण ज्ञान नहुँदा अथवा उच्चारण गर्न कठिनाइ हुने हुँदा आम जनताले हाडहाडे भन्ने गर्छन् । मौलिक अर्थमा यति राम्रो अर्थ भए तापनि गा.वि.स.को लागि आधिकारिक रूपमा "हाडहाडे" बोलिने सो शब्दले उपर्युक्त (प्यारोमा प्यारो) भन्ने अर्थ बुझाउन सक्दैन । कथित "हाडहाडे" शब्दले हाड (अस्थिपञ्जर) जस्तो अव्यावहारिक र अभद्र अर्थ बुझाउँछ । यसकारण यो शब्द प्रयोग गर्न सुहाउँदैन र यहाँ बस्ने व्यक्ति अथवा यहाँ जन्म भै अन्यत्र गएका हामी सबै शिक्षित व्यक्तिहरू साहित्य र सभ्यतामा पछाडि परेको भन्ने अर्थ बुझाउने हुँदा परिवर्तन चाहिएको छ । हाडहाडेले मूल आफ्नो अर्थ खोजेको छ । यदि त्यही अर्थ राख्ने हो भने यसको नाम मनोग्राम हुनुपर्छ । यो ग्राम समिति मुख्य ४ ग्राम १ बर्दवास २ निन्युखर्क ३ स्वर्भ्रमर र ४ गल्दा मिलेर बनेको छ । प्रत्येक गाउँबाट एक एक अक्षर लिएर "स्वनिवर्ग" पनि बनाउन सकिन्छ ।

## किन न्युन्यर्क ?

न्युन्यर्क शब्द आधुनिक युगको अतिशय विकसित US को न्यूयोर्क सिटी जस्तो सुनिन्छ । यस अर्थमा "न्युन्यर्क" शब्द अरूभन्दा अधिक उपयुक्त हुन्छ । न्युन्यर्क शब्दको अर्थ यसप्रकार छ, निः अर्थात् निश्चय नै उन्नतिमा लैजान्छ त्यसलाई "उन्नी" भनिन्छ । अर्क भन्नाले सूर्य बुझिन्छ ।

"न्युन्निष्चासौ अर्क न्युन्यर्क" यसरी कर्मधारय समास हुँदा निश्चय नै उन्नति गराउने सूर्य भन्ने अर्थ लाग्छ । जस्तै सूर्यले अन्धकार हटाएर समग्र जनतालाई आ-आफ्नो काममा लगाउँछ । त्यस्तै यी चार गाउँको संघको नेता गाउँबाट गरिबी, अशिक्षा हटाएर ग्रामीण जनसमुदायलाई विकासतर्फ प्रेरित गर्ने क्षमतावान् बनाउने अर्थ न्युन्यर्क शब्दले बुझाउँछ ।

अतः हामी गाउँका बुद्धिजीवी शिक्षित वर्ग आधुनिक युगको विकास मार्गमा अग्रसर हुने क्रममा पछौटेपन र असभ्यता जनाउने "हाडहाडे" शब्दलाई यथाशीघ्र हटाऔं । यही मेरो विनम्र अनुरोध छ ।

ooo

# नवज्योति सामुदायिक पुस्तकालय, प्यूठान

प्यूठान जिल्लामा नवज्योति सामुदायिक पुस्तकालयको स्थापना २०७२ सालमा भएको थियो । प्यूठान नगरपालिका वडा नं. ७ पुण्यखोलामा यो पुस्तकालय रहेको छ । यसको सम्पर्क नं. ९८६९९८५१२४ रहेको छ । यस पुस्तकालयका अध्यक्ष गेहराज थापा हुनुहुन्छ । अन्य पदाधिकारीहरूमा दुर्गाबहादुर कुँवर उपाध्यक्ष, टोपाराम आचार्य सचिव, देवेन्द्रकुमार रिजाल सह-सचिव, जानका के.सी. कोषाध्यक्ष हुनुहुन्छ । पुस्तकालयका अन्य सदस्यहरूमा इन्द्रमणि पोखरेल, कमल पोखरेल, धनेश्वर पोखरेल, राजकुमारी कुँवर, माया नेपाली, शोभा श्रेष्ठ, उमाराम पौडेल, गुमानराज पुलामी र पूर्णचन्द्र सुवेदी हुनुहुन्छ ।

यस पुस्तकालयको मुख्य उद्देश्य निम्नअनुसार रहेको छ :-

१. यो संस्था विशुद्ध सेवामूलक, मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

२. यसले विभिन्न उमेर समूह, वर्ग, जाति, तह र क्षेत्रका सबै सेवाग्राही जनसमुदायहरूसँग सद्भाव राखी हार्दिक एवं मैत्रीपूर्ण व्यवहार गर्नेछ ।

३. जनसमुदायलाई अध्ययनमा अभिरुचि सिर्जना गरी पुस्तकालय सेवा उपलब्ध गराउनेछ ।

४. पुस्तकालयको माध्यमबाट जनसमुदायमा ज्ञान, गुण र सीपको स्तरोन्नति गर्नमा उल्लेख्य सहयोग पुऱ्याउनेछ ।

५. छरिएर रहेका बौद्धिक, शैक्षिक र सांस्कृतिक सम्पदाहरूको संग्रह गरी संरक्षण गर्नेछ ।

६. शैक्षिक खोज तथा अनुसन्धानसम्बन्धी कार्यलाई महत्त्व दिनेछ ।

७. राष्ट्रिय र अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी निकायहरूसँग सुसम्बन्ध र सम्पर्क स्थापित गरी सूचना र विचारहरूको संरक्षण गर्नेछ ।

८. औपचारिक अनौपचारिक शिक्षा प्राप्त गर्न सहयोग पुऱ्याउनेछ ।

९. सुसूचित, शिक्षित र सभ्य समाज निर्माणमा योगदान पुऱ्याउनेछ ।

१०. राष्ट्र, राष्ट्रियता र विश्ववन्धुत्वको भावनाको सञ्चार, सम्भार र संवर्धन हुने गरी आफ्ना कार्यहरू सञ्चालन गर्नेछ ।

यस नवज्योति सामुदायिक पुस्तकालयको कार्यक्षेत्र प्यूठान जिल्लाअन्तर्गतका नगरपालिका र गाउँपालिकाहरू हुनेछन् । आवश्यकतानुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृतिमा नेपालभित्र कार्यक्षेत्र विस्तार गरिनेछ ।

किशोरकिशोरी, युवा, प्रौढ सबैलाई यस पुस्तकालयले लक्षित समूह निर्धारण गरेको छ । अन्तर्क्रिया, गोष्ठी आदिको आयोजना गरी पठन संस्कृतिको विकासमा सुधार गर्ने यसको प्रयास छ । सदस्यता शुल्क, अनुदान आदि यसका आम्दानीका स्रोतहरू हुन् । ३ वर्षअघि मात्र यसको स्थापना भएको हुनाले आगामी दिनहरूमा यस पुस्तकालयका गतिविधिहरूमा क्रमशः प्रगति हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

***- भारद्वाज***

०००


# हार्दिक शुभकामना !

**विगत ४६ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आइरहेको 'हाम्रो पुरुषार्थ' त्रैमासिक पत्रिकाले एउटा जीवन्त इतिहास कायम गरेको छ । भविष्यमा पनि यस पत्रिकाले निरन्तरता कायम गरी अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना !**

# रेसुङ्गा बहुमुखी क्याम्पस परिवार

रेसुङ्गा नगरपालिका–१, तम्घास, गुल्मी

फोन : ०७९–५२०१४५

# किरण पुस्तकालयका प्रकाशनलाई विश्वव्यापी बनाउने प्रयास

सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा विश्वमा भएको अभूतपूर्व विकासले नेपाल पनि विश्वग्रामसँग जोडिएको छ । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् नेपालको पत्रकारिता क्षेत्रमा चमत्कारपूर्ण विकास भएको छ । वाक् तथा प्रकाशन स्वतन्त्रताको उपभोग गरेर नेपाली पत्रकारिताको क्षेत्र ज्यादै व्यापक र विशाल बन्न पुगेको छ ।

विकासका विभिन्न क्षेत्रमा ज्यादै पछाडि रहेको नेपाल आज सूचना र सञ्चारको क्षेत्रमा अगाडि आएको छ । नेपालका शहर र नगरहरू मात्र होइन विकट गाउँहरू पनि सञ्चारको सुविधाबाट लाभान्वित भएका छन् । ज्यादै दुर्गम र विकट क्षेत्रका गाउँ बस्तीहरूमा पनि टेलिफोन, मोवाइल, इमेल, इन्टरनेटको सुविधा पुगेको छ । यस सुविधाबाट अब हाम्रो गुल्मी जिल्ला पनि लाभान्वित भएको छ । यसको उपभोग किरण पुस्तकालयले पनि गर्न पाएको छ ।

किरण पुस्तकालयको फोन नं. +९७७-७९-५२०२८७ हो । पुस्तकालय खुलेको समयमा संसारको जुनसुकै कुनाबाट फोन गरे पनि पुस्तकालयसँग सम्पर्क हुन सक्छ । पुस्तकालयमा कुनै सन्देश या सूचना, लेख-रचना पठाउन चाहने जोसुकैले पनि पुस्तकालयको इमेल ठेगाना hamropurushartha@gmail.com मा इन्टरनेटको माध्यमद्वारा लिखित सामग्री जुनसुकै बेला पठाउन सक्नेछ ।


किरण पुस्तकालयको स्वर्णजयन्ती वर्ष २०७५ को शुभ अवसर पारेर अमेरिकाको क्यालिफोर्निया राज्य निवासी इला पन्थी र महेश आचार्यको सौजन्यबाट किरण पुस्तकालयको वेभसाइट पनि निर्माण गरिएको छ । वेभसाइटको माध्यमद्वारा किरण पुस्तकालयका प्रकाशनलाई विश्वव्यापी बनाउने हाम्रो प्रयास छ । उक्त वेभसाइट खोलेर इमेल इन्टरनेटको सुविधा भएको विश्वको जुनसुकै ठाउँबाट जोसुकै व्यक्तिले निःशुल्क रूपमा अब उप्रान्तका किरण पुस्तकालयका प्रकाशनहरू र यस पुस्तकालयका गतिविधिहरूको अध्ययन, अवलोकन गर्न सक्नेछ । त्यसका लागि किरण पुस्तकालयको वेभसाइट यस प्रकार रहेको छ :- www.kiranpustakalaya.com

यस पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' पनि उक्त वेभसाइटमा हेर्न सकिनेछ । हाम्रो पुरुषार्थका पाठकहरू, आजीवन तथा स्थायी ग्राहकहरूले पनि उक्त वेभसाइटको उपयोग गर्न सक्नेछन् । कुनै कारणले ग्राहकको हातमा 'हाम्रो पुरुषार्थ' पुग्न सकेन भने पनि पुस्तकालयको वेभसाइट खोलेर हेरी लाभ उठाउन हामी हार्दिक अनुरोध गर्दछौं ।

***– सचिव***

# नौलो सृष्टि : सानो दृष्टि

## १. काव्यमालिका





संस्कृत भाषा र साहित्यका मूर्धन्य विद्वान् डा. लक्ष्मीकान्त पन्थीको आठौं कृति काव्यमालिका २०७५ किरण पुस्तकालयको चौधौं पुष्पका रूपमा फक्रिएको छ । वि.सं. २०४१ सालमा नेपाली 'साहित्यको विकासमा गोरखापत्रको योगदान' नामक कृतिद्वारा सार्वजनिक हुनुभएका डा. पन्थीले सजिलो कुण्डलीफल, ऋतुविचार काव्य संस्कृतानुवाद, प्राकृत पोखरा काव्य संस्कृतानुवाद हठयोग प्रदीपिका नेपाली अनुवाद, सांख्ययोग दर्शन नेपाली व्याख्या, चाणक्यनीतिदर्पण - नेपाली अनुवाद प्रकाशित गरिसक्नुभएको छ । संस्कृत भाषाको खडेरी परेको समयमा यस्तो उत्कृष्ट कृति रचना गरेर डा. पन्थीले संस्कृत भाषा ज्ञान-विज्ञानको अजस्र स्रोत भएको तथ्य प्रस्तुत गर्नुभएको छ ।

काव्यमालिकाभित्र चतुर्थोन्मेषःसम्म तीन हजारभन्दा बढी श्लोकहरू संरचित छन् । प्रथमोन्मेषःमा जीवन दर्शनम् मूल शीर्षकअन्तर्गत २३ भिन्न शीर्षकहरूमा २००० भन्दा बढी श्लोकहरू रचना गरिएको छ । यस खण्डमा मूलतः भगवद् स्तुति एवं अन्य माता, पिता, नारी, पितृलगायतका देवस्वरूपको प्रशस्ति उल्लेख छ । द्वितीयोन्मेषःअन्तर्गत विभिन्न विषय सन्दर्भका ६५ भिन्न शीर्षकअन्तर्गत शिष्टाचार, साहित्य, धर्म, शिक्षा, सुख-दुःखका कारक तत्त्व, पाप, सद्गति, क्षमतालगायतका विषय सन्दर्भमा सारगर्भित विचारहरू प्रस्तुत भएका छन् । तृतीयोन्मेषःअन्तर्गत ज्योतिशास्त्रको समीपका विषय सन्दर्भका साथै नेपाली र संस्कृत भाषा साहित्यका मनीषिहरू लेखनाथ, मुकुन्दशरण, पुरुषोत्तम, खेमराज, टीकारामलगायतका प्राज्ञहरूको शब्दचित्र उतारिएको छ । यस खण्डमा 'वैयाकरणस्वरूपम्' शीर्षकमा सर्वाधिक १०८ श्लोकहरू छन् । यसै खण्डमा जगदम्बिका तथा जगदीश्वर वैभवका कथासार प्रस्तुत भएका छन् । यसभित्र ९३

भिन्न शीर्षकहरू छन् । चतुर्थोन्मेषःमा कविले आफ्नै परिचयका साथै लक्ष्मीवैभवम्, सारस्वतवैभवम्, जगज्जनीवैभवम्, वंशदर्शनम् एवं परिशिष्टसहितका सात शीर्षकहरू छन् । यस परिशिष्ट खण्डमा आफ्ना चार पुत्रीहरूद्वारा वंशका सन्दर्भमा राखिएका जिज्ञासाहरू शान्त पार्दै वंशविस्तारको नालीबेली बताइएको छ ।

समीक्ष्य ग्रन्थमा विद्वान् शेखरनाथ पन्थीको दृष्टिकोण, प्राज्ञ डा. टीकाराम पन्थीको विहङ्गम दृष्टिकोण, डा. जयराज आचार्यको अँग्रेजी भूमिकाले ग्रन्थलाई थप गर्विलो बनाएका छन् । काव्यमालिका संस्कृतका पारखी एवं सिकारू सबैलाई पोषिलो खुराक बनेको छ । डा. लक्ष्मीकान्तको ज्ञानका कुसुमहरू प्रस्तुत काव्यमालिकामा परिश्रमपूर्वक सजाइएका छन् । संस्कृतका पारखी र समग्र संस्कृत साहित्य नै उहाँको यस स्तुत्य कार्यले सदा ऋणी रहनेछ ।


## २. मच्छिन्द्रनाथको सवारी




लामो समयसम्म शिक्षण पेशामा संलग्न रही सेवानिवृत्त हुनु भएका राजेन्द्रकुमार आचार्यले गैरसाहित्यिक र साहित्यिक गरी आधा दर्जन कृतिहरू प्रकाशित गर्नुभएको छ भने अझ प्रकाशनको सूचीमा १० वटा कृतिहरू रहेको देखिन्छ । भाषा/साहित्यका कृतिहरूमध्ये चौथो कृतिका रूपमा 'मच्छिन्द्रनाथको सवारी' २०७५ प्रकाशित भएको छ । नेपालका विभिन्न स्थानमा प्रचलनमा रहेका लोककथा, पुराकथा, सास्तर, किंवदन्ती, अनुश्रुति, जनश्रुति, दन्त्यकथा, परीकथा, कथा कुथुङ्ग्री आदि समेटेर ४० वटा कथाहरूको संग्रह मच्छिन्द्रनाथको सवारी प्रकाशित भएको छ । सङ्कलक राजेन्द्रकुमार आचार्यले चालीस भिन्न स्थानका यावत् विषय सन्दर्भको खोजी गर्न निकै परिश्रम गर्नुभएको छ । समाजमा छरिएर रहेका यस्ता सामग्रीहरूलाई मुठो पारेर पुस्तककार कृतिका रूपमा प्रस्तुत गर्नु दुःसाध्य कार्य हो । यस कार्यलाई उहाँले सहजतापूर्वक सम्पन्न गर्नुभएको छ । नेपाली साहित्यको चर्चित विधा लोककथा र यसका प्रकारान्तरले दिइने नामहरू मौखिक

परम्पराबाट माथि निस्केर जीवित हुने मौका पाएमा भावी पुस्तालाई पनि अमूल्य सम्पत्ति जोडिदिन सकिन्छ । संकलक तथा लेखक आचार्यले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न थातथला चहारेर इतिहास, भूगोल, पुराण, संस्कृति एवं स्थान विशेषका गतिविधिसँगै मनोरञ्जन दिलाउने काम गरेका छन् । स्थानीय बोली, तुक्का, थेगा आदिको माध्यमबाट नेपाली भाषाका विविधताका स्वरूप अध्ययन गर्न पाइन्छ । सामाजिक, सांस्कृतिक एवं मनोवैज्ञानिक पक्षको अध्ययनका लागि समेत प्रस्तुत संग्रह उपयोगी सामग्री बन्न सक्ने अपेक्षा गर्न सकिन्छ । वयले सात दशक पुग्नै आँटेका आचार्यले प्रकाशोन्मुख कृतिको लर्को लामै देखाउनुभएको छ । सक्रिय साधनारत आचार्यका अन्य कृतिले सार्वजनिक हुने अवसर पाऊन् । हार्दिक शुभकामना !


## ३. पृथ्वी आफ्नै अक्षमा घुमिरहेछ




आधुनिक नेपाली कथाको इतिहासमा प्रगतिवादी कथाकारको रूपमा सुपरिचित देविका तिमिल्सिनाद्वारा रचित १७ वटा कथाहरूको संग्रह 'पृथ्वी आफ्नै अक्षमा घुमिरहेछ' २०७४ प्रकाशित भएको छ । कथाकारले आफू बाँचेको युग र त्यसले समाजमा पारेका कैयन खोबिल्टाहरूका यथार्थलाई कथातन्तुको रूपमा उनेर पछिल्ला चरणमा नेपाली समाजले भोगेको एवं सामना गरेको वास्तविकतालाई कलात्मक रूपमा यहाँ प्रस्तुत गर्नुभएको छ । प्रस्तुत संग्रहमा पञ्चायतकालीन राजनीतिका घृणित खेलहरूका साथै १० वर्षे जनयुद्ध ताका सर्वसाधारण जनता एकातिर सरकारी सुरक्षाकर्मी र अर्कोतिर जनसेना दुबैको कापमा परेर कतिपयले अनाहकमा बाध्य भई जीवन बलिदान गर्नुपरेको त कतिपयले शारीरिक र मानसिक यातना भोग्नुपरेका दुःखद यथार्थको चित्रण गरिएको छ । समाजमा विद्यमान बेथिति, विकृति एवं विसङ्गतिहरूलाई कथाहरूमा सजीव रूपमा चित्रण गरिएको छ । अधिकांश शीर्षकहरू प्रतीकात्मक छन् । मूल्यहीन अस्मिता, काशीराम आँसु आदेशभित्रको पीडा, पृथ्वी आफ्नै अक्षमा घुमिरहेछ, नरेश दाइको चस्मालगायतका कथाहरूमा विशेषतः बिग्रँदै गएको नेपाली समाजका विविध पाटाहरू प्रस्तुत भएका छन् । समग्रमा

कथाकारले नेपालको राजनीतिका अनौठा, नमिल्दा घटना सन्दर्भका साथै तीता अनुभूतिहरू समेटेर प्रस्तुत संग्रह तयार पारेका छन् । कथाको माध्यमबाट उत्पीडित, श्रमजीवीवर्गको पीडा अभिव्यक्त भएको छ । यस संग्रहले 'साहित्य समाजको ऐना हो' भन्ने परिभाषालाई प्रमाणित गरेको छ । सिद्धहस्त कथाकारको परिश्रमलाई हार्दिक साधुवाद !

## ४. स्रष्टा सिर्जना : पाल्पा




परेवा पत्रिका पाल्पाले पाल्पाली १८ गजलकारका आठ-आठवटा गजल र तिनीहरूको व्यक्तिगत विवरणसहित **'स्रष्टा सिर्जना : पाल्पा'** (संयुक्त गजल संग्रह) २०७५ प्रकाशित गरेको छ । आदि गजलकार मोतीरामप्रति समर्पित प्रस्तुत संग्रहको सारगर्भित भूमिका वरिष्ठ गजलकार बूँद राना तथा डा. घनश्याम न्यौपानेले प्रस्तुत गर्नुभएको छ । २०७५ सालको कुशे औंसीको शुभ साइतमा प्रकाशित प्रस्तुत संग्रहमा ज्येष्ठता क्रमले पुरुषोत्तम अर्याल, अविराम, सीता बिष्ट कार्की, पुष्कर अथक रेग्मी, विजया पन्त, चन्द्र वैरागी न्यौपाने, जानकी अधिकारी, गणेश नेपाली, कमलबहादुर खत्री, इन्दिरा ज्ञवाली, प्रकाश न्यौपाने, कमल पराजुली, भोजराज भट्टराई, ज्ञानु न्यौपाने, धनु अतीत, श्रवणकुमार राना, सुवास गैरे र सुजाता थापाका गजलहरू रहेका छन् । प्रस्तुत संग्रह १४४ वटा गजलहरूको सुन्दर फूलबारी बन्न पुगेको छ । समाविष्ट गजल र गजलकारहरू उल्लेखनीय छन् । कतै लुकेर रहेका त कतै पत्रपत्रिकामा छरिएका गजल र गजलकारहरूलाई एउटै मुठो बनाउने परेवा पत्रिका र यससँग सम्बद्ध व्यक्तिहरू धन्यवादका पात्र छन् ।

***- अकिञ्चन***

ooo

# किरण पुस्तकालयको आधुनिक भवन बन्ने

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा सञ्चालित किरण पुस्तकालयको अत्याधुनिक भवन निर्माण हुने भएको छ ।



पुस्तकालयको स्वर्ण जयन्तीको अवसर पारेर पुस्तकालय भवनको यही कार्तिक १८ गते संघीय सरकारका श्रम रोगजार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण बिष्टले एक कार्यक्रमका बीच शिलान्यास गरेका छन् ।

उक्त भवनको शिलन्यास कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री बिष्टले आजभन्दा ५० वर्ष पहिले नै पुस्तकालय निर्माणको सोंच आउनु आफैमा अमूल्य सोंच भन्दै बाल्यकालमा आफूले अध्ययन गरेको महेन्द्र माध्यमिक विद्यालय अनि किरण पुस्तकालयमा पत्रिका तथा अध्ययन सामग्रीहरू अध्ययनका लागि पुग्ने गरेको उल्लेख गर्दै किरण पुस्तकालयले सत्मार्गमा हिंड्न बाल्यकालदेखि नै आफूलाई प्रेरित गरेको बताए ।

साथै मन्त्री बिष्टले किरण पुस्तकालयलाई आजको अवस्थासम्म ल्याउन योगदान गर्ने सबैप्रति सम्मान र धन्यवाद व्यक्त गरे । उनले पुस्तकालयले ४५ वर्षभन्दा लामो अवधिदेखि आफ्नो मुखपत्रको रूपमा 'हाम्रो पुरुषार्थ' नामक साहित्यिक पत्रिका निरन्तर प्रकाशित गरेर समग्र नेपाली समाजमा ज्ञानको ज्योति फैलाउने सकारात्मक सोंचका साथ समाजलाई बाटो देखाउने काममा अग्रणी भूमिका निर्वाह गरिरहेको पनि बताए ।

मन्त्री बिष्टले 'सुखी नेपाली समृद्ध नेपाल' बनाउने कल्पना स्वरूप सरकार लागिपरेको बताउँदै गुणस्तरीय र राजेगारमूलक शिक्षामा सबैको पहुँच पुऱ्याउने अभियानमा सरकार रहेको बताए । मन्त्री विष्टले पुस्तकालयले समाजमा असल चेतना फैलाउनुका साथै शिक्षित समाज निर्माणमा पुस्तकालयको महत्त्वपूर्ण

भूमिका रहने भएकोले पुस्तकालयलाई समयानुकूल आधुनिकीकरण र प्रविधियुक्त बनाउँदै लैजानु पर्नेमा जोड दिए ।

उनले 'हामी गरिबी, अभाव र बेरोजगारीमा बाँचिरहेको छौं । हामीले छोटो अवधिमा हाम्रो देशलाई सुखी जनताको समृद्ध नेपाल निर्माण गर्नुपर्नेछ', मन्त्री बिष्टले भने, 'यो काम फेरि पनि जनताको प्रयत्नले मात्र सफल हुनेछ र यसमा पुस्तकालयको पनि अत्यन्त ठूलो भूमिका रहने मैले ठानेको छु ।'

भवन निर्माण सम्पन्न गर्न लाग्ने सम्पूर्ण रकम नेपाल सरकारबाट प्राप्त हुने जानकारी दिंदै मन्त्री बिष्टले भवन निर्माण कार्य सम्पन्न गर्न रकमको अभाव हुन नदिने बताउँदै निर्माण कार्य द्रुत गतिमा अगाडि बढाउन पुस्तकालय व्यवस्थापन समितिलाई आग्रहसमेत गरे ।



कार्यक्रममा स्वागत मन्तव्य राख्दै पुस्तकालयका संस्थापक अध्यक्ष एवं वर्तमान उपाध्यक्ष शशि पन्थीले पुस्तकालयले ५० वर्ष पूरा गरी ५१ औं वर्षमा प्रवेश गरेको यस शुभ घडीमा यस स्वर्णजयन्तीलाई वर्षभरि विभिन्न कार्यक्रमहरू गरेर मनाउँदै आएको र त्यसकै निरन्तरताको रूपमा आज यो विशेष समारोहको आयोजना गरिएको बताए । उनले आजको सूचना र प्रविधिको युगमा पनि अहिलेसम्म यो पुस्तकालय परम्परागत तरिकाले सञ्चालन हुँदै आइरहेकोले यहाँ संकलित पुस्तक, पत्रपत्रिका ५० वर्ष पहिलेदेखि संकलित गरिएकाले तिनको अवस्था अत्यन्त कमजोर रहेको र ती कैयौं महत्त्वपूर्ण पाठ्यसामग्रीको यथाशीघ्र उचित संरक्षण गर्नुपर्ने जरूरी रहेकोमा जोड दिए । साथै उपाध्यक्ष पन्थीले अहिलेको भवन अत्यन्त साघुँरो भएकाले पुस्तकालयले महिला, बालबालिका, शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता आदिलाई लक्षित गरी सेवा दिन नसकिएको जानकारी गराउँदै त्यसका लागि तत्काल पुस्तकालयको नयाँ भवन बनाउनुपर्ने आवश्यकता रहेको र उक्त भवनको निर्माणपश्चात् किरण पुस्तकालय नयाँ युगमा प्रवेश गर्नेसमेत बताए ।

सो अवसरमा उपाध्यक्ष पन्थीले 'पुस्तकालयलको नयाँ भवनका लागि विभिन्न सरोकारवाला निकायसँग अनुरोध गर्ने क्रममा माननीय मन्त्री गोकर्ण बिष्टलाई

पनि अनुरोध गरिएको थियो । हाम्रो अनुरोधलाई स्वीकार गर्दै मन्त्री बिष्टले नयाँ भवनको डिजाइन गरी त्यसको अनुमानित लागत समेत आफूसमक्ष पेश गर्न अनुरोध गरेअनुसार हामीले इञ्जिनियरलाई अनुरोध गऱ्यौं । जसअनुसार इञ्जिनियरले अत्यन्त मिहिनेत गरी यो भवनको डिजाइन गरिदिनुका साथै प्रस्तावित भवन निर्माण सम्पन्न हुँदा त्यसको लागत करिब ४ करोड रूपैयाँ लाग्ने परियोजना प्रस्ताव तयार गरिदिए । हामीले सोही प्रस्ताव लिएर पुनः मन्त्री बिष्टकहाँ पुग्यौं, यो प्रस्ताव हेर्दै मन्त्री बिष्टले तपाईंहरू अब अगाडि बढ्नुहोस्, आवश्यक रकमको व्यवस्था मिलाउँछु भन्ने विश्वास हामीलाई दिलाउनुभयो र आज उहाँकै हौसलामा यो पुस्तकालयको प्रस्तावित नयाँ भवनको शिलन्यासको ऐतिहासिक कार्यक्रममा सहभागी हुने सौभाग्य हामीलाई प्राप्त भएको छ भन्दै नयाँ भवन निर्माण सम्पन्न पश्चात् यो पुस्तकालय अत्याधुनिक, सुविधा सम्पन्न र प्रविधिमैत्री हुनुका साथै ५ नं. प्रदेशको नमूना पुस्तकालयको रूपमा समेत स्थापित हुने अपेक्षा आफूले लिएको बताए ।

कार्यक्रममा गुल्मी जिल्लाबाट संघीय संसद्मा प्रतिनिधित्व गर्ने सांसद मैना भण्डारी, प्रदेश सभा सांसद दिनेश पन्थी, गुल्  मी जिल्ला समन्वय समिति प्रमुख लक्ष्मण पराजुली, नगरपालिका प्रमुख डिल्लीराज भुसाल, प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेल, स्थानीय पत्रकार तथा नागरिक समाजको सहभागिता रहेको थियो । सोही अवसरमा मन्त्री बिष्टले किरण पुस्तकालयले ४५ वर्षमा प्रकाशन गरेका पुस्तक तथा हाम्रो पुरुषार्थ पत्रिकाका सबै अंकको प्रदर्शनीको पनि उद्घाटन गरेका थिए ।




आजभन्दा ५० वर्ष पहिले गाइको गोठमा कोठा बनाएर शुरूमा १३० वटा पुस्तक संकलन गरी वि.सं. २०२५ साल कार्तिक २० गते स्थापना गरिएको यो पुस्तकालय गुल्मी जिल्लाकै पुरानो पुस्तकालय मानिन्छ । यस पुस्तकालयले पाठकहरूलाई पुस्तकालय सेवा प्रदान गर्नुका अतिरिक्त साहित्यकारहरूलाई एकीकृत गर्दै आजभन्दा ४५ वर्ष पहिलेदेखि नै 'हाम्रो पुरुषार्थ' नामक त्रैमासिक साहित्यिक पत्रिकाको प्रकाशन गर्दै आइरहेको छ ।

***– पुस्तकालय आवाज मासिक, मंसिर २०७५***

ooo

# किरण पुस्तकालयको महानता

**सम्पादकज्यू,**
**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

'हाम्रो पुरुषार्थ'को ८० औं अङ्क पढ्ने अवसर मिल्यो । किरण पुस्तकालयले ५० औं वर्ष पूरा गरेर स्वर्णजयन्ती मनाइरहेको अवसरमै स्वर्णवर्ष विशेषाङ्क प्रकाशित गरेको रहेछ । रंगीन कभरमा ५० औं वर्षलाई संकेत गर्दै ५ र ० लाई कलात्मक रूपले प्रस्तुत गरिएको रहेछ जसमा शून्याकारमा पुस्तकालयको भवन देखाइएको छ भने पछाडिको कभरमा अब बन्ने अत्याधुनिक पुस्तकालय भवनको डिजाइनको विभिन्न कोणको तस्वीर रहेछ । त्यो देखेर अत्यन्तै खुशी पनि लाग्यो कि अब तम्घास जस्तो ठाउँमा अत्याधुनिक पुस्तकालयमार्फत देश र दुनियाँ जान्ने अवसर अब सर्वसाधरणको पहुँचमा हुनेछ भनेर ।

पुस्तकालयविद् इन्दिरा दलीको अन्तर्वार्ता छापिएको यस पत्रिकामा जम्माजम्मी कभरबाहेक ४२४ पृष्ठको पुस्तक हातमा लिंदै गर्दा गौरवको अनुभूति भयो । पूर्व मन्त्री, सांसद्देखि लिएर नेपाल सरकारका विभिन्न महत्त्वपूर्ण पदमा रहेका विज्ञ व्यक्तित्वहरूका समेत लेख यसमा छापिएका रहेछन् । हरेक लेखहरू किरण पुस्तकालयसँग सम्बन्धित नै रहेछन् ।

हरेक लेखकका लेखमा सर्सर्ती आँखा लगाउँदा मात्र पनि पुस्तकालयको इतिहास बुझ्न सकियो । पुस्तकालयको देन बुझियो । पुस्तकालयले गरेको संघर्ष थाहा पाइयो । पुस्तकालयको सफलता र भविष्यका कार्यक्रमसमेतको जानकारी पाइयो।

पञ्चायतविरोधी गतिविधि गरी जेल परेर औपचारिक शिक्षाबाट वञ्चित भएका कैदी (राजनीतिज्ञ)हरूलाई पनि जेलमै पुस्तक उपलब्ध गराएको जुन कुरा लेखहरूमा उल्लेख छ त्यसले मलाई पुस्तकालयप्रति निकै सम्मानभाव जागेर आयो । कैदीबन्दीलाई सूचित गर्नेदेखि लिएर कुण्ठित विचारलाई प्रकाशित गरेर र अझ पछाडि परेका वर्गको आवाज बनेर पुस्तकालयले जुन कार्य गर्दै आएको छ, त्यो अत्यन्तै महान् छ । एउटा व्यक्तिले सुरु गरेको पुस्तकालय आज ५० औं वर्ष पूरा गर्दा समग्र जिल्लाको मात्रै नभएर राष्ट्रकै साझा सम्पत्ति भएको छ । आगामी दिनमा पुस्तकालय अझ सुन्दर र प्रभावशाली बनोस् भन्ने हार्दिक शुभकामना छ !

**- विशाल श्रेष्ठ**
**गुल्मीदरबार गा.पा.-५, गुल्मी ।**

–ooo–

**बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, शोषण भएको, जोखिमपूर्ण अवस्थामा रहेको वा बालअधिकारको उल्लङ्घन भएको छ भने बाल हेल्पलाइनको पैसा नलाग्ने फोन नं. १०९८ मा खबर गरौं ।**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
# प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपाल: (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा(२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |

सुशिला प्रिन्टर्स, गुल्मी (५३०४५०)